# सुझाव पेश गर्ने संस्थाहरु

- साप-नेपाल एलायन्स
- गैरसरकारी संस्था महासंघ नेपाल
- मानवअधिकार एलायन्स
- सल्भ नेपाल एलायन्स
- ग्रामीण महिला सिर्जनशिल परिवार एलायन्स
- सामुदायिक वन उपभोक्ता महासंघ नेपाल
- नेपाल अपाङ्ग समाज
- किरात राई यायोक्खा
- नेपाल प्रेस इन्सिष्टच्युट
- नेवा दे दबु
- संचारिका समूह
- हिमालयन कन्जरभेसन एण्ड डिभलपमेन्ट एशोशिएशन
- दलित गैरसरकारी संस्था महासंघ

सहयोग: सिडा/सिसिओ

# संविधानसभाका अवधारणा पत्रहरुमा
## नागरिक अभियानको धारणा

*संविधान निर्माण सहयोगका लागि नागरिक अभियान*
*२०६७ काठमाडौं*

प्रकाशन मिति : २०६७ साउन
प्रकाशन प्रति : ८०००

# दुई शब्द

नेपालमा लोकतन्त्रको स्थापना पश्चात संविधानसभाको निर्वाचन भयो । सो निर्वाचन पश्चात संविधान लेखन कार्य प्रारम्भ भयो । यसै सन्दर्भमा संविधान निर्माणका कार्यलाई गति दिन संविधानसभाले गठन गरेको ११ वटा विषयगत समितिले प्रारम्भिक मस्यौदा प्रतिवेदन सार्वजनिक भइसकेका छन् ।

यसै सन्दर्भमा विगत ४ वर्ष देखि संविधान निर्माण प्रक्रियालाई सहयोग गर्दै आएको संविधान निर्माण सहयोगका लागि नागरिक अभियानले सविधानसभाका विषयगत समितिहरुले सार्वजनिक गरेको प्रारम्भिक मस्यौदा प्रतिवेदनहरुमा महिला, दलित, मधेशी, आदीवासी जनजाति, अपांङ्गता, प्राकृतिक श्रोत र कर्णाली क्षेत्र आदिका मुद्दाहरुलाई  सुक्ष्मरुपले अध्ययन गरी एक पुस्तकको रुपमा प्रकाशित गर्ने जमर्को गरेको छ ।

आन्दोलनको रुपमा क्रियाशील संविधान निर्माण सहयोगका लागि नागरिक अभियानले नयाँ संविधानमा महिला, आदिवासी जनजाति, दलित, मधेसी, कर्णाली लगायत पछाडि पारिएका जनता, अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक समुदायका मुद्दाहरुलाई **नयाँ संविधानमा** समेट्ने वातावरणको सिर्जना गर्न विभिन्न वहस, अन्तरक्रिया तथा अभियानमुखी कार्यहरु देशका पहाड, हिमाल, तराई, मधेश तथा कर्णाली क्षेत्रका जनता, राजनीतिक पार्टीका नेता तथा कार्यकर्ता माझ सञ्चालन गर्दै आएको छ ।

यस अभियानद्वारा जनता माझ सञ्चालन गरिएका छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझावहरुलाई संविधानसभाका विषयगत समितिहरुबाट तयार भएका अवधारणापत्रहरुमा हाल गरिएको व्यवस्था, उक्त व्यवस्थामा जनताको प्रतिकृया सहितको सुझाव तथा सुझाव दिनुपर्ने कारण तथा पुष्ट्याइँको आधार उल्लेख गरिएको छ ।

उपरोक्त मुद्दाहरुलाई तोकिएको ढांचामा तयार गर्न सहयोग गर्नु हुने डा. पद्मा खतिवडा, पुस्तकको रुपमा प्रकाशित गर्न संयोजन गर्ने साप-नेपाल, ग्रामीण महिला सिर्जनशिल परिवार एलायन्स, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल र सिडा/सिसिओ प्रति संविधान निर्माण सहयोगका लागि नागरिक अभियान आभार प्रकट गर्दछ ।

यो पुस्तकमा नेपालका राष्ट्रिय स्तरमा कार्यरत गैरसरकारी संस्थाहरुले विभिन्न स्तरमा छलफल गरी आएका सुझावहरुलाई समावेश गरी प्रकाशन गरिएको छ । यसमा क्यानाडा सरकारको कुनै विचार/दृष्टिकोण समावेश गरिएको छैन ।

**संविधान निर्माण सहयोगका लागि नागरिक अभियान**
**काठमाडौं**

# विषय–सूचि


| | |
|---|---|
| परिचय | १ |
| उद्देश्य तथा औचित्य | १ |
| सुझावहरु | ३ |
| क. महिला अधिकारको सन्दर्भ | ३ |
| ख. अपाङ्गता भएका व्यक्तिको अधिकारको सन्दर्भ | ९ |
| ग. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सन्दर्भ | २० |
| घ. आदिवासी जनजातिको अधिकारको सन्दर्भ | २७ |
| ङ. कर्णालीका जनताको अधिकारको सन्दर्भ | ४० |
| च. मधेशी जनताको अधिकारको सन्दर्भ | ४६ |
| छ. प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँड सन्दर्भ | ५२ |
| ज. दलित अधिकारको सन्दर्भ | ६२ |

# परिचय

यस पुस्तिकामा संवधानसभाका विषयगत समितिहरुले तयार गरेका अवधारणामा संविधान निर्माण सहयोगका लागि नागरिक अभियानका धारणाहरुलाई समावेश गरिएको छ। यस अभियानद्वारा जनता माझ सञ्चालन गरिएका छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझावहरुलाई संविधानसभाका विषयगत समितिहरुबाट तयार भएका अवधारणापत्रहरुमा हाल गरिएको व्यवस्था, उक्त व्यवस्थामा जनताको प्रतिकृया सहितको सुझाव तथा सुझाव दिनुपर्ने कारण तथा पुष्ट्याइँको आधार उल्लेख गरिएको छ।

नेपालमा लोकतन्त्रको स्थायित्वका लागि क्यानेडाली अन्तर्राष्ट्रिय विकास नियोग (सीडा)को सहयोगमा नागरिक समाजका विभिन्न पेशागत संस्था, जातिगत संस्था, लैङ्गिक तथा वर्गीय संस्थाहरु मार्फत नेपालको संविधान निर्माण प्रकृयामा मुलभूत सवालहरुलाई संबोधन गर्ने साझा उद्देश्य लिएर बिगत केही वर्ष देखि अभियानमुखि कार्यक्रमहरु संचालन भईरहेका छन्। सिडाले खासगरी मुलुकको द्वन्द्व पछिको विद्यमान धरातलीय वस्तुस्थिति र शान्ति स्थापना गर्ने प्रयासप्रति प्रतिवद्ध रहँदै नेपालमा लोकतान्त्रिक विकास (डी. डी. एन) कोषको स्थापना गरेको हो। द्वन्द्वरत पक्षका मुख्य राजनीतिक दलहरुले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेकै वर्ष सन् २००६ मा स्थापित यस कोषद्वारा छानिएका गैरसरकारी संस्थाहरुले समय, सन्दर्भ तथा औचित्यका आधारमा डी.डी.एन लाई पुनःपरिभाषित गर्दै आएका छन्। शान्ति प्रकृयासंग जोडिएका नयाँ संविधान निर्माणको बाटोमा थुप्रै तगाराहरु लाग्न थालेको वर्तमान सन्दर्भलाई सम्वोधन गर्न यस अभियानलाई संविधान निर्माण सहयोगका लागि नागरिक अभियान भनिएको छ।

सामाजिक रुपमा समावेशी संविधानसभाको निर्वाचन तथा नयाँ संविधान लेखनतर्फ उन्मुख चालु लोकतान्त्रिक प्रकृयाहरुमा विशेषगरी महिला तथा सामाजिक रुपमा वहिष्कृतहरु लगायत समाजका सबै वर्गको सूचित सहभागितामा वृद्धि गर्ने उद्देश्य रहेको यस कोष मार्फत शुरुमा २० वटा परियोजनाहरु स्विकृत भएकोमा हाल ११ ओटा परियोजनाहरु सञ्चालित छन्।

# उद्देश्य तथा औचित्य

आन्दोलनको रुपमा क्रियाशील संविधान निर्माण सहयोगका लागि नागरिक अभियानले नयाँ संविधानमा महिला, आदिवासी जनजाति, दलित, मधेसी, कर्णाली लगायत पछाडि पारिएका जनता, अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक समुदायका मुद्दाहरुलाई नयाँ संविधानमा समेट्ने वातावरणको सिर्जना गर्न विभिन्न वहस, अन्तरक्रिया तथा अभियानमुखी कार्यहरु देशका पहाड, हिमाल, तराई, मधेश तथा कर्णाली क्षेत्रका जनता, राजनीतिक पार्टीका नेता तथा कार्यकर्ता माझ सञ्चालन गरि आएको छ। अवधारणा पत्रहरुमा केन्द्रित रही जनताका माझ सञ्चालन गरिएका यस्ता कार्यक्रमहरु मार्फत संकलित सुझावहरु नै यो पुस्तिका तयार गर्ने मुख्य आधारहरु हुन्।

## संविधान निर्माण सहयोगका लागि नागरिक अभियानमा संलग्न साझेदार संस्थाहरुः

१. साप-नेपाल एलायन्स
२. गैरसरकारी संस्था महासंघ नेपाल
३. मानवअधिकार एलायन्स
४. सल्भ नेपाल एलायन्स
५. ग्रामीण महिला सिर्जनशिल परिवार एलायन्स
६. सामुदायिक वन उपभोक्ता महासंघ नेपाल
७. नेपाल अपाङ्ग समाज
८. किरात राई यायोक्खा
९. नेपाल प्रेस इन्सिष्टच्युट
१०. नेवा दे दबु
११. सञ्चारिका समुह
१२. हिमालयन कञ्जरभेसन एण्ड डिभलपमेन्ट एशोशिएशन
१३. दलित गैरसरकारी संस्था महासंघ

## विश्लेषणका आधारहरु

१. बिषयगत समितिले समेटेका सवालहरु,
२. नसमेटिएको सवालहरु,
३. थपघट गर्नु पर्ने सुझाव, तथा
४. औचित्य ।

## विश्लेषण गरिएका अवधारणापत्रहरु

१. मौलिक अधिकार तथा राज्यको निर्देशक सिद्धान्त समिति,
२. राष्ट्रिय हितको संरक्षण समिति,
३. संवैधानिक निकायको संरचना निर्धारण समिति,
४. अल्पसंख्यक तथा सिमान्तिकृत समुदायको अधिकार संरक्षण समिति,
५. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति,
६. न्याय प्रणाली समिति,
७. संवैधानिक समिति,
८. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति,
९. राज्यको शासकीय स्वरूप निर्धारण समिति,
१०. साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति,
११. व्यवस्थापकीय अंगको स्वरुप निर्धारण समिति ।

## विश्लेषण गरिएका विषय तथा समुदायहरु

क. महिला अधिकार,
ख. अपाङ्गता भएका व्यक्तिको अधिकार,
ग. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार,
घ. आदिवासी जनजातिहरुको अधिकार,
ङ. कर्णालीका जनताको अधिकार,
च. मधेशी जनताको अधिकार,
छ. प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँड सन्दर्भ
ज. दलित अधिकार ।

# सुझावहरु

## क. महिला अधिकारको सन्दर्भ

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति** | | | |
| **समानताको हक** | सबै व्यक्तिहरु कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षण र लाभ बाट बञ्चित गरिने छैन । | महिलाको संरक्षण विकाश र शसक्तिकरणका लागि राज्यले सकारात्मक विभेदका आधारमा अस्थायी वा स्थायी विशेष व्यवस्था गर्नेछ भन्ने व्यवस्था हुनु पर्ने र प्रत्यक्ष वा अप्रत्यक्ष भेदभाव गरिने छैन भन्ने व्यवस्था हुनुपर्ने । | सामाजिक परम्परा तथा सदियौ देखी महिलाहरु पुरुषको तुलनामा पछाडि परेकाले महिलाहरुलाई निश्चित समय बिशेष अधिकारको आवशयकता रहेकाले यसो गर्नु आवश्यकता हुन्छ । |
| **शिक्षा सम्बन्धी हक** | प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुनेछ । | महिलालाई रोजगारमूलक व्यवसायिक तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्न गराउन राज्यले विशेष व्यवस्था गर्नेछ भन्ने व्यवस्था हुनु पर्ने । | अहिले महिलाहरुको साक्षरता प्रतिशतलाई हेर्दा शिक्षामा महिलाको पहुँच कम भएको पाईन्छ तसर्थ साक्षरता प्रतिशत बढाउन तथा तथा शिक्षामा महिलाहरुको पहुँच बृद्धि गर्न । |
| **रोजगारी सम्बन्धि हक** | प्रत्येक व्यक्तिलाई रोजगार छनौट गर्न पाउने हक हुनेछ । | महिलाले गर्ने गरेको घरभित्रको कामको मूल्याङकन गरी राज्यले उचित संयन्त्र बनाउने छ जसले गर्दा आर्थिक बिकासमा महिलाको योगदान देखाउँदछ ।<br><br>महिलालाई आय आर्जन हुने खालका सीपमूलक तालिमको व्यवस्था गरी स्वदेशी वा विदेशी रोजगारी प्रदान गर्नको लागि राज्यले विशेष व्यवस्था गर्ने छ भन्ने व्यवस्था हुनु पर्ने । | महिलाहरुको आर्थीक शसक्तिकरण गर्न तथा सक्षम नागरिक बनाई घरयासी कामको उचित बाँडफाँड गर्न तथा स्वदेशी तथा बिदेशी रोजगार मा सहभागिता बृद्धि गर्न र |
| **स्वास्थ्य सम्बन्धी हक** | प्रत्येक व्यक्तिलाई प्रजनन् स्वास्थ्यको हक हुनेछ । | प्रजनन् स्वास्थ्यको उपभोगमा निजी वा सार्वजनिक स्वास्थ्य सेवामा विभेद गरिने छैन भन्ने व्यवस्था हुनु पर्ने । | प्रजनन् स्वास्थ्यको सुबिधिमा बिभेदिकरण भएकाले तथा बिगतका संबिधानले सुनिश्चित गरेका प्रजनन् अधिकारको उपभोग गर्न सुनिश्चित गर्न । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **प्रजनन् स्वास्थ्यको हक** | प्रत्येक महिलालाई प्रजनन् सम्बन्धी हक हुनेछ । | प्रत्येक महिलालाई निशुल्क प्रजनन् संबन्धि हकको व्यवस्था हुनेछ यस्तो सेवा राज्यले निशुल्क उपलब्ध गराउने व्यवस्था गर्ने छ र निजी स्वास्थ्य संस्थामा समेत यस सेवाको लागि उचित व्यवस्थागर्ने छ । साथै मातृत्वको संरक्षण, संबर्द्धन र सुरक्षाको हकको व्यवस्था हुनेछ भन्ने हुनु पर्ने | |
| **महिला सम्बन्धी हक** | राज्य संयन्त्रका सबै निकायमा महिलाको समाबेशीय आधारमा समानुपातिक सहभागिताको हक हुनेछ । | राज्य संयन्त्रका सबै निकायमा महिलाको जनसंख्याको आधारमा समाबेशीय समानुपातिक सहभागिताको हक हुनेछ । | महिला भित्र पनि बिभिन्न जातीय , वर्गीय तथा भौगोलिक बिभिधता रहेको तसर्थ सबैको सहभागिता सुनिश्तिच गर्न । |
| **महिला सम्बन्धी हक** | प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अधिकारको हक हुनेछ । | प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा समावेशी रुपमा सकारात्मक विभेदका आधारमा विशेष अधिकारको हक हुनेछ । | महिला भित्र पनि बिभिन्न जातीय , वर्गीय तथा भौगोलिक बिभिधता रहेको तसर्थ सबैको सहभागिता सुनिश्तिच गर्न । |
| **सामाजिक सुरक्षाको हक** | बिपन्न वर्ग अशक्त असहाय अपांगता भएका व्यक्ति, एकल महिला ज्येष्ठ नागरिक आफ्नो हेरचाह आफै गर्न नसक्ने र बालबालिका तथा लोपन्मुख जातिका नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । | बिपन्न वर्ग अशक्त असहाय अपांगता भएका व्यक्ति, एकल महिला ज्येष्ठ नागरिक आफ्नो हेरचाह आफै गर्न नसक्ने र बालबालिका तथा लोपन्मुख जातिका नागरिकलाई बिना भेदभाव सामाजिक सुरक्षाको हक हुनेछ भन्ने हुनु पर्ने । | |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
| --- | --- | --- | --- |
| **परिवार सम्बन्धी हक** | कसैले पनि एक भन्दा बढि पति वा पत्नि राख्न पाईने छैन । | प्रथा वा परम्पराको नाममा कसैले पनि एक भन्दा बढि पति वा पत्नि राख्न पाईने छैन । | कतिपय प्रथा परम्पराले महिलालाई बिभेद गरेको छ तसर्थ उक्त बिभेदी परम्परालाई हटाउनको लागि यसो गर्नु जरुरी हुन्छ । |
| **शोषण विरुद्धको हक** | स्थान : महिलासम्बन्धी हकः महिलाविरुद्ध धार्मिक, समाजिक, सांस्कृतिक, परम्परा, प्रचलन र अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने हक हुनेछ । | महिलाविरुद्ध धार्मिक, समाजिक, सांस्कृतिक, परम्परा, प्रचलन र अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य र मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । महिलालाई यौनदासी बनाइने छैन । यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडित व्यक्तिलाई राज्यबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ । | धार्मिक, समाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा जुनसुकै अवस्थाका महिलाविरुद्द तथा महिलाउपर हुने शारीरिक, यौनजन्य, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणलाई नियन्त्रण गर्न एवं महिलाको विशिष्ट शारीरिक अवस्थाहरु सुत्केरी अवस्था वा रजस्वलाको अवस्थामा अवस्थामा नेपाली महिलाहरु उपर हुँदै आएको शोषण र अन्याय समेतलाई अन्त्य गर्दै त्यस्तो कार्यलाई दण्डनीय बनाउन, महिलालाई यौनदासी बनाउने कामलाई प्रतिबन्धित बनाउन र त्यस्तो हिंसाजन्य कार्य वा शोषण र दासत्वबाट पीडित महिलाले कानुन बमोजिम राज्यद्वारा क्षतिपूर्ति पाउने अवस्था सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |
| **शोषण बिरुद्धको हक** | मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ । | मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई राज्यबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ । | प्रत्येक व्यक्तिलाई मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको प्रत्याभूत गर्दै देहव्यापार, मानव अङ्ग तस्करी लगायत जुनसुकै प्रयोजनका लागि मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने हक सुनिश्चित गर्न तथा त्यस्तो कार्यलाई कानुन बमोजिम दण्डनीय बनाउन र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई राज्यबाट उचित क्षतिपूर्ति पाउने व्यवस्था गर्न यस्तो प्रकारको व्यवस्था गरिएको छ । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **राज्यको नीतिहरू** | | स्थानः राज्यको नीतिहरू सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति स्वदेश तथा विदेशमा बेचिएका र यौन व्यवसायमा लाग्न बाध्य बनाइएका वा आफ्नो इच्छा विपरित काम गर्न बाध्य बनाइएका महिला तथा बालबालिकालाई उद्धार गर्ने र उनीहरुको जीवन यापनको सुनिश्चितता गर्ने । | स्वदेश तथा विदेशमा बेचिएका र यौन व्यवसायमा लाग्न बाध्य बनाइएका वा आफ्नो इच्छा विपरित काम गर्न बाध्य बनाइएका महिला तथा बालबालिकालाई उद्धार गर्ने र उनीहरुको जीवन यापनको सुनिश्चितता गर्न यस्तो व्यवस्था गरिएको छ । |
| **बालबालिका सम्बन्धी हकः** | कुनै पनि बालबालिकालाई सेना प्रहरी वा सशस्त्र द्वन्द्व वा समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक वा यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । | कुनै पनि बालबालिकालाई सेना प्रहरी वा सशस्त्र द्वन्द्व वा समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक वा मानसिक वा यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । बालबालिकालाई दास बनाइने छैन । | कुनै पनि बालबालिबालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गरेर वा राजनीतिक प्रयोजनका लागि वा सशस्त्र द्वन्द्वमा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै प्रकारको दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकार वा माध्यमले बालबालिकालाई यातना र दुर्व्यवहार शोषण वा अनुचित प्रयोगविरुद्द हक सुनिश्चित गर्न र बालबालिकालाई दास बनाउने कार्यलाई प्रतिबन्ध लगाउन यो व्यवस्था गरिएको छ । |
| | उपधारा ५, ६, ७ र ८ बमोजिमका कार्य कानुनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ । | उपधारा ५, ६, ७ र ८ बमोजिमका कार्य कानुनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई राज्यबाट उचित क्षतिपूर्ति पाउने हक हुनेछ । | कुनैपनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक लगायतका कुनै पनि यातना दिने बालबालिकालाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउने वा सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्ने, कुनै सशस्त्र समूह वा द्वन्द्वमा प्रयोग गर्ने वा बालविवाह वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै प्रकारको दुर्व्यवहार, उपेक्षा वा शारीरिक मानसिक यौनजन्य वा अन्य कुनै प्रकारले शोषण गर्न वा दुरुपयोगलाई कानून बमोजिम दण्डनीय बनाउँदै पीडितलाई राज्यबाट क्षतिपूर्ति प्राप्त गर्ने हक सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **राष्ट्रिय हितको संरक्षण समिति** | | | |
| **नेपाली राजदुर र बिशेष प्रतिनिधि** | राष्ट्र प्रमुख वा मन्त्रि परिषदको सिफारिसमा राष्ट्र प्रमुखले नेपाली राजदुत र कुनै खास प्रयोजनको लागि बिशेष प्रतिनिधि नियुक्त गर्न सक्ने छ । | राष्ट्र प्रमुख वा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्र प्रमुखले नेपाली राजदुत र कुनै खास प्रयोजनको लागि बिशेष प्रतिनिधि नियुक्त गर्न सक्ने छ । यसरी नियुक्त गर्ने प्रकृया लैगिंक रुपमा समानुपातीक र समाबेशी हुनुपर्ने छ । | प्रकृयागत रुपमानै समाबेशीताको आधार किटान गरेमा मात्र सहभागिताको सुनिश्चत हुनेछ । |
| **सैनिक सेवा आयोग** | नेपाली राष्ट्रिय सेनाको नियुक्ति र पदोन्नतिको लागि कानुनमा व्यवस्था भए बमोजिमको एक सैनिक सेवा आयोगको गठन गरिने छ । | नेपाली राष्टिय सेनाको नियुक्ति र पदउन्नतिको लागि कानुनमा व्यवस्था भए बमाजिमको एक सैनिक सेवा आयोगको गठन गरिने छ । यसरी गठन हुने आयोगमा लैगिंक समानुपातिक र समाबेशी बनाउनु पर्नेछ भन्ने हुनु पर्ने । | प्रकृयागत रुपमानै समाबेशीताको आधार किटान गरेमा मात्र सहभागिताको सुनिश्चत हुनेछ । |
| **संवैधानिक निकायको संरचना निर्धारण समिति** | | | |
| **अख्तियार दुरूपयोग अनुसन्धान आयोग** | नेपालमा एकसङ्घीय अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहनेछ । | नेपालमा एकसङ्घीय अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहनेछ जसमा समानुातिक प्रतनिधित्व र समावेशीताका आधारमा प्रमुखु आयुत्तु र अन्य दुइ जना आयुक्तहरू रहनेछन् । | प्रकृयागत रुपमानै समाबेशीताको आधार किटान गरेमा मात्र सहभागिताको सुनिश्चत हुनेछ । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **अल्पसंख्यक तथा सिमान्तकृत समुदायको अधिकार संरक्षण समिति** | | | |
| **अल्पसंख्यक, सीमान्तिकृत तथा बहिष्करणमा पारिएकाको अधिकार आयोग** | अल्पसंख्यक, सिमान्तिकृत तथा बहिष्करणमा पारिएका समुदायका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक वा प्रादेशिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदाय वा वर्गको पहिचान गरी उनीहरुको संरक्षण, विकास र सशक्तिकरणका लागि राज्यको हरेक तहमा पूर्ण समानुपातिक प्रतिनिधित्व सहित राज्यले कानूनद्वारा विशेष व्यवस्था गर्नेछ । विशेष व्यवस्थाको पहिचान गरी सो को सीफारिश गर्न राज्यले एक उच्च स्तरीय आयोगको गठन गर्नेछ । | अल्पसंख्यक, सिमान्तिकृत तथा बहिष्करणमा पारिएका समुदायका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक वा प्रादेशिक रुपमा पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदाय वा वर्गको पहिचान गरी उनीहरुको संरक्षण, विकास र सशक्तिकरणका लागि राज्यको हरेक तहमा पूर्ण समानुपातिक प्रतिनिधित्व सहित राज्यले कानूनद्वारा विशेष व्यवस्था गर्नेछ । विशेष व्यवस्थाको पहिचान गरी सो को सीफारिश गर्न राज्यले एक उच्च स्तरीय आयोगको गठन गर्नेछ । उक्त आयोग समाबेशीय हुनेछ । | प्रकृयागत रुपमानै समाबेशीताको आधार किटान गरेमा मात्र सहभागिताको सुनिश्चत हुनेछ । |
| **प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति** | | | |
| **राष्ट्रिय प्राकृतिक स्रोत आयोग** | नेपालमा एक राष्ट्रिय प्राकृतिक स्रोत आयोग हुनेछ जसमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछन् । | नेपालमा एक राष्ट्रिय प्राकृतिक स्रोत आयोग हुनेछ जसमा कम्तिमा एकजना महिला रहनेगरी अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछन् । | देशमा उपलब्ध प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र दिगो उपयोगका सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्न, दीर्घकालीन रणनीति तर्जुमा गरी सरकारलाई आवश्यक सुझाव दिन र प्रदेश-प्रदेशबीच प्राकृतिक स्रोतको विषयलाई लिएर उठ्न सक्ने विवादहरुको निरुपण सम्बन्धित विषयका विज्ञहरु सम्मिलित एउटा स्वतन्त्र, निष्पक्ष र अधिकार सम्पन्न संवैधानिक आयोगबाट हुँदा प्रभावकारी हुने भएकाले एउटा छुट्टै प्राकृतिक स्रोत आयोग आवश्यक हुने |
| **राष्ट्रिय वित्तीय आयोग** | नेपालमा एक राष्ट्रिय वित्तीय आयोग हुने छ जसमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने छन् | नेपालमा एक राष्ट्रिय वित्तीय आयोग हुनेछ जसमा कम्तिमा एकजना महिला रहनेगरी अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछन् । | सङ्घीयताको सन्दर्भमा राजस्वको बाँडफाँड अहम् महत्वको विषयवस्तु भएको र यस्तो बाँडफाँड न्यायसंगत, समन्यायिक र निष्पक्ष नहुँदा संघको स्वस्थ सञ्चालनमा गम्भीर असर पर्ने भएकाले स्वतन्त्र आयोगबाट राजस्वको बाँडफाँडलाई व्यवस्थित गर्न । |

## ख. अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको सन्दर्भ

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
|---|---|---|---|
| **अल्पसंख्यक तथा सिमान्तिकृत समुदायको हक अधिकार निर्धारण समिति** | | | |
| **प्रस्तावना** | अल्पसंख्यक, सिमान्तिकृत तथा पछाडि पारिएको वा बहिष्करणमा पारिएको ... को हक अधिकारको पूर्ण प्रत्याभूति सहित राज्य व्यवस्थाको हरेक तह र निकायमा सबै वर्ग आदीवासी/जनजाति ... अपाङ्ग धर्म ... को पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ... स्वीकार्दै | अपाङ्ग मात्र भनिएको स्थानमा अपाङ्गता भएका व्यक्ति भन्ने शब्दावली राख्नुपर्ने । | संयुक्त राष्ट्रसंघबाट पारीत विभिन्न सन्धि अभिसन्धीको मान्यता अनुसार अपाङ्गता भएका व्यक्ति भन्ने शब्दावली प्रचलनमा आएको र अपाङ्ग मात्र भन्दा असमर्थ मात्र भन्ने बुझिने भएकोले उक्त शब्द राखिएको । |
| **राष्ट्रको परिभाषा** | नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मीक, बहुसाँस्कृतिक समानता ... जातीय विभेद, छुवाछुत मुक्त भाषिक र धार्मिक भेदभाव रहित ... संघिय लोकतान्त्रिक, धर्मनिरपेक्ष, पूर्ण समानुपातिकता सहितको समावेशी राज्य हो । | राष्ट्रको परिभाषा गर्दा अपाङ्गताको आधारमा विभेद रहित भन्ने शब्दावली अनियार्व रुपमा राखिनुपर्ने । | हालसम्म पनि समाजमा अपाङ्गताको आधारमा गरिने विभेद विद्यमान रहेको र अवधारणपत्रमा त्यसलाई हटाउने गरी सम्बोधन नगरिएकोले । |
| **भाषा** | १. बहिरा नागरिकलाई नेपाली सांकेतक भाषा प्रयोग र संचार गर्ने हक हुनेछ ।<br>२. दृष्टिविहिन नागरिकलाई ब्रेल लीपि प्रयोग गर्ने हक हुनेछ । | सांकेतिक भाषालाई राष्ट्रिय भाषाको रुपमा मान्यता दिनु पर्ने<br>अपाङ्गता भएका व्यक्तिको हकमा ध्वनीरहीत र स्पर्स भाषा समेत प्रयोग गर्न पाउने अधिकारलाई सुनिश्चित गरिनु पर्ने । | सांकेतिक भाषालाई संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नुपर्ने भएकोले ।<br>स्पर्श र ध्वनीरहीत भाषालाई प्रारम्भिक मस्यौदामा कहि कतै उल्लेख नगरिएकोले । |
| **समानताको हक** | १. सामान्य कानुनको प्रयोगमा ... शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्य कुनै ... आधारमा कुनै पनि किसिमको भेदभाव गरिने छैन ।<br>२. राज्यले नागरिकका बिच ... शारीरिक वा मानसिक रुपमा अशक्त र अपाङ्ग अवस्थाका ... आधारमा कुनै पनि किसिमको भेदभाव गर्ने छैन ।<br>३ समान कामको लागि कुनै पनि व्यक्तिलाइ जात, आदीवासी/ जनजाति... शारीरिक, मानसिक रुपमा अशक्त वा अन्य कुनै हैसीयत जस्ता कुनै पनि आधारमा पारिश्रमिक लगायत कुनै पनि किसिमको सुविधा प्रदानमा भेदभाव गरिने छैन । | शरीरिक वा मानसिक रुपमा अशक्त, अपाङ्ग जस्ता शव्दावलीलाई अपाङ्गता भएका व्यक्ति भनेर सम्बोधन गरिनुपर्ने । | संयुक्त राष्ट्रसंघबाट पारीत विभिन्न सन्धि अभिसन्धीको मान्यता अनुसार अपाङ्गता भएका व्यक्ति भन्ने शब्दावली प्रचलनमा आएको र अपाङ्ग मात्र भन्दा असमर्थ मात्र भन्ने बुझिने भएकोले उक्त शब्द राखिएको । |

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
|---|---|---|---|
| **जातीय भेदभाव तथा छुवाछुत विरुद्धको हक** | १. कुनै पनि व्यक्तिलाई जाति, आदीवासी ... अपाङ्ग ... वा पेशाका आधारमा कुनै पनि किसिमको भेदभाव तथा छुवाछुतजन्य व्यवहार असहिष्णता र अवेहलना गरिने छैन ।<br>२. कुनै पनि व्यक्तिलाई जाति दलित, मधेशी मुस्लिम, अपाङ्ग धर्म पेशाका आधारमा सेवा सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट यत्रतत्र सर्वत्र स्थलमा प्रवेश गर्नबाट बञ्चित गरिने छैन ।<br>३. कुनै पनि वस्तु सेव वा सुविधा उत्पादन वा वितरण गर्द त्यस्तो सेवा कुनै खास जाति...अपाङ्ग ... पेशा वा अवस्थाका व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउनु वा त्यस्तो वस्ता वा सुविधा कुनै खास जाति ... अपाङ्ग ... पेशा वा अवस्ताका व्यक्तिलाई मात्र बिक्रि वितरण गरिने छैन ।<br>४. नागरिकहरूका बिच जातीय, भाषिक ... उत्पत्ति वा क्षेत्रीय वा अन्य आधारमा हुने भेदभाव वा सर्वोच्चता वा जातीय असहिष्णुता, अमर्यादा वा घृणालाई राज्यले निरुत्साहित गर्नेछ । | १. जातीय भेदभाव, अपाङ्गताको आधारमा हुने भेदभाव तथा छुवाछुत विरुद्धको हक भन्ने विषयवस्तु हुनुपर्ने अथवा अपाङ्गताको आधारमा हुने भेदभाव विरुद्धको हक भन्ने छुट्टै धारा थप्नुपर्ने<br>२. उपधारा ४ मा उल्लेखित जातीय क्षेत्रीय वा अन्य कुनै आधार को साथमा अपाङ्गता भएका व्यक्ति भनेर किटानी गरिनु पर्ने । | अपाङ्गताको आधारमा हुने विभेद अन्त्य गर्न छुट्टै धारा बनाउदा प्रभावकारी हुने हुनाले । |
| **साँस्कृति तथा शिक्षा सम्बन्धी हकः** | कुनै पनि व्यक्तिलाई कुनै जाति, आदिवासी जनजाति, तराइबासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, भाषा, क्षेत्र वा संस्कृतिको आधारमा राज्यद्वारा संचालित वा सहयोग प्राप्त शैक्षिक संस्थामा भर्ना हुन वा शिक्षा लिनबाट बञ्चित गरिनेछैन । (उपधारा धारा १ देखि ६ सम्म) | १ अपाङ्गता भएका व्यक्तिहरूलाई निजको आवश्यकता र चाहना बमोजिम निशुल्क रुपमा औपचारीक तथा अनौपचारीक सीपमुलक तथा प्रावीधिक शिक्षा उपलब्ध गराईनु पर्ने ।<br>२ अपाङ्गता भएका व्यक्तिको आवश्यकता अनुसार शिक्षामा प्रभावकारी पहुँचका लागि ब्रेल लिपी, साङ्केतिक भाषा लगायतका बैकल्पिक भाषा, लिपी, पाठ्यक्रम, पाठ्य पुस्तक साधन र सामाग्रीहरूको प्रयोग गरिनु पर्ने । | अपाङ्गता भएका व्यक्तिलाई अन्य नागरिक सरहको शिक्षा पद्धतिले काम गर्दैन । अपाङ्गता भएका व्यक्ति भित्र बहिरा दृष्टिविहिन बौद्धिक भएको हुनाले उनीहरूको समस्या अनुसारको शिक्षा पद्धती आवश्यक पर्दछ । बहिरालाई सांकेतिक भाषा दृष्टिविहिनलाई ब्रेललीपि र बौद्धिकलाई छुट्टै पाठ्यक्रम पाठ्यपुस्तक आवश्यक पर्दछ । अपाङ्गताको विविध समस्या हुनाले एउटै कक्षाकोठामा शिक्षा दिदा सहज हुदैन । |

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
| --- | --- | --- | --- |
| **अल्पसंख्यक, सिमान्तिकृत तथा बहिष्करणमा परिएको अधिकार** | १ बहिष्करणमा पारिएको समुदाय भन्नाले ... वा शारीरिक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण राज्यसत्तामा समावेश हुन नपाएका समुदायलाई सम्झनु पर्दछ । | अपाङ्गता भएका व्यक्तिको छुट्टै पहिचानलाई आत्मसाथ गर्दै उनीहरूलाई छुट्टै वर्गको रुपमा सुचिकृत गरिनु पर्ने । | अपाङ्गता भएको व्ययिक्तलाई हालसम्म वर्गको रुपमा स्वीकार गरिएको छैन । उनीहरूलाई अपाङ्गताको आधारमा छुट्टै वर्गको रुपमा परिभाषित गर्न जरुरी भएकोले । |
| **निर्देशक सिद्धान्त** | १. देशमा उपलब्ध आर्थिक स्रोत र साधनलाई ... आर्थिक तथा सामाजिक न्यायीक सिद्धान्तका आधारमा सबै जाति आदीवासी आदिवासी ... दलित, तराइवासी, मुस्लिम, अपाङ्ग क्षेत्र र अवस्थाका व्यक्तिको समान पहुँच, नियन्त्रण र न्यायोचित वितरणमा नागरिकको सहभागी हुने हक हुनेछ । | | संयुक्त राष्ट्रसंघबाट पारीत विभिन्न सन्धि अभिसन्धीको मान्यता अनुसार अपाङ्गता भएका व्यक्ति भन्ने शब्दावली प्रचलनमा आएको र अपाङ्ग मात्र भन्दा असमर्थ मात्र भन्ने बुझिने भएकोले उक्त शब्द राखिएको । |
| **राज्यको दायित्व** | सार्वभौम सत्ता राष्ट्रिय अखंडताको रक्षा ... सबै वर्ग जात जाति, बृद्ध अपाङ्ग ... को ... प्रबर्धन गर्नु राज्यको दायित्व हुनेछ । | | |
| **व्यवस्थापिकीय अङ्गको निर्धारण समिति** | | | |
| **संघीय व्यवस्थापीका** | १. प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, मधेशी बन्द सुचिको आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुनद्वारा निर्धारण गरिनेछ ।<br>२. संघीय संसदको प्रतिनिधि सभामा प्रतिनिधित्व हुन नसकेका अल्पसंख्यक महिला वा समुदायका साथै राष्ट्रिय जिवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरूबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अन्तर्गत एकल संक्रमणीय मतको आधारमा प्रतिनिधि सभाद्वारा कानुनमा व्यवस्था भए बमोजिम निर्वाचित हुने १३ सदस्य हुनेछन् । | अपाङ्गता भएका व्यक्ति भन्ने शब्द किटानीका साथ उल्लेख गरिनुपर्ने | अपाङ्गता भएका व्यत्तिलाई छुट्याउंदा उनीहरुको प्रतिनिधित्व सुनिश्चित नहुने भएकोले |

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
|---|---|---|---|
| **संवैधानिक निकायको संरचना निर्धारण समिति** | | | |
| **अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, एवं सिमान्तिकृत समुदाय तथा पिछडीएको वर्ग र क्षेत्रको हित संरक्षण आयोग** | १. नेपालमा एक संघिय अपाङ्गता भएका व्यक्ति … संरक्षण आयोग हुनेछ। | अपाङ्गता भएका व्यक्तिको विविधतालाई समेटने गरी अपाङ्गता भएका व्यक्तिहरूकै प्रतितिधित्वमा छुट्टै अधिकार सम्पन्न आयोगको व्यवस्था हुनुपर्ने | १ अन्य वर्गहरूको साथमा अपाङ्गता भएका व्यक्तिको आयोग निर्माण गर्दा गोलमटोल हुने र अपाङ्गका कुराहरू ओझेलमा पर्ने भएकोल । २ अपाङ्गता भएका व्यक्तिको हितको संरक्षण र सम्बर्धन गरी विकासको मुल प्रवाहमा समावेश गर्न छुट्टै अधिकार सम्पन्न आयोगको स्थापना गर्न जरुरी भएकोले |
| **सांस्कृतिक र सामाजिक एक्येवद्धताको आधार निर्धारण समिति** | | | |
| **छुवाछुत तथा जातीय विभेद लगायत सबै किसिमका भेदभावको अन्त्य** | १. कुनै पनि व्यक्ति जात, बंश, समुदाय, पेशाको आधारमा छुवाछुत तथा जातीय भेदभाव गरिने छैन ।<br>२ सेवा सुविधा उपभोगको क्रममा भेदभाव गरिने छैन ।<br>३ वस्तु सेवा सुविधाको विक्रि वितरण, खरिद तथा प्राप्तीमा जातजाति र समुदायको आधारमा भेदभाव गरिने छैन ।<br>४ जातजाति, उत्पत्तिका व्यक्ति वा समुहको कुनै धार्मिक आधारमा उच निच दर्शाउन वा घृणा गर्ने लगायतमा प्रोत्साहन गर्न पाइने छैन । | जातीय भेदभाव, अपाङ्गताको आधारमा हुने भेदभाव तथा छुवाछुत विरुद्धको हक भन्ने विषयवस्तँ हुनुपर्ने अथवा अपाङ्गताको आधारमा हुने भेदभाव विरुद्धको हक भन्ने छुट्टै धारा थप्नुपर्ने । अथवा उल्लेखित उपधाराहरूमा अपाङ्गता भएका व्यक्ति भनेर किटानी गरिनु पर्ने । | |
| **सामाजिक सुरक्षाको हकः** | एकल महिला, वृद्ध, अपाङ्ग, अशक्त, असहाय नागरिक र लोपोन्मुख ……लाई कानुनमा ब्यबस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । | १. संरक्षण विहिन तथा पारीवारीक जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिको हेरचाह, संरक्षण, प्रगति र विकासका लागि राज्यले उचित पुर्नस्थापना गरी उनीहरूको पुनः सामाजिकिकरण गर्नेछ भन्ने व्यवस्था गरिनु पर्दछ । | अपाङ्गता भित्रका संरक्षण विहिन तथा पारीवारीक जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिको हेरचाह, संरक्षण, प्रगति र विकासका लागि राज्यले राज्यले दायित्व लिनुपर्ने भएकोले |
| **सामाजिक न्यायः** | राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिकोणले पछि पारिएका उत्पिडित क्षेत्र र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । | राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, लैङ्गिक, अपाङ्गताको कारण वा शैक्षिक दृष्टिकोणले भन्ने शव्दावली थप्नुपर्ने । | अपाङ्गताको कारणले पछाडि पारिएको वर्गलाई समानुपातिक समावेशी सिद्धान्तको आधरामा राज्यको संरचनामा सहभागिताको लागि सहज पहुँचको सुनिश्चित गनुपर्ने भएकोले |

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
|---|---|---|---|
| **न्याय प्रणाली सम्बन्धी समिति** | | | |
| **अदालतहरू** | १. उपधारा १ र २ बमोजिम अदालत गठन गर्दा पारिवारीक विवाद, महिलामाथिको घरेलु हिंसासँग सम्बन्धित विवाद, बाल अधिकार सम्बन्धी विवाद र आदिवासी .... लगायत अल्पसंख्यक समुदायको साँस्कृतिक, धार्मिक एवं परम्परागत कानुन र प्रथाद्वारा उत्पन्न हुने विवादहरूलाई समाधान गर्न प्रादेशिक कानुन बमोजिम जिल्ला/स्थानीय अदालतमा छुट्टै इजलास वा त्यसको मातहतमा छुट्टै अदालत/न्यायिक निकाय गठन गर्न सकिनेछ। | उपधारा १ र २ बमोजिम अदालत गठन गर्दा अपाङ्गताको कुरा छुटेको हुँदा अपाङ्गता भएका व्यक्तिको परिस्थितिको पहिचान गर्दै उनीहरूको अधिकारसँग अन्तर सम्बन्धित विवाद हेर्ने छुट्टै इजलास वा त्यसको मातहतमा छुट्टै अदालत/न्यायीक निकाय गठन गर्ने व्यवस्था हुनुपर्ने। | १. अपाङ्गता व्यक्तिको अधिकार सुनिश्चित गर्न<br>२. अपाङ्गता भएका व्यक्तिको अधिकार सबैले समान रुपमा उपभोग गर्ने अवसर हुनुपर्ने<br>३. न्यायमा सहज पहुँचको सुनिश्चित गर्न |
| **मौलिक अधिार तथा निर्देशक सिद्धान्त समिति** | | | |
| **३. समानताको हक** | २. सामान्य कानूनको प्रयोगमा धर्म, वर्ण अपाङ्गता बैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन।<br>तर आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्धारा विशेष व्यवस्था गर्न रोक लगाएको माननिने छैन।<br>३. राज्यले नागरिकहरूका बीच धर्म, वर्ण अपाङ्गता वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन। | | |
| **९ छुवाछुत तथा भेदभाव विरुद्धको हक** | १. कुनै पनि व्यक्तिलाई जात समुदाय, पेशा ... वा शारीरिक अवस्थाका आधारमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन।<br>३. कुनै जात जाति वा शारीरिक अवस्थाका व्यक्ति वा समुदायलाई उच वा निच दर्शाउने जाति वा छुवाछुतका आधारमा सामाजिक विभेदलाई न्यायोचित ठह¥याउने वा छुवाछुत उचता घृणामा आधारीत विचारको प्रचार प्रसार जस्ता विभेदलाई प्रोत्साहन गर्न पाइने छैन। | अपाङ्गताको आधारमा हुने छुवाछुत तथा भेदभाव विरुद्धको हक भन्ने छुट्टै धारा थप्नुपर्ने। अथवा उल्लेखित उपधाराहरूमा अपाङ्गता भएका व्यक्ति भनेर किटानी गरिनु पर्ने | अपाङ्गताको आधारमा हुने आर्थिक, सामाजिक, राजनीतिक शैक्षिक लगायतका क्षेत्रमा हुने गरेका विभेदलाई अन्त्य गर्न। |

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
|---|---|---|---|
| **१४ शोषण विरुद्धको हक** | २. धर्म, प्रथा प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै पनि किसिमले शोषण गर्न पाईने छैन । | धर्म, प्रथा प्रचलन, अपाङ्गता वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै पनि किसिमले शोषण गर्न पाईने छैन । | अपाङ्गताको आधारमा हुने सबै प्रकारका शोषण एवं अपाङ्ग महिलाको यौन शोषणको अन्त्य गर्न । |
| **१६ शिक्षा सम्बन्धी हक** | ३. विपन्न वर्गका नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ । | विपन्न वर्ग तथा अपाङ्गता भएका नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ । | आर्थिक रुपले विपन्न र अपाङ्गताको कारण पहुँचहिन नागरिकलाई उच्च शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न निःशुल्क अध्ययनको अवसरको प्रत्याभूति गराउन । |
| **२३ महिला सम्बन्धी हक** | ४. महिला बिरुद्ध धार्मिक, सामाजिक, परम्परा वा अन्य कुनै आधारमा शारीरिक, मानसीक, यौनजन्य वा अन्य हिंसाजन्य कार्य वा शोषण गरिने छैन । यस्तो कार्य कानुन बमोजिम दण्डनीनय हुनेछ । र पिडित व्यक्तिलाई उचित क्षतिपुर्ति पाउने हक हुनेछ । | महिला बिरुद्ध धार्मिक, सामाजिक, परम्परा अपाङ्गता वा अन्य कुनै आधारमा शारीरिक, मानसीक, यौनजन्य वा अन्य हिंसाजन्य कार्य वा शोषण गरिने छैन । यस्तो कार्य कानुन बमोजिम दण्डनीनय हुनेछ । र पिडित व्यक्तिलाई उचित क्षतिपुर्ति पाउने हक हुनेछ । | अपाङ्गता भएका महिला माथि हुने हिंसाजन्य कार्य वा शोषणको अन्त्यको लागी |
| **२४. बालबालिका सम्बन्धी हक** | १० असाहय, अनाथ, सुस्थ मनःस्थितिका, अपाङ्गता भएका, द्वन्द्वपिडित ... बालबालिकाहरूलाई राज्यबाट बिशेष संरक्षण र सुविधा पाउने हक हुनेछ । | असाहय, अनाथ, सुस्थ मनःस्थितिका, अति अशक्त, अशक्त अपाङ्गता भएका बालबालिका, द्वन्द्वपिडित बालबालिकाहरूलाई राज्यबाट बिशेष संरक्षण र सुविधा पाउने हक हुनेछ । | अशक्त, अति अशक्त अपाङ्गता भएका बालबालिकाहरूको भविष्य सुनिश्चित गर्न राज्यको दायित्व बढाउन । |

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
|---|---|---|---|
| **२७.सामाजिक न्यायको हक** | १. सामाजिक रुपले पछाडि परेका महिला, अपाङ्गता भएका व्यक्ति तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ ।<br>३. विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।<br>९. अपाङ्गता भएका व्यक्तिलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।<br>११. विगतमा भएका सबै जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनका क्रममा भएका शहिद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाइतेलाई राज्यका सबै संयन्त्रमा सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, राहत र निवृत्तभरणको हक हुनेछ । | | |
| **२८ सामाजिक सुरक्षा सम्बन्धी हक** | विपन्न वर्ग, अशक्त अपाङ्गता भएका व्यक्ति, बालबालिका आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिमको सामाजिक सुरक्षाको हक हुनेछ । | | |
| **ग) मौलिक कर्तव्य** | नागरिकका कर्तव्य<br>भ. आमा, बाबु अपाङ्गता भएका व्यक्ति तथा मानव समुदाय प्रति आदर र सम्मान गर्नु । | | |
| | घ) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व । | | |

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
|---|---|---|---|
| २) **निर्देशक सिद्धान्त** | २. धर्म, संस्कृति वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकाराका विभेद र शोषणको अन्त्य गरी सभ्य र समतामुलक समाजको निर्माण र सहिष्णुतामा आधारीत सामाजिक, साँस्कृतीक मुल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव, ऐक्यवद्धता र सामन्जस्यता कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक साँस्कृतिक उद्देश्य हुनेछ । | धर्म, संस्कृति,अपाङ्गता वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकाराका विभेद र शोषणको अन्त्य गरी सभ्य र समतामुलक समाजको निर्माण र सहिष्णुतामा आधारीत सामाजिक, साँस्कृतीक मुल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव, ऐक्यवद्धता र सामन्जस्यता कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक, साँस्कृतिक उद्देश्य हुनेछ । | धर्म, संस्कृति, प्रथा, अपाङ्गता वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकाराका विभेद र शोषणको अन्त्य गरी सभ्य र समतामुलक समाजको निर्माण गरी राष्ट्रिय एकता सुदृढ गर्न । |
| ३) **राज्यका नीतिहरू** | ग सामाजिक साँस्कृतिक रुपान्तरण सम्बन्धी नीति<br>१. समाजमा विद्यमान धर्म, प्रथा ... वा संस्कारको नाममा हुने विभेद, असमानता, शोषण र अन्ययायको अन्त्य गर्ने<br>१२. सबै लिङ्ग, जाति विपन्न वर्गका नागरिकलाई विशेष प्राथमीकता दिदै राष्ट्रिय आयको न्यायोचित वितरण गर्ने | १ समाजमा विद्यमान धर्म, प्रथा ... अपाङ्गता वा संस्कारको नाममा हुने विभेद, असमानता, शोषण र अन्ययायको अन्त्य गर्ने<br>१२ सबै लिङ्ग, जाति विपन्न वर्ग तथा अपाङ्गता भएका नागरिकलाई विशेष प्राथमीकता दिदै राष्ट्रिय आयको न्यायोचित वितरण गर्ने | १ अपाङ्गताको आधारमा हुने सामाजिक भेदभावको अन्त्य गर्न ।<br>१२ अपाङ्गता भएका नागरिकलाई पनि प्राथमीकता दिदै राष्ट्रिय आयको न्यायोचित वितरण गराउन |

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
| --- | --- | --- | --- |
| | ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति<br>२) महिला, दलित, ... अपाङ्गता भएका व्यक्तिलाई समावेशी सिद्धान्तका आधारमा मुलुकको राज्य संरचना तथा सार्वजनीक सेवामा समावेशी समानुपातिक सहभागिताको सिद्धान्तको आधारमा सहभागी गराउदै जाने<br>८) विपन्न वर्ग ... अपाङ्गता भएका व्यक्ति ... नागरिकको अधिकार, मर्यादा र सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने<br>१० विगतमा भएका सबै जनआन्दोलनहरू, जनयुद्ध, मधेश आन्दोलनका क्रममा भएका शहिद परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाईतेहरूको लागि राज्यका सबै संयन्त्रमा सहभागीता, सरकारी र सार्वजनीक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सामाजिक सुरक्षा, राहत र निवृत्तभरण प्रदान गर्ने<br>१८ अपाङ्गता भएका व्यक्तिको सम्मानपुर्वक बाँच्न पाउने, समाजमा पुनर्स्थापना गर्ने तथा आम संचार, यातायात, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सार्वजनीक सेवाका क्षेत्रमा समान पहुँच कायम गर्दै त्यस्ता सेवा सुविधा उपयोग गर्न सक्ने अवस्था सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने । | | |
| **संवैधानिक समिति** | | | |
| **राजनीतिक दल** | ९. राजनीतिक दलको गठन, दर्ता र संचालन<br>४, ग. विभिन्न स्तरका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी सहभागिताको व्यवस्था गरिएको हुनुपर्दछ । | नेपालको विविधता अन्तर्गत महिला, दलित.... अपाङ्गता भएका व्यक्तिलाई स्पष्ट रुपमा किटानि गर्नुपर्ने | समावेशी सहभागिताको सुनिश्चित गर्नुपर्ने भएकोले |
| **प्रकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति** | | | |

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
|---|---|---|---|
| **राज्यको दायित्व, सिद्धान्त र नीति** | १२, राज्यको निर्देशक सिद्धान्त<br>४. प्राकृतिक एवं आर्थिक स्रोत साधनलाई सिमित व्यक्तिमा केन्द्रित हुन नदिई कुनै पनि जाति, लिङ्ग, वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नदिने राज्यको उद्देश्य हुनेछ । | प्राकृतिक एवं आर्थिक स्रोत साधनलाई सिमित व्यक्तिमा केन्द्रित हुन नदिई कुनै पनि जाति, लिङ्ग, वर्ग, अपाङ्गता भएका व्यक्ति उपर आर्थिक शोषण हुन नदिने राज्यको उद्देश्य हुनेछ । | प्राकृतिक एवं आर्थिक स्रोत साधनको उपयोगमा सहज पुहँच र अधिकार सुनिश्चित गर्न |
| | १३. राज्यका नीतिहरू<br>८. भूमिहीन, सुकुम्वासी ... कम्लहरी लगायतका आर्थिक सामाजिक रुपले पछाडि पारिएका वा परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको वैकल्पिक व्यवस्था गर्ने नीति लिने | भूमिहीन, सुकुम्वासी ... कम्लहरी, अपाङ्गता भएका व्यक्ति लगायतका आर्थिक सामाजिक रुपले पछाडि पारिएका वा परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको वैकल्पिक व्यवस्था गर्ने नीति लिने | अपाङ्गता भएका व्यक्ति पनि आर्थिक सामाजिक रुपले पछाडि पारिएको वर्ग रहेकोले |
| | १३, ९. आर्थिक अधिकारमा महिलाको समान हक स्थापित गर्ने नीति अवलम्बन गर्ने । | आर्थिक अधिकारमा आदिवासी/जनजाति, मधेशी, ... अपाङ्गता भएका महिलाको समान हक स्थापित गर्ने नीति अवलम्बन गर्ने । | महिला भित्रको विविधतालाई सम्बोधन गर्नुपर्ने भएकोले । |
| **राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति** | | | |
| **१४ महिलाको अधिकार** | ५ महिलाले प्राप्त गर्ने सम्पुर्ण अधिकारमा मधेशी महिला ... र दलित महिलाको समेत समानुपातिक प्रतिनिधित्व गराईनेछ । | महिलाले प्राप्त गर्ने सम्पुर्ण अधिकारमा मधेशी महिला ... अपाङ्गता भएका महिला र दलित महिलाको समेत समानुपातिक प्रतिनिधित्व गराईनेछ । | समग्र महिला भित्र अपाङ्ग महिलाको अवस्था झन कठिन हुन्छ । उनीहरूको प्रतिनिधित्वको लागि उक्त उपधारामा किटानीसाथ उल्लेख गर्नुपर्ने । |
| **१८ लोपोन्मुख जाति/समुदाय को अधिकार** | २. आर्थिक र सामाजिक रुपले विपन्न, अति अल्पसंख्यक र सिमान्तिकृत समुदायको प्रतिनिधित्व सहभागिता संरक्षण र विकासका निमित्त राज्यले कानुनद्वारा विशेष व्यवस्था गर्नेछ । | आर्थिक र सामाजिक रुपले विपन्न, अपाङ्गता भएका व्यक्ति, अति अल्पसंख्यक र सिमान्तिकृत समुदायको प्रतिनिधित्व सहभागिता संरक्षण र विकासका निमित्त राज्यले कानुनद्वारा विशेष व्यवस्था गर्नेछ । | विपन्न, अल्पसंख्यक, सिमान्तकृत समुदाय भित्र अपाङ्गता भएका व्यक्तिलाई राख्दा उनीहरूको अधिकार सुनिश्चित नहुने भएकोले । |

| बिषय | प्रस्तावित सवालहरू | सुझाव | औचित्य |
|---|---|---|---|
| **राज्यको शासकीय स्वरूप निर्धारण समिति** | | | |
| **संघीय/केन्द्रीय व्यवस्थापीकाको निर्वाचन** | | संघीय/केन्द्रीय व्यवस्थापीका अन्तर्गत निर्धारण हुने जुनसुकै निर्वाचन प्रणालीमा अपाङ्गता भएका व्यक्तिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था सुनिश्चित गराईनुपर्ने । | अपाङ्गता भएका व्यक्तिलाई जुनसुकै निर्वाचन प्रणालिमा उनीहरुको प्रतिनिधित्व सुनिश्चित गरिनु पर्ने । |
| **राष्ट्रियहितको संरक्षण समिति** | | | |
| राज्यको दायित्व | सार्वभौम सत्ता, राष्ट्रिय अखण्डताको रक्षा.... सबै वर्ग जातजाति, वृद्ध, अपाङ्ग.... को .... प्रवर्द्धन गर्नु राज्यको दायित्व हुनेछ । | अपाङ्गता भएको व्यक्ति राखिनु पर्ने | संयुक्त राष्ट्रसंघबाट पारीत विभिन्न सन्धि अभिसन्धीको मान्यता अनुसार अपाङ्गता भएका व्यक्ति भन्ने शब्दावली प्रचलनमा आएको र अपाङ्ग मात्र भन्दा असमर्थ मात्र भन्ने बुझिने भएकोले उक्त शब्द राखिएको । |

## ग. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सन्दर्भ

| धारा | भएको | सुझाव | औचित्य |
|---|---|---|---|
| **मौलिक अधिकार तथा राज्यका निर्देशक सिद्धान्त समिति** | | | |
| **सम्मानपूर्वक बाँच्न पाउंने हक–१** | १. प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।<br>२. कसैलाई पनि मृत्यु दण्डको सजाय दिने गरी कुनै कानून बनाइने छैन । | मृत्यु दण्ड सम्बन्धी कुनै पनि फरक मतले मान्यता पाउँनु हुँदैन । | नेपाल नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको<br>दोस्रो स्वेच्छिक प्रोटोकल, १९८९ को पक्ष राष्ट्र रहेको, तथा नेपालमा मृत्युदण्डलाई उन्मुलन गरिसकिएको । |
| **स्वतन्त्रताको हक–२** | १. कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन ।<br>२. प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछः-<br>(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,<br>(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,<br>(ग) संघ संस्था खोल्ने स्वतन्त्रता,<br>(घ) राजनीतिक दल खोल्ने स्वतन्त्रता, (ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता,<br>(च) कुनै पेशा, रोजगार, उद्योग, व्यापार र व्यवसाय गर्ने स्वतन्त्रता । | कानून बमोजिम भन्ने वाक्यांश हटाउँनु पर्ने वा थप परिभाषित गर्नु पर्ने ।<br><br>तर पछिका वाक्याशंले स्वतन्त्रताको हक हनन हुंनु हँदैन । | कुनै प्रकारको कानुनले स्वतन्त्रताको हक उलङ्घन गर्दैन मन्ने प्रत्याभूति चाहिन्छ । या स्वतन्त्रताको पूर्ण परिभाषा किटान गरिनु पर्छ । मौलिकअधिकार तथा मानवअधिकार सम्बन्धी अन्तरराष्ट्रिय दस्तावेजहरूको भावना र मर्म अनुसार मौलिकअधिकार तथा मानवअधिकारका विषयहरू अविभाज्य, अन्तरनिहित, सास्वत र जन्मसिद्ध हुन्छन् । मानवअधिकार सम्वन्धी विश्वव्यापी मान्यताहरू जस्तै अहरणीय र विश्वव्यापकता, विभेद विहिनता, सहभागिता र समावेशीकरण, जवाफदेहिता र कानुनी राज्य, जस्ता सर्व स्वीकार्य मान्यताहरूलाई नेपालले स्वीकारेको छ । |

| धारा | भएको | सुझाव | औचित्य |
|---|---|---|---|
| **समानताको हक-३** | १. सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन। | | |
| **आमसञ्चार सम्बन्धी हक-४** | (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन। | तर पछिका वाक्याशंले राष्ट्रियता, सार्वभौमसत्ता वा अखण्डता वा सङ्घीय इकाइ) बीचको सु-सम्बन्धमा असर पार्ने सूचना कै हक कुण्ठित हुन नहुँने। | राष्ट्रियता, सार्वभौमसत्ता वा अखण्डता वा सङ्घीय इकाइ बीचको सु-सम्बन्धमा असर पार्ने सूचना प्रवाह नगर्नाले पनि देशको अस्तित्वमा खतरा पुग्न सक्छ। कतिपय सूचनाहरु जनताको बीचमा प्रवाह नगर्नाले पनि देशको अस्तित्व खतरामा पर्न सक्छ। |
| **अपराधका पीडितको हक-६** | १. अपराधका पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तहकिकात तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ।<br>२. अपराधका पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ। | अपराधका पीडितलाई कानून बमोजिम तत्काल सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ।<br><br>अपराधीलाई तत्काल कारवाहीको सुनिश्चितता हुँनु पर्ने। अपराधी पत्ता तथा प्रमाणीकरण गर्न लाग्ने सम्पूर्ण खर्च राज्यले व्यहोर्नु पर्ने। | तत्काल यस्तो हकको सुनिश्चितता नहँदा वर्षै सम्म पीडितहरु क्षतिपूर्ति विहिन बनेका छन्।<br><br>अपराधीलाई तत्काल कारवाहीको सुनिश्चितता नहुँनाले दण्डहीनता बढेको छ। अपराधी हो भन्ने थाहा हुँदाहँदै पनि आर्थिक अभावले चुप लागेर बस्नु पर्ने वाध्यताको अन्त्य गर्न। |
| **यातना विरुद्धको हक-७** | १. अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन। | मानसिक यातना दिएर अपराध स्वीकार्न लगाउने प्रवृतिलाई निरुत्साही गर्नु पर्ने। | व्यवहारमा मानसिक यातना दिएर अपराध वा गल्ती स्वीकार्न लगाउँने भन्ने गुनासो पाइएको छ। |

| धारा | भएको | सुझाव | औचित्य |
|---|---|---|---|
| **निवारक नजरबन्द विरुद्धको हक-८** | १. नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन । | | |
| **छुवाछुत तथा भेदभाव विरुद्धको हक-९** | १. कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन । | | |
| **सम्पत्ति सम्बन्धी हक-१०** | प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने रसम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।<br>वैज्ञानिक भूमिसुधारको प्रयोजनको लागि भूमिहीन किसान तथा सुकुम्बासीहरूलाई वितरण गर्न जमीन अधिग्रहण गर्दा ... राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा... कानून बमोजिम क्षतिपूर्ति ... दिइनेछ । | बढी सम्पति हुँनेहरुले गरिवहरुका लागि सार्वजनिक ट्रष्टहरुको स्थापना गर्न पाउँने वातावरणको सिर्जना गर्नु पर्ने । | राज्यले सम्पतिको हदवन्दी तोक्ने मात्र होइन हदबन्दी भन्दा बढी भएको सम्पतिमा गरिवहरुको प्रत्यक्ष पहुँच कसरी स्थापित गर्नृ, निर्देशक सिद्धान्तमा किटान गर्नु पर्ने । |
| **धार्मिक स्वतन्त्रताका हक-११** | प्रत्येक व्यक्तिलाई आफनो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने तथा कुनै धर्मबाट अलग रहने स्वतन्त्रता हुनेछ । | | |
| **सूचनाको हक-१२** | प्रत्येक नागरिकलाई आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ । तर कानूनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन । | | |
| **गोपनीयताको हक-१३** | कुनै पनि व्यक्तिको जीउ, आवास, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ । | | |

| धारा | भएको | सुझाव | औचित्य |
|---|---|---|---|
| **शोषण विरुद्धको हक–१४** | शोषण विरुद्धको हकः (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । | | |
| **वातावरण सम्बन्धी हक–१५** | प्रत्येक व्यक्तिलाई स्वस्थ, स्वच्छ र दिगो वातावरणमा बाँच्न पाउने हक हुनेछ । | | |
| **शिक्षा सम्बन्धी हक–१६** | १. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।<br>२. विपन्न वर्गका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ । | प्रत्येक नागरिकलाई मातृभाषा वा सम्पर्क भाषामा शिक्षामा पहुँचको हक हुनेछ ।<br>कानुनमा व्यवस्था भए बमोजिम भन्ने वाक्यांश हटाउँनु पर्ने । | आधारभूत शिक्षामा पहुँचको हकले वर्तमान् सन्दर्भमा कुनै अर्थ नराख्ने । व्यवहारिक र जीवनपयोगी शिक्षाले मात्र देशको आवश्यकता धान्न सक्ने |
| **भाषा तथा संस्कृति सम्बन्धी हक–१७** | १. प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ । | प्रत्येक व्यक्ति र समुदायलाई कार्यालय प्रयोजन तथा दैनिक बोलीचालीमा आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ । | अहिले उठीरहेको माग तथा भाषाको अधिकार लेख्य र पठ्य तथा कार्यालय प्रयोजन र बोलीचालीमा भएर मात्र सामाजिक न्याय हुँन सक्ने । |
| **रोजगारी सम्बन्धी हक–१८** | १. प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीका शर्त र अवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | रोजगारीका शर्त र अवस्था कानूनद्वारा निर्धारण गर्ने होइन । | मौलिक अधिकार कनुनले तोकेर लागु गर्ने कुरा मानवअधिकारको सैद्धान्तिक मानयता विपरित हुन्छ । |

| धारा | भएको | सुझाव | औचित्य |
|---|---|---|---|
| **श्रम सम्बन्धी हक–१९** | १. प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ । | प्रत्येक श्रमिकलाई विना भेदभाव उचित श्रम अभ्यासको हक हुनेछ । | जस्तै महिला र पुरुषले गर्ने समान श्रमको समान मुल्याकंन गरिँदैन । |
| **स्वास्थ्य सम्बन्धी हक–२०** | १. प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन । | आधारभूत शब्द हटाउँने । | आधारभूत शब्द राख्नाले निशुल्क स्वास्थ्य उपचारको भावना र मर्म नै पूरा नहुँने ।<br>वा के लाई निशुल्क स्वास्थ्य भन्ने परिभाषित गरिनु पर्ने । |
| **खाद्य सम्बन्धी हक–२१** | १. प्रत्येक नागरिकलाई खाद्य अधिकार हुनेछ ।<br>२. प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।<br>३. प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ । | कानून बमोजिम भन्ने वाक्यांश हटाइनु पर्छ । | |
| **आवास सम्बन्धी हक–२२** | १. प्रत्येक नागरिकलाई उपयुक्त आवासमा पहुँचको हक हुनेछ । | | |
| **महिला सम्बन्धी हक–२३** | प्रत्येक महिलालाई लैङ्गिक विभेद विना समान वंशीय हक हुनेछ । | आदिवासी जनजातिहरुको हक छुटेको । | सामाजिक न्यायको लक्षित वर्ग र समुदायहरूमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरूलाई राखिएको भए पनि आदिवासी, जनजातिलाई राख्न पर्ने वा नपर्ने आधारहरू अवधारणा पत्रमा खुलाइएको छैन् । यदि राख्नु नपर्ने भए आदिवासी जनजातिहरूको मागलाई सम्बोधन हुने खालको पुष्ट्याइँको आधार समावेश हुनु पर्दछ । |
| **बालबालिका सम्बन्धी हक–२४** | प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ । | | |

| धारा | भएको | सुझाव | औचित्य |
|---|---|---|---|
| **दलित समुदाय सम्बन्धी हक–२५** | दलित समुदायमाथि जातपात र छुवाछूतका आधारमा कुनैपनि स्थानमा कुनैपनि किसिमको विभेद, अवहेलना, असहिष्णु व्यवहार वा भेदभाव गरिने छैन । यस्तो व्यवहार सामाजिक अपराध मानिनेछ र कानूनद्वारा दण्डनीय हुनेछ । | | |
| **सामाजिक न्यायको हक –२७** | सामाजिक रुपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सिमान्तिकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ । | पछाडि पारिएका | यी वर्ग तथा क्षेत्रहरु पछाडि पारिएका भनी सर्वत्र व्याख्या विश्लेषण गरिन थालिएकोले ।<br><br>विगतका कानुन र राज्य संयन्त्रले यी वर्ग र क्षेत्रलाई पछि पारेका प्रसस्त उदाहरणहरु भेटिएकाले । |
| **सामाजिक सुरक्षा सम्बन्धी हक–२८** | विपन्न वर्ग, अशक्त, असहाय, असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । | | |
| **उपभोक्ताको हक–२९** | प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ । | प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु, तिनको बनावट तथा स्रोतको जानकारी सहितको सेवा प्राप्त गर्ने हक हुनेछ । | वस्तमा, तिनको बनावट तथा स्रोतको जानकारी स्पष्ट नतोकिए सम्म गुणस्तरीय हुँन नसक्ने ।<br>उपभोग्य वस्तुको छनोट, सुरक्षा, सुचना, सुनुवाइको हक उपभोक्ताको अधिकार को रुपमा स्थापित हुनु पर्छ । |

| धारा | भएको | सुझाव | औचित्य |
|---|---|---|---|
| **देश निकाला विरुद्धको हक–३०** | कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन । | | |
| **मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हक–३१** | १. मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हकः (१) यस भागद्वारा प्रदत्त शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, रोजगारी सम्बन्धी हक, आवास सम्बन्धी हक, खाद्य सम्बन्धी हक, सामाजिक न्याय सम्बन्धी हक र सामाजिक सुरक्षाको हकको कार्यान्वयनका लागि राज्यले उपयुक्त व्यवस्था गर्नेछ ।<br>२. यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले दुई बर्ष भित्र कानूनी व्यवस्था गर्नेछ । | यस्तो व्यवस्थाले अरु मौलिक हकको अवमुल्यन गर्दछ ।<br>आपत्तिजनक व्यवस्था | मौलिकअधिकार तथा मानवअधिकारका विषयहरूले मानवअधिकार सम्वन्धी विश्वव्यापी मान्यताहरू जस्तै अहरणीय र विश्वव्यापकता, विभेद विहिनता, सहभागिता र समावेशीकरण, जवाफदेहिता र कानुनी राज्य, जस्ता आधारभूत मान्यताहरुलाई अनुभूत गर्न नसकेको ।<br>मानवअधिकार तथा मैलिकअधिकार दिने र लिने का बीचको सम्झौता होइन, सार्वभौम जनता भएको राज्यमा कोही पनि व्यक्ति लिने र दिने तहमा पुगेको हुँदैन । तर अवधारणपत्रमा उल्लेखित वाक्यांशहरू जस्तै *"तर"*, "कानुन बमोजिम", *"कानुन बनाएर"* "कानुनमा उल्लेख भए अनुसार" जस्ता शव्द शव्दावलीको प्रायोगले नेपाली जनतालाई मौलिकअधिकार दिलाउने छुट्टै निकाय छ कि भन्ने देखाउन खोजिएको छ । |
| **अन्य सुझावहरु** | | | |
| | • मौलिक अधिकार जस्ता विषयवस्तुहरू कति दिने र कति लिने भन्ने विषय होइनन् । यिनीहरूलाई जनताको कर्तव्य सँगसँगै गाँसेर हामी नेपाली जनताका मौलिक अधिकार भनी व्याख्या विश्लेषण हुनु पर्दथ्यो । त्यसैले संविधानमा मौलिकअधिकारको सुनिश्चित गर्ने भनेको कानुन बनाउने दायित्व राजयको हो र त्यसको कार्यान्वयनको संयन्त्र पनि बनेको हुन्छ भन्ने बुझिनु पर्ने हो तर प्रस्तावित अवधारणा पत्रमा दुई वर्ष भित्र कानुन बनाउने भनेपछि यी अधिकारहरु नेपाली जनताले प्राप्ति गर्ने कुरामा शंका उत्पन्न भएको छ ।<br>• अवधारणा पत्रमा समावेश भएका वा आभाष दिने खालका *"तिमी "* बाट *"हामी "* मा रुपान्तरण हुनु अत्यन्त जरुरी छ । जति धैरै अधिकार उति धैरै कर्तव्यको मान्यतालाई मौलिक अधिकारको अवधारणपत्रले अङ्गीकार गर्न सकेको छैन ।<br>• मौलिक अधिकार र निर्देशक सिद्धान्तबीचको तालमेल नमिलेको । ३१ ओटा मौलिक अधिकार पूरा गर्ने राज्यको सैद्धान्तिक नीति, कार्यक्रम र समयतालिका स्पष्ट नभएको । मौलिक अधिकारमा नै समय तालिका तोकिनु अनुपयुक्त हुने ।<br>• सबै तहको शिक्षा निशुल्क हुँनु पर्दछ । निशुल्क शिक्षाको लागि कस्तो कानुन बनाउँने निर्देशक सिद्धानतमा लेखिनु पर्दछ । | | |

# घ. आदिवासी जनजातिहरुको अधिकारको सन्दर्भ

| प्रस्तावित प्रावधान | सझाव | औचित्य |
|---|---|---|
| १. राज्यको पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समिति | | |
| प्रदेशको निर्माण<br>१) नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनःसंरचना गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई चौध स्वायत्त प्रदेशमा विभाजन गरिएको छ। | प्रदेश विभाजनलाई पुनरावलोकन गर्नु पर्दछ। | प्रदेश विभाजन गर्दा सिद्धान्त तय नगरी जथाभावी सवैलाई खुश बनाउने हिसावले गरिएको। जस्तै, भाषिक विविधताको हिसाबले तराई मधेशमा धेरैवटा प्रदेश बनाउनु पर्ने र श्रोत तथा जनसंख्याको हिसाबले सो बनाउन सकिने अवस्था हुँदा हुँदै पनि जबर्जस्ती २ वटामा खाँदिएको छ। एउटै जाति र भाषीका लागि खप्तड र कर्णाली बनाइएको छ जो आवश्यकता र माग दुवै होइन। त्यस्तै, साम्यर्थ्य र जनसंख्याको ठूलो असमानता हुने गरी विभाजन गरिएको छ। तराई मधेशमा प्रस्तावित प्रदेश र शेर्पावान र जडान प्रदेशको कसरी तुलना गर्न सकिन्छ ? |
| संघ, प्रदेश, स्थान्रीय तह र विशेष संरचनाको अधिकारको बाँडफाँड<br>१) यस संविधानको अनुसूचि ३ मा उल्लेखित विषयमा संघको अधिकार निहित रहने छ। सङ्घीय व्यवस्थापिकाले यस संविधानको अनुसुचि ३ मा उल्लेखित विषयमा कानून बनाउन सक्नेछ। | | |
| १) यस संविधानको अनुसूचि ४ मा उल्लेखित विषयमा प्रदेशको अधिकार निहित रहने छ। प्रादेशिक व्यवस्थापिकाले यस संविधानको अनुसूचि ४ मा उल्लेखित विषयमा कानून बनाउन सक्नेछ। | | |
| अनुसूचि ५ साझा सूची | | |
| अनुसूचि ६ स्थानीय तहको अधिकार | | |
| अनुसूचि ७ स्वायत्त क्षेत्रको अधिकार | | |
| विशेष क्षेत्र र संरक्षित क्षेत्रको अधिकार प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ। | | |

| प्रस्तावित प्रावधान | सझाव | औचित्य |
| --- | --- | --- |
| (११) संघ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना अन्तर्गतको स्वायत्त क्षेत्रको अधिकारको सूचिमा वा साझा सूचिमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधान तथा संविधान अन्तर्गतका कानूनमा नतोकिएको विषयमा कानून बनाउने अधिकार सङ्घीय व्यवस्थापिकामा निहित हुनेछ । | | |
| १०. सङ्घीय एकाइहरुवीच अन्तरसम्बन्ध<br>(४) संघले राष्ट्रिय महत्वका विषयहरुमा र प्रदेशहरुवीच समन्वय गर्नुपर्ने विषयमा सवै प्रदेशहरका लागि संविधान र कानून बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेशको कर्त्तव्य हुनेछ ।<br>तर प्रदेशको अधिकारमा हस्तक्षेप हुने गरी संघले कुनै निर्देशन वा कार्यकारिणी आदेश जारी गर्ने छैन । | | |
| (१२) संघले सम्बन्धित प्रदेश मार्फत स्थानीय तह र विशेष संरचनालाई संविधान र प्रचलित कानून बमोजिम सहयोग गर्न र निर्देशन दिन सक्नेछ । | | |
| (७) कुनै प्रदेशभित्रको विवाद समाधान गर्न सो प्रदेश वा प्रदेशहरु भित्र प्रादेशिक जनमत संग्रह र समग्र राष्ट्रको विषयमा राष्ट्रिय जनमत संग्रह गर्न सकिने छ ।<br>(८) जनमत संग्रह सम्बन्धी अन्य व्यवस्था सङ्घीय व्यवस्थापिकाद्वारा कानून बनाइ निर्धारण गरे बमोजिम हुने छ । | | |
| (९) प्रदेश र स्थानीय तह वा प्रदेश र विशेष संरचनाहरु वा स्थानीय तहहरु वा स्थानयि तह र विशेष संरचनाहरु वा विशेष संरचना अन्तर्गतका क्षेत्रहरु वीच विवाद उत्पन्न भएमा सम्बन्धित प्रदेशको व्यवस्थापिकाले छलफल गरी समाधान गर्न सक्नेछ । | | प्रदेशको व्यवस्थापिकामा विशेष संरचनाअन्तर्गतको प्रतिनिधित्व न्यून हुने भएकाले विवादित विषयमा निकालिने समाधान जहिले पनि त्यस्ता संरचनाको हुने संभावना रहने रहन्छ । |
| १२. आत्मनिर्णयको अधिकार<br>(१) आदिवासी, आदिवासी जनजाति, मधेशीलाई आन्तरिक र स्थानीय रुपमा राजनीति, सँस्कृति, धर्म, भाषा, शिक्षा, सूचना, संचार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि, श्रोतसाधनको परिचालन तथा वातावरण सम्बन्धी अधिकारका रुपमा आत्मनिर्णयको अधिकार रहनेछ । यी विषयहरुमा कानून बनाइ निश्चित गरिनेछ । *मौलिक हकसम्बन्धी भागमा रहने* | | अन्तराष्ट्रिय कानूनअनुसार उपनिवेशमा रहेका राष्ट्रहरु र आदिवासी जातिलाई मात्र यो अधिकार प्राप्त छ । संयुक्त राष्ट्र सङ्घीय आदिवासी विश्व घोषणापत्र अनुसार नेपालका आदिवासी जातिलाई मात्र यो अधिकार हुन्छ । |

| प्रस्तावित प्रावधान | स’भ्काव | औचित्य |
|---|---|---|
| १३. राजनीतिक अग्राधिकार सम्बन्धी व्यवस्था<br>(१) मूल संरचना अन्तर्गत जातीय/समुदायका आधारमा निर्माण हुने प्रदेशहरुको हकमा राजनीतिक दलहरुले निर्वाचनको समयमा र प्रादेशिक सरकार निर्माणको क्रममा सम्बन्धित प्रदेशमा बाहुल्य रहेको जाति/समुदायको सदस्यलाई मुख्य नेत्तृत्व तहमा प्राथमिकता दिनु पर्नेछ। तर यस्तो राजनीतिक अग्राधिकारको व्यवस्था दुइ कार्यकालपछि स्वतः निष्क्रिय हुनेछ।<br>(२) विशेष संरचना अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा बाहुल्य रहेको जाति/समुदायको त्यस्तो स्वायत्त क्षेत्रको प्रमुख नेत्तृत्व तहमा राजनीतिक अग्राधिकार हुनेछ। तर यस्तो राजनीतिक अग्राधिकारको व्यवस्था दुइ कार्यकालपछि स्वतः निष्क्रिय हुनेछ। | १) मूल संरचना अन्तर्गत जातीय/समुदायका आधारमा निर्माण हुने प्रदेशहरुको हकमा उक्त प्रदेशका मुख्य आदिवासी जाति/समुदायलाई प्रदेशको व्यवस्थापिका र कार्यपालिकामा उक्त को बहुमतमा प्रतिनिधित्वका साथै मुख्य नेत्तृत्वमा राजनीतिक अग्राधिकार रहनेछ। | प्रस्तावित व्यवस्था अल्मल्याउने किसिमको रहेकोले प्रष्ट पार्न। साथै, अग्राधिकारको अवधि तोक्ने अन्तराष्ट्रिय (भारतको उत्तरपूवी राज्य तथा बोडो स्वायत्त परिषद, चीनको आदिवासी क्षेत्र, डेनमार्कको ग्रीनलैण्ड) प्रचलन नरहेको। |
| **संवैधानिक समिति** | | |
| ६) राष्ट्रिय झण्डा | सवै समुदायको प्रतिनिधित्व गर्ने किसिमको हुनुपर्ने। | कानूनी भन्दा पनि राजनीतिक विषयवस्तु। |
| ७. राजनीतिक दल<br>९) (५) कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता हुने छैन। | | |
| **२. राज्यको शासकीय स्वरुप निर्धारण समिति** | | |
| ३. सार्वजनिक प्रशासन<br>१. सार्वजनिक प्रशासनका आधारभूत मार्गदर्शक सिद्धान्त<br>(झ) समानुपातिक समावेशी सिद्धान्त एवं आधारभूत योग्यता र दक्षताको आधारमा कर्मचारीको नियुक्ति गर्ने, साथै महिला, दलित, आदिवासी/जनजाति, पिछडिएको क्षेत्र, मधेसी, मुस्लिम, अपांगलगायत पछाडि पारिएको वर्ग र समुदायका लागि मानव विकास सुचकांकको आधारमा क्षतिपूर्तिको व्यवस्था गर्ने, | यो व्यवस्था मार्गदर्शक सिद्धान्तको रुपमा होइन, ४. सरकारी सेवाको गठन र सञ्चालन अन्तर्गत आउनु पर्ने। | |

| प्रस्तावित प्रावधान | सुझाव | औचित्य |
|---|---|---|
| **प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाड समिति** | | |
| १. प्रस्तावना<br>प्राकृतिक श्रोत र साधनको उपयोगमा आदिवासी, जनजाति लगायतका स्थानीय समुदायको पहिलो अधिकार सुनिश्चित गर्ने, | | |
| ४.११ राज्यको दायित्व<br>(१) प्राकृतिक श्रोतको संरक्षण, सम्वर्द्धन एवं दिगो उपयोग गर्दा स्थानीय समुदायको आवश्यकतालाई प्राथमिकता दिंदै त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने, | स्थानीयपछि आदिवासी शव्द थप गरी निम्नअनुसार गर्ने<br>प्राकृतिक श्रोतको संरक्षण, सम्वर्द्धन एवं दिगो उपयोग गर्दा स्थानीय समुदाय, आदिवासी समुदायको आवश्यकतालाई प्राथमिकता दिंदै त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने, | |
| (२) आदिवासी, जनजाति, दलित एवं स्थानीय समुदायको आनुवंशिक श्रोत एवं साँस्कृतिक सम्पदा सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, सम्बर्द्धन एवं सुरक्षण गर्ने र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने, | आदिवासी जनजाति र दलितसम्बन्धी छुट्टा छुट्टै गरी निम्नअनुसार उल्लेख गर्नुपर्ने<br>प्राकृतिक श्रोत, आनुवंशिक श्रोत साँस्कृतिक सम्पदासम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, सम्वर्द्धन एवं सुरक्षण गर्ने र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने | |
| ३४. राष्ट्रिय प्राकृतिक श्रोत आयोग | आदिवासी जनजातिको सहभागिता सुनिश्चित गरिनु पर्ने । | प्रकृतिक श्रोतमा आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्नु पर्ने र यससम्बन्धी अभिसन्धि (ILO 169) नेपाल सरकारले अनुमोदन गरिसकेकाले सोहीअनुसार सामन्जस्य मिलाउनु पन । |
| २७. सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन | थप गर्नु पर्ने<br>मूल रुपमा कुनै प्रदेशसँग मात्र सरोकार राख्ने वा कुनै प्रदेशलाई मात्र असर पार्ने किसिमको सन्धि वा सम्झौता अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्दा सम्बन्धित प्रदेशको स्वीकृति लिएरमात्र गरिनेछ । | |

| प्रस्तावित प्रावधान | संशोधन प्रस्ताव | औचित्य |
|---|---|---|
| **अल्पसंख्यक तथा सिमान्तिकृत समुदायको हक, अधिकार संरक्षण समिति** | | |
| अल्पसंख्यक तथा सिमान्तिकृत समुदायको परिभाषामा जातीय, धार्मिक, भाषिक मात्र उल्लेख भएको | ...सामाजिक, सांस्कृतिक, आर्थिक थप गर्नुपर्ने | परिभाषाले सामाजिक, साँस्कृतिक र आर्थिक रुपले सीमान्तीकृत समुदायलाई नसमेट्ने भएकाले । |
| अल्पसंख्यकको परिभाषा:<br>राज्यद्वारा सबै खाले विभेद र उत्पीडनमा पारिएका समुदाय, यस्तो विभेद र उत्पीडन भोग्दै आएको कम जनसंख्या भएको जातीय, धार्मिक वा भाषिक समुदाय | रायद्वारा प्रभुत्वको तहमा रहेका समुदाय भन्दा भाषिक, धार्मिक, सांस्कृतिक, जातीय रुपमा भन्दा पृथक तथा तीनका आधारमा विभेदमा पारिएका तथा कम जनसंख्या भएको जातीय, धार्मिक वा भाषिक नेपालका समुदायहरु सबै खाले विभेद र उत्पीडनमा पारिएका समुदाय, यस्तो विभेद र उत्पीडन भोग्दै आएको कम जनसंख्या भएको जातीय, धार्मिक वा भाषिक समुदाय | स्पष्टताका लागि |
| सीमान्तकृत समुदायको परिभाषा<br>आर्थिक वा सामाजिक वा शैक्षिक वा राजनीतिक वा स्वास्थ्य वा भाषिक वा धार्मिक वा क्षेत्रीय वा लैङ्गिक वा यौनिक वा यी मध्ये कुनै वा सबैका आधारमा राज्यद्वारा पछाडि पारिएको समुदाय | राज्यद्वारा पछाडि पारिएको उल्लेख गरिनुपर्ने<br>आर्थिक वा सामाजिक वा शैक्षिक वा राजनीतिक वा स्वास्थ्य वा भाषिक वा धार्मिक वा क्षेत्रीय वा लैङ्गिक वा यौनिक वा यी मध्ये कुनै वा सबैका आधारमा राज्यद्वारा पछाडि पारिएको समुदाय | इतिहासप्रति न्याय गर्नका लागि । |
| बहिष्कृत समुदायको परिभाषा<br>• जातीय विभेद र छुवाछुतमा पारिएको<br>• भाषिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिग वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा पारिएका<br>• शारीरिक वा मानसिक अशक्तता वा अपाङ्गता भएको<br>• राज्यसत्तामा समावेश हुन नपाएको समुदाय | • जातीय विभेद र छुवाछुतमा पारिएको दलित<br>• भाषिक, सामाजिक, सांस्कृतिक, धार्मिक र जातीय विभेदमा पारिएको आदिवासी जनजाति<br>• क्षेत्रीय विभेद र उत्पीडनमा पारिएका मधेशी<br>• धार्मिक विभेदमा पारिएका मुस्लिम लगायत गैरहिन्दू आर्थिक विभेदमा पारिएका सुदूर पश्चिमाञ्चल लगायत अन्य दुर्गम क्षेत्रका समुदाय मानसिक वा शारीरिक अशक्तता वा अपाङ्गता भएका | स्पष्टताका लागि ।<br>भविष्यमा अन्यथा व्याख्या हुन सक्ने सम्भावनालाई रोक्न । |

| प्रस्तावित प्रावधान | संशोधन प्रस्ताव | औचित्य |
|---|---|---|
| **सम्पर्क भाषा**<br>देवनागरी लिपिमा नेपाली भाषा नेपाल राष्ट्रको सरकारी कामकाजको र प्रान्तीय राज्यसंगको सम्पर्क भाषा हुनेछ । | केन्द्रीय सरकारले वहुभाषा नीति अन्तर्गत संभाव्यता र आवश्यकताका आधारमा एक भन्दा वढी भाषाहरुलाई सम्पर्क भाषाको रुपमा प्रयोग गर्ने छ | |
| प्रान्तीय वा राज्य कार्यकारिणीले आफ्नो प्रान्त वा राज्यभित्र वहुसंख्यक जनताले बोल्ने एक वा एक भन्दा वढी भाषालाई सहमतिको आधारमा प्रान्तीय वा राज्य कामकाजको भाषाको रुपमा चयन गर्नेछ । | आफ्नो प्रान्त वा राज्यभित्र त्यहाँको मौलिक तथा वहुसंख्यक जनताले मातृभाषाको रुपमा बोल्ने एक वा एक भन्दा वढी भाषालाई सहमतिको आधारमा प्रान्तीय वा राज्य कामकाजको भाषाको रुपमा चयन गर्नेछ । | |
| राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछि पारिएका उत्पिडित क्षेत्र, वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागीको हुने हक हुनेछ । | रेखांकित पदावली थप गरी निम्नअनुसार गर्ने<br>राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछि पारिएका उत्पिडित क्षेत्र, वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा समुदायगत पहिचान सहित प्रतिनिधित्व र सहभागीको हुने हक हुनेछ । | |
| राज्यको नीति, निर्देशक सिद्धान्त तथा दायित्व (प्राकृतिक साधन श्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी)<br>राष्ट्रिय हित अनुकुल तथा उत्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक श्रोत साधनको संरक्षण, सम्बर्द्धन र वातावरण मैत्री रुपमा दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता दिंदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने | राष्ट्रिय हित अनुकुल तथा उत्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक श्रोत साधनको संरक्षण, सम्बर्द्धन र वातावरण मैत्री रुपमा दिगो उपयोग गर्ने र आदिवासी जाति तथा स्थानीय समुदायलाई अग्राधिकार प्राथमिकता दिंदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने | आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रिय घोषणा तथा अभिसन्धि अनुकुल व्यवस्था गर्न । |
| जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने | जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने तथा जैविक श्रोत र आदिवासी ज्ञान, प्रविधि र अभ्यासको उनीहरुको सहमतिमा व्यापारिक उपयोग गर्ने र त्यसको लाभ समन्यायिक बाँडफाँड गर्ने | |

| प्रस्तावित प्रावधान | संशोधन प्रस्ताव | औचित्य |
|---|---|---|
| **मौलिक हक तथा राज्यको निर्देशक सिद्धान्त समिति** | | |
| **स्वतन्त्रताको हक प्रतिवन्धात्मक प्रावधानहरु**<br>....विभिन्न जात, जाति, धर्म, सम्प्रदायवीचको सुसम्बन्धमा खलल पर्ने कार्य वा जातीय भेदभावलाई दुरुत्साहन गर्ने...<br>....जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायवीचको सुसम्बन्धमा खलल पर्ने....कार्यमा मनासिव प्रतिवन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिनेछैन । | उल्लिखित प्रतिवन्धान्धात्मक वाक्य हटाइ निम्नअनुसार राख्ने :<br>देहायको अवस्था र कानुनद्वारा तोकिएको प्रक्रिया बाहेकका कसैको स्वतन्त्रता वा प्रतिवन्ध वा नियन्त्रण हुने छैन :<br>क) अरुको अधिकार तथा स्वाभिमानको सम्मानका लागि<br>ख) राष्ट्रिय सुरक्षा, शान्ति सुरक्षा, सार्वजनिक स्वास्थ्य वा नैतिकताको सुरक्षाको लागि, र<br>ग) संकटकाल घोषणा गर्नु पर्ने स्थितिमा | १) अन्तर्राष्ट्रिय मापदण्ड अनुसार नभएको र<br>२) कुन कार्यले विद्वेष फैलाउँछ, सुसम्बन्धमा खलल पुर्‍याउँछ भन्ने कुरा स्वेच्छाचारी व्याख्या भइ आदिवासी जनजातिहरुको गतिविधिमा नियन्त्रण हुन सक्ने भएकाले । |
| आम सञ्चार सम्बन्धी हक १ मा प्रतिवन्धात्मक वाक्य<br>.... तर नेपालको राष्ट्रियता, सार्वभौमसत्ता वा अखण्डता वा सङ्घीय इकाइवीचको सुसम्बन्धमा खलल पर्ने वा विभिन्न जात, जाति वा सम्प्रदायवीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह... | पुनरावलोकन गर्नु पर्दछ । | १) अन्तर्राष्ट्रिय मापदण्ड अनुसार नभएको र<br>२) कुन कार्यले विद्वेष फैलाउँछ, सुसम्बन्धमा खलल पुर्‍याउँछ भन्ने कुरा स्वेच्छाचारी व्याख्या भइ आदिवासी जनजातिहरुको गतिविधिमा नियन्त्रण हुन सक्ने भएकाले । |
| | थप गर्ने :<br>आदिवासीहरूलाई राज्यद्धारा सञ्चालित तथा सबै किसिमका सञ्चार माध्यमहरूमा विना भेदभाव पहुँचको हक साथै आफ्नै मातृभाषामा संचार माध्यम स्थापनाको लागि राज्यवाट साधान स्रोत प्राप्त गर्ने हक हुनेछ । | मातृभाषाको संरक्षण राज्यको दायित्व भएको र सवै मातृभाषी सञ्चार माध्यम शुरुमै व्यवसायिक रुपमा अगाडि बढ्न नसक्ने भएकोले |
| **न्यायसम्बन्धी हक** | थप गर्ने :<br>१) आदिवासीजाति वा समुदायको विषयमा परेको मुद्दामा आदिवासीजातिका परम्परागत संस्थालाई आफ्नो पक्षबाट उपस्थित हुने, वहश र पुर्पक्षमा भाग लिने र प्रतिनिधित्व गर्ने हक हुनेछ ।<br>२) कुनै पनि व्यक्तिलाई अदालतमा प्रयोग गरिने भाषा नबुझ्ने अवस्थामा दोभाषेको सहयोग लिने हक हुनेछ । | आदिवासी जनजातिको भिन्न साँस्कृतिक मूल्य मान्यता र भाषाका कारणले न्यायमा विभेद नहोस् भन्ने हेतुले |

| प्रस्तावित प्रावधान | संशोधन प्रस्ताव | औचित्य |
|---|---|---|
| सूचनाको हक | थप गर्ने :<br>प्रत्येक आदिवासी नागरिक तथा समुदायलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना आ-आफ्नो मातृभाषामा माग्ने वा प्राप्त गर्ने हक हुनेछ । | भाषिक समानताको प्रत्याभूति र सूचनामा सहज पहुँचका लागि |
| शिक्षा सम्बन्धी हक | थप गर्ने :<br>आदिवासीलाई पठनपाठनको आफ्नो साँस्कृतिक पद्धतिहरूसंग उपयुक्त हुनेगरि आफ्नै भाषामा शिक्षा उपलब्ध गराउने आफ्ना शिक्षण प्रणाली र संस्थाहरूको स्थापना तथा तिनमाथि नियन्त्रण गर्ने अधिकार हुनेछ । | प्रस्तावित मस्यौदाले समेट्न छुटाएकाले । |
| भाषा तथा सँस्कृतिसम्बन्धी हक | थप गर्ने :<br>मातृभाषामा विद्यालय सञ्चालन गर्न आदिवासी समुदायलाई राज्यले पर्याप्त साधन श्रोत उपलब्ध गराउनेछ । | प्रस्तावित मस्यौदाले समेट्न छुटाएकाले । |
| श्रमसम्बन्धी हक | थप गर्ने :<br>आदिवासीहरूको परम्परागत पेशा तथा व्यवसाय अभ्यास गर्न पाउने, सो संग सम्बन्धित भूमि तथा प्राकृतिक श्रोत साधनमाथि पहुँच, नियन्त्रण, व्यवस्थापन र विकास गर्न पाउने हक हुनेछ । | प्रस्तावित मस्यौदाले समेट्न छुटाएकाले । |
| स्वास्थ्य सम्बन्धी हक | आदिवासी जातिलाई  परम्परागत स्वस्थ्य प्रणाली र स्वास्थ्य सेवाका ज्ञान, सीप, प्रविधिको अभ्याश, अनुसन्धान, संरक्षण, विकास, तथा विस्तार गर्ने हक हुनेछ । त्यसका लागी राज्यले आवश्यक श्रोत साधन उपलब्ध गराउने छ । | प्रस्तावित मस्यौदाले समेट्न छुटाएकाले । |
| महिलाको हक<br>६) प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अधिकारको हक हुनेछ । | प्रत्येक महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा_समावेशी  र  सकारात्मक विभेदका आधारमा विशेष अधिकारको हक हुनेछ । | महिलाहरु वीचमा पनि सवै महिलाको अवस्था उस्तै नभएकोले समावेशीको सुनिश्चितताका लागि |
| बालबालिकाको हक | थप गर्ने :<br>आदिवासी जनजातिका बालबालिकाहरुलाई आफ्नो साँस्कृतिक परम्पराअनुसार मातृभाषामा शिक्षा प्राप्त गर्ने हक हुनेछ । | |

| प्रस्तावित प्रावधान | संशोधन प्रस्ताव | औचित्य |
|---|---|---|
| **सामाजिक साँस्कृतिक ऐक्यवद्धताको आधार निर्माण समिति** | | |
| सामाजिक न्यायको हक:<br>१) राजनीतिक, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, युवा र मजदुर वर्गलाई कानूनमा व्यवस्था भए बमोजिम समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा सहभागिताको हक हुनेछ। | कानुनमा व्यवस्था भएबमोजिम भन्ने हटाउने र समुदायगत पहिचानसहित प्रतिनिधित्व र थप गरी निम्नअनुसार गर्ने<br>१) राजनीतिक, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, युवा र मजदुर वर्गलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा समुदायगत पहिचानसहित प्रतिनिधित्व र सहभागिताको हक हुनेछ। | |
| २) आर्थिक तथा सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मधेशी समुदाय, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, युवा पिछडिएको क्षेत्रका समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम, समानुपातिक र समावेशी सिद्धान्तका आधारमा सरकारी तथा सार्वजनिक सेवामा सहभागी हुन पाउने हक हुनेछ। | कानुनमा व्यवस्था भएबमोजिम भन्ने हटाउने | |
| आदिवासी जनजातिको हक<br>४. प्राकृतिक श्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्बन्धको आधारमा आदिवासी जनजातिलाई आफ्नो पहिचान र सम्मानजनक पहुँचको हक हुनेछ। | ४. प्राकृतिक श्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्बन्धको आधारमा आदिवासी जनजातिलाई अग्राधिकार हुनेछ। | |

| प्रस्तावित प्रावधान | संशोधन प्रस्ताव |
|---|---|
| **आदिवासीजातिको हकको रुपमा थप गर्नु पर्ने :** | |
| | १) आत्मनिर्णय र स्वशासन/स्वायत्तताको अधिकार :<br>परापूर्वकालदेखि आदिम भूस्वामीकारुपमा बसोबास गर्दैआएका आदिवासी जातिहरुलाई हाल जहाँ र जुनसुकै अवस्थामा रहेबसेका भएतापनि आफ्नो मौलिक पहिचानका साथ आ-आफ्नो समुदायको समुचित राजनीतिक, आर्थिक, साँस्कृतिक एवं भाषिक संरक्षण र सम्बर्द्धनका लागि आ-आफ्नो परम्परागत आदिभूमिमा आत्मनिर्णयको अधिकारसहित स्वशासन तथा सयत्तताको अधिकार हुनेछ ।<br>२) भूमि तथा प्राकृतिक स्रोतसाधन माथिको हकः<br>(क) आदिवासीहरूले परम्परागत रूपमा भोगि, चर्ची, ओगटी आएको भूमि, भू-क्षेत्र, प्राकृतिक स्रोतसाधनमाथि अग्राधिकार हुनेछ। परम्परागत भूमि, प्राकृतिक स्रोत तथा जैविक विविधतामा पहुँच, नियन्त्रण, व्यवस्थापन, संरक्षण, विकास तथा लाभ प्राप्त गर्ने अधिकार हुनेछ। सहमति विना लिइएका भूमि तथा प्राकृतिक स्रोत साधनउपर आदिवासीहरूको पुनःप्राप्तिको हक हुनेछ। पुनः प्राप्ति गर्न नसकिने तथ्यपरक कारण विधमान भएमा आदिवासीहरूलाई यथाशिघ्र न्यायपूर्ण, निश्पक्ष, क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ ।<br>३) सांस्कृतिक सम्पदा सम्बन्धी हकः<br>क) आदिवासीहरूको आफ्नो साँस्कृतिक सम्पदा, (भौतिक तथा अभौतिक) परम्परागत ज्ञान, आविष्कार, कला, साहित्य, लोकपरम्परा र सोसंग जोडिएर आउने बौद्धिक सम्पत्तिको आनुवंशिक संसाधन, वीउविजन, औषधि, जीवजन्तु तथा वनस्पतिसम्बन्धी ज्ञान, सीप, अभ्याश र अभिव्यक्ति कायम राख्ने, नियन्त्रण गर्ने, संरक्षण गर्ने र विकास गर्ने हक हुनेछ ।<br>४) अग्रिम सुसूचित सहमतिको हकः आदिवासीलाई प्रभावित बनाउने वा उनीहरूसंग सरोकार रहने संविधान, ऐन, कानुन, नियम तथा नीति तर्जुमा संसोधन, परिमार्जन, खारेजी, कार्यान्वयनका साथै, विकास निर्माणको कार्य गरिदा आदिवासीहरूलाई सहभागिता तथा स्वतन्त्र अग्रिम तथा सुसूचित सहमतिको हक हुनेछ। नकारात्मक वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक वा आध्यात्मिक प्रभाव परेमा उचित र न्यायपूर्ण क्षतिपूर्ति प्रदान गर्नेछ ।<br>५) विकासको रणनीति तय गर्ने हकः आदिवासी जातिसँग विकाससम्बन्धी आफ्नो अधिकार उपभोग गर्नका लागि प्राथमिकता तथा रणनीतिहरू निर्धारण गर्ने तथा तय गर्ने अधिकार छ। विशेषगरी, आदिवासी जनजातिसँग स्वास्थ्य, आवास तथा आफूहरूलाई प्रभावित बनाइरहेको अन्य आर्थिक तथा सामाजिक कार्यक्रमहरू तर्जुमा तथा निर्धारण गर्न सक्रिय रूपमा सहभागी हुने र सम्भव भएसम्म उनीहरूका आफ्नै संस्थाहरूबाट त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्ने अधिकार छ । |

| प्रस्तावित प्रावधान | संशोधन प्रस्ताव |
|---|---|
| | ६) न्याय, प्रथाजनित कानून र संस्थासम्बन्धी हकः<br>क) अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनहरूको मुल्य मान्यताअनुरूप आदिवासीहरूका संस्थागत संरचना, पृथक प्रचलनहरू, आध्यात्मिकता, कानुन, प्रथा, परम्परा, प्रक्रिया, प्रचलन, न्यायिक प्रणाली र न्यायिक संस्थाहरू कायम राख्ने तथा अभ्यास गर्ने हक हुनेछ ।<br>ख) आदिवासीहरूको न्याय प्रशासन र न्यायिक संस्थाहरूको विकास तथा क्षमता अभिवृद्धिको लागि राज्यले साधन स्रोत उपलब्ध गराउनेछ ।<br>ग) परम्परागत नेतृत्व, परम्परागत नेतृत्वको भूमिका, समुदायहरूको प्रथाहरू पालना सम्बन्धमा सङ्घीय तथा प्रादेशिक कानुनले संस्थागत रूपमा मान्यता प्रदान गर्ने छ ।<br>७) अस्तित्व र पहिचानको हकः आदिवासीजाति, जनजाति तथा जातीय समुदायलाई आफनो साँस्कृतिक अस्तित्व र पहिचान राख्ने तथा राष्ट्रियताको हक हुनेछ ।<br>८) प्रतिनिधित्व तथा सहभागिताको हकः आदिवासीहरूलाई सरोकार रहने तथा प्रभावित पार्ने कानुनी, नीतिगत, प्रशासनिक वा अन्य कुनै उपायहरू तर्जुमा, अवलम्बन एवं कार्यान्वयन गरिदा वा राज्यका सबै तहका अङ्ग र निकायहरूका निर्णय प्रक्रियाहरूमा आदिवासीहरूलाई आफ्नो परम्परागत तथा प्रतिनिधिमूलक संस्थाअन्तर्गत मौलिक प्रक्रिया अनुरूप स्वतन्त्ररूपमा छानेका प्रतिनिधि मार्फत सहभागिता तथा प्रतिनिधित्वको हक हुनेछ ।<br>९) विस्थापन विरूद्धको हकः आदिवासीजाति, जनजातिलाई उनीहरूको भूमि वा क्षेत्रबाट बलपूर्वक हटाइने छैन । सम्बन्धित आदिवासी तथा जनजातिको स्वतन्त्र, पूर्व तथा सुसूचित मञ्जुरी तथा क्षतिपूर्ति विना कुनै पुनर्स्थापना कार्य गरिने छैन ।<br>१०) क्षतिपूर्तिः सहमतिमा निर्धारण भए अनुसार फर्कन नपाएको अवस्थामा वा सहमति नै नभएको अवस्थामा सम्बन्धित आदिवासी तथा जनजातिलाई उपयुक्त प्रक्रियाहरूको माध्यमद्धारा आफूले विगतमा बसोबास गरिरहेका भूमिहरूको क्षतिपूर्तिस्वरूप कम्तिमा पनि त्यही गुण तथा कानुनी मान्यता बराबरको भूमि, उनीहरूको वर्तमान आवश्यक्ताहरू तथा भविष्यको विकासलाई पूर्ति गर्नका लाथि उपयुक्त हुने गरी प्रदान गरिनेछ । यदि सम्बन्धित समुहहरूले क्षतिपूर्तिको रूपमा मौद्रिक वा अन्य कुनै विकल्पलाई स्वीकार गरेमा उनीहरूलाई उपयुक्त प्रत्याभूतिहरूका साथ सो क्षतिपूर्ति प्रदान गरिनेछ । |

| प्रस्तावित प्रावधान | संशोधन प्रस्ताव | औचित्य |
|---|---|---|
| **अन्य सुझावहरु**<br>**राज्यको** निर्देशकसिद्धान्त<br>(१) देशको सार्वभौमसत्ता, स्वाधीनता र खण्डतालाई सर्वोपरि राखदै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मावन अधिकारका मूल्य र मान्यता, समावेशीकरण, समानुपातिक सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोक कल्याणकारी व्यवस्थाको स्थापना गर्ने एवम् सहयोगी संघात्मकताका आधारमा राज्य राज्यबीचको सम्बन्ध सञ्चालन गर्दै आत्मनिर्णयको अधिकार सहितको जातीय तथा क्षेत्रीय  स्थानीय स्वायत्तता (/र विकेन्द्रीकरण) को आधारमा शासन व्यवस्था  जनताको समावेशी (/समानुपातिक) सहभागिता सुनिश्चित गरी लोकतन्त्रका लाभ उपभोग गर्न पाउन अवस्था सुनिश्चित गर्न ( बहुलवाद) बहुसाँस्कृतिकवादमा आधारित सङ्घीय लोकतान्त्रिक गाणतन्त्र) / (समाजवादी गणतन्त्रण) स्थापना गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ । | समानुपातिक थप, (आत्मनिर्णयको अधिकार सहितको () हटाउने र  जातीय तथा क्षेत्रीय थप, (/र विकेन्द्रीकरण) हटाउने । बहुलवाद को सट्टामा बहुसाँस्कृतिकवाद राख्ने | |
| सामाजिक सांस्कृति सम्पदा सम्बन्धीः<br>देशको साँस्कृति विविधता कायम राख्दै समानता एवम् सहअस्तित्वका आधारमा विभिन्न जात, जाति र समुदायको संस्कृति, भाषा, साहित्य, लीपि, र कलाको संरक्षण र विकास गर्ने, | इतिहास, शिक्षा, परम्परागत शिक्षण प्रणाली थप्ने ।<br>विविधता कायम राख्दै समानता एवम् सहअस्तित्वका आधारमा विभिन्न जात, जाति र समुदायको संस्कृति, भाषा, इतिहास, साहित्य, लीपि, शिक्षा, परम्परगत शिक्षण प्रणाली र कलाको संरक्षण र विकास गर्ने, | |

| प्रस्तावित प्रावधान | संशोधन प्रस्ताव | औचित्य |
|---|---|---|
| प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी<br>१. राष्ट्रिय हित अनुकूल तथा उत्तरपुस्ता समन्यायको मानयतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन र वातावरण मैत्री रुपमा दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता दिँदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने, | आदिवासी जाति तथा अग्राधिकार *थप्ने तथा* प्राथमिकता हटाउने<br>राष्ट्रिय हित अनुकूल तथा उत्तरपुस्ता समन्यायको मानयतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन र वातावरण मैत्री रुपमा दिगो उपयोग गर्ने र आदिवासी_जाति तथा स्थानीय समुदायलाई अग्राधिकार सहित प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने, | अग्राधिकार हुनु र प्राथमिकता दिनु वीच भिन्नता छ । आदिवासी जनजाति अन्तराष्ट्रिय अभिसन्धिअनुसार पनि अग्राधिकारका हकदार हुन् । |
| ६. जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने | यसपछि थप गर्ने :<br>...जैविक स्रोत र आदिवासी ज्ञान, प्रविधि र अभ्याशको उनीहरुको सहमतिमा व्यापारिक उपयोग गर्ने र त्यसको लाभ समन्यायिक बाँडफाँड गर्ने | |
| राज्यको दायित्वः<br>मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने, राज्यका निर्देशक सिद्धान्तहरुको अनुसरण गर्ने तथा राज्यका नीतिहरुको क्रमशः कार्यान्वयन गर्दै जाने राज्यको दायित्व हुनेछ । | प्रस्तावित प्रावधान पछि थप गर्ने :<br>"यो धाराले यो भागमा उल्लेखित सिद्धान्त, नीति र दायित्वहरुलाई मौलिक हक वा कृयान्वित अधिकारका रुपमा प्रादेशिक विधानमा व्यवस्था गरी कार्यान्वयन गर्नु वाधा बन्देज लगाएको मानिने छैन ।" | सङ्घीय सरकारले कार्यान्वयन गर्न नसकेको अवस्थामा पनि प्रादेशिक सरकारले आफ्नो हैसियत र आवश्यकताअनुसार यसलाई लागू गर्न सकून् भनेर । |
| | राज्यले अन्तर्राष्ट्रिय मानवअधिकारका कानूनका सिद्धान्त एवं मापदण्ड तथा नेपालद्धारा अनुमोदित एवं समर्थित महासन्धि, अनुबन्ध एवं घोषणापत्र अनुरुप आदिवासी जाति तथा जनजातिको अधिकार सुनिश्चित गर्नेछ । | उल्लिखित कुराहरुलाई नेपालको कानूनसँग जोड्नका लागि |

## ङ. कर्णालीका जनताको अधिकारको सन्दर्भ

| धारा | हाल गरिएको व्यवस्था | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| **मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको सिफारिसका सन्दर्भमा गरिनुपर्ने सुधार** | | | |
| २७ | (१) सामाजिक रुपले पछाडि परेका महिला, दलित, मधेसी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा समान्तिकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ ।<br><br>(३) विपन्न वर्ग, अपांगता भएका व्यक्ति तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ । | सामाजिक रुपले पछाडि परेका महिला, दलित, मधेसी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सिमान्तिकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित एवं भौगोलिक रुपले विकट र दुर्गम क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ ।<br>(३) विपन्न वर्ग, अपांगता भएका व्यक्ति तथा लोपोन्मुख समुदायका नागरिक, विषम भौगोलिक परिवेशको जीवन बेहोरिरहेका समुदायको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ । | हालको मस्यौदाले भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रको समावेशीकरणलाई छुटाएको छ । कर्णाली क्षेत्र भौगोलिक रुपमा विकट र दुर्गम रहेकोले यस्ता क्षेत्रलाई राज्यको मूलप्रवाहमा सामेल गराउनका लागि विशिष्ट खालको मौलिक हकअन्तर्गत सो क्षेत्रले झेल्दै आएको असमावेशितालाई सम्बोधन गरी न्याय सुनिश्चित गर्नु आवश्यक भएकाले । कर्णालीजस्ता क्षेत्रका भौगोलिक विषमता बेहोरेका समुदायको संरक्षण समेट्न आवश्यक भएकाले |
| | निर्देशक सिद्धान्त | प्रदेशको प्राकृतिक सम्पदाको संरक्षण तथा सदुपयोगका लागि सङ्घीय सरकारले प्रादेशिक सरकारलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराउने नीति राज्यले लिनेछ भन्ने व्यवस्था निर्देशक सिद्धान्तअन्तर्गत नीतिमा समावेश गर्नुपर्छ । | सङ्घीय प्रणालीमा प्रादेशिक राज्यलाई प्राकृतिक सम्पदाको संरक्षण र सदुपयोगमा क्रियाशील गर्ने नीति आवश्यक भएकाले |

| धारा | हाल गरिएको व्यवस्था | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| **अल्पसंख्यक तथा सिमान्तिकृत समुदायको हकअधिकार संरक्षण समितिको सिफारिसमा गरिनुपर्ने सुधार** | | | |
| ३.२.१ | परिभाषा :<br>**(क) अल्पसंख्यक समुदायको परिभाषा :**<br>१) नेपालको सन्दर्भमा अल्पसंख्यक समुदाय भित्र जातीय अल्पसंख्यक, भाषिक अल्पसंख्यक र धार्मिक अल्पसंख्यक समुदायलाई मात्र समेटने गरी देहाय बमोजिम परिभाषा गरिनु पर्दछ ।<br>"अल्पसंख्यक समुदाय भन्नाले राज्यद्धारा सबै विभेद र उत्पीडनमा पारिएका समुदायलाई सम्झनु पर्दछ । सो शव्दले यस्तो विभेद र उत्पीडन भोग्दै आएको कम जनसंख्या भएको जातीय, धार्मिक वा भाषिक समुदाय समेतलाई जनाउनेछ ।"<br>**(ख) सिमान्तिकृतृत समुदायको परिभाषा :**<br>२) सिमान्तिकृत समुदायको परिभाषा देहायबमोजिम गरिनु पर्दछ ।<br>"सिमान्तिकृत समुदाय भन्नाले आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, राजनीतिक, जातीय, भाषिक, धार्मिक, क्षेत्रीय वा लैङ्गिक वा दैनिक रुपमा पछाडि पारिएका समुदायलाई सम्झनु पर्दछ । सो शव्दले अतिसिमान्तिकृत एवं लोपोन्मुख समुदाय समेतलाई जनाउनेछ ।"<br>**(ग) पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदायको परिभाषा :**<br>३) पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदायको परिभाषा देहाय बमोजिम गरिनु पर्दछ ।<br>"बहिष्करणमा पारिएको समुदाय भन्नाले जातीय विभेद र छुवाछुतमा पारिएको, भाषिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा परी वा शारीरिक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण राज्यसत्तामा समावेश हुन नपाएका समुदायलाई सम्झनु पर्दछ ।" | परिभाषा :<br>**(क) अल्पसंख्यक समुदायको परिभाषा :**<br>१) नेपालको सन्दर्भमा अल्पसंख्यक समुदायभित्र जातीय अल्पसंख्यक, भाषिक अल्पसंख्यक र धार्मिक अल्पसंख्यक समुदायलाई मात्र समेटने गरी देहाय बमोजिम परिभाषा गरिनु पर्दछ ।<br>"अल्पसंख्यक समुदाय भन्नाले राज्यद्धारा सबै विभेद र उत्पीडनमा पारिएका समुदायलाई सम्झनु पर्दछ । सो शव्दले यस्तो विभेद र उत्पीडन भोग्दै आएको कम जनसंख्या भएको वा भौगोलिक दुर्गमतामा रहेको वा जातीय, धार्मिक वा भाषिक समुदाय समेतलाई जनाउनेछ ।"<br>**(ख) सिमान्तिकृतृत समुदायको परिभाषा :**<br>२) सिमान्तिकृत समुदायको परिभाषा देहाय बमोजिम गरिनु पर्दछ ।<br>"सिमान्तिकृत समुदाय भन्नाले आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, राजनीतिक, जातीय, भाषिक, धार्मिक, क्षेत्रीय वा लैङ्गिक वा यौनिक रुपमा पछाडि पारिएका समुदायलाई सम्झनु पर्दछ । सो शव्दले अतिसिमान्तिकृत एवं लोपोन्मुख समुदाय र भौगोलिक विकटताका कारण राज्यले विगतमा विकासको पहुँचबाट वञ्चित राखेका दुर्गम क्षेत्रवासी समुदाय समेतलाई जनाउनेछ ।"<br>**(ग) पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदायको परिभाषा :**<br>३) पछाडि पारिएको वा एक्लिएको वा बहिष्करणमा पारिएको समुदायको परिभाषा देहाय बमोजिम गरिनु पर्दछ ।<br>"बहिष्करणमा पारिएको समुदाय भन्नाले जातीय विभेद र छुवाछुतमा पारिएको, भाषिक, आर्थिक, भौगोलिक सामाजिक, सांस्कृतिक, लैङ्गिक वा यौनिक वा क्षेत्रीय विभेद र उत्पीडनमा परी वा शारीरिक वा मानसिक अशक्तता वा अपाङ्गताका कारण राज्यसत्तामा समावेश हुन नपाएका समुदायलाई सम्झनु पर्दछ ।" | अल्पसंख्यक र सिमान्तिकृतको परिभाषामा कर्णालीजस्ता भौगोलिक विकटता वा दुर्गमताका कारण अल्पसंख्यामा रहनुपरेका वा सिमान्तिकृत बनेका नागरिकहरूको समुदायलाई समेट्न अत्यावश्यक भएकाले |

| धारा | हाल गरिएको व्यवस्था | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| | हाल नभएको | • कर्णाली प्रदेशका वासिन्दालाई सङ्घीय सरकारी संयन्त्रहरुमा न्यूनतम १५ प्रतिशत सुरक्षित स्थान निर्धारण गर्ने गरी विशेष अधिकारको व्यवस्थालाई मौलिक हकअन्तर्गत किटान गरिनुपर्छ ।<br>• कर्णाली क्षेत्रका ब्यासी तथा लामालगायतका अल्पसंख्यक जातिको विकास र संरक्षणका लागि सङ्घीय सरकारले प्रादेशिक सरकारलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराउने कुरा किटान गरिनुपर्छ ।<br>• क्षेत्रगत रुपमा सिमान्तिकृत रहेको कर्णालीक्षेत्रको विकास' लाई अधिकारका रुपमा संवैधानिक प्रत्याभूति गरिनुपर्छ ।<br>• राज्यका हरेक निकायमा कर्णालीको प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ । | वर्तमान कर्णाली अञ्चलले समेटेको १५ प्रतिशत भूगोल र यसको परिधिमा रहेको साझा मनोविज्ञान र समान अर्थजीवन भएका मानिसहरुको बसोबास रहेको क्षेत्र कर्णाली प्रदेश हो । यस क्षेत्रको विशेष परिस्थितिलाई विचार गरी कर्णालीका लागि निश्चित स्थान आरक्षित राख्न आवश्यक भएकाले |
| **संवैधानिक निकायको संरचनानिर्धारण समितिको सिफारिसमा गरिनुपर्ने सुधार** | | | |
| | सबै जसो प्रादेशिक तहका संरचना कानुनमा व्यवस्था भएबमोजिम भनिएको छ । कर्णालीजस्तो विशेष क्षेत्रको विकासलाई अगाडि बढाउनका लागि आवश्यक कर्णाली विकास आयोगको व्यवस्था छैन । | संविधानले नै प्रादेशिक स्तरका संवैधानिक निकायको बनोट, कार्यक्षेत्र र अधिकार निश्चित पार्नुपर्छ । जसमा निम्न कुरा समावेश हुनुपर्छ :<br>• लोकसेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानवअधिकार आयोग, निर्वाचन आयोगजस्ता बहुसदस्यीय व्यवस्था भएका निकायमा कम्तीमा कर्णाली प्रदेशको १५ प्रतिशत सदस्य रहने,<br>• अन्य निकायको कर्मचारीतन्त्रमा कम्तीमा १५ प्रतिशत कर्णालीवासीको सहभागिता रहने ।<br>• दुर्गम तथा सिमान्तिकृत क्षेत्र विकास आयोगलाई संवैधानिक आयोगको रुपमा स्थापित गरी कर्णालीको क्षेत्रगत प्रतिनिधित्वलाई सो आयोगमा सुनिश्चित गर्नुपर्छ ।<br>• कर्णालीक्षेत्रको विकास आयोगको संवैधानिक व्यवस्था गरिनुपर्छ । | कर्णालीको विशेष परिस्थितिलाई मूलप्रवाहमा ल्याउनका लागि क्षेत्रीय आधारमा त्यहाँको सहभागिता राज्यका सबै तहमा निश्चित गर्न आवश्यक भएको र प्रादेशक तहको विकास आयोग संविधानबाटै प्रत्याभूत हुन जरूरी भएकाले । |

| धारा | हाल गरिएको व्यवस्था | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| **सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधारनिर्धारण समितिको सिफारिसमा गरिनुपर्ने सुधार** | | | |
| १ | १. "……………… सङ्घीय संरचना अन्तर्गत विभिन्न इकाईहरुको राजनीतिक, आर्थिक,सामाजिक, साँस्कृतिक र भाषिक अधिकारको सुनिश्चितता गर्दै आपसी सद्भाव, विश्वास र सम्मान मार्फत सामाजिक ऐक्यबद्धतालाई प्रवर्द्धन गर्ने कुरामा दृढ संकल्प गर्दै" । | १. सङ्घीय संरचनाअन्तर्गत विभिन्न प्रादेशिक एकाइहरूको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र भाषिक अधिकारको सुनिश्चितता गर्दै आपसी सद्भाव, विश्वास र सम्मान मार्फत सामाजिक ऐक्यबद्धतालाई प्रवर्द्धन गर्ने कुरामा दृढ संकल्प गर्दै" । | भाषा मिलाउन |
| | ४. आदिवासी/जनजातिको हक :– प्राकृतिक श्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्बन्धको आधारमा आदिवासी/ जनजातिलाई आफ्नो पहिचान र सम्मानजनक पहुँचको हक हुनेछ । | ४. रैथाने वासिन्दा/आदिवासी/जनजातिको हक :–प्राकृतिक श्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्बन्धको आधारमा रैथाने वासिन्दा/आदिवासी/जनजातिलाई आफ्नो पहिचान र सम्मानजनक पहुँचको हक हुनेछ । | कर्णालीमा रहेका आदि काल देखि त्यस प्रदेशमा वसोवास गर्दै आएका रैथाने वासिन्दालाई आदिवासी जनजातिकै सरह अधिकार सुनिश्चित गर्नु आवश्यक भएकाले । |
| | ६. सामाजिक न्यायको हक :– (१) प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्व विकास गर्ने, स्वच्छ व्यवहार पाउने र राज्यको श्रोत, साधन र अवसरमा समान पहुँचको हक हुनेछ ।<br>(२) राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछि पारिएका उत्पिडीत क्षेत्र, वर्ग र समूदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । | ६. सामाजिक न्यायको हक :– (१) प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्व विकास गर्ने, स्वच्छ व्यवहार पाउने र राज्यको श्रोत, साधन र अवसरमा समान पहुँचको हक हुनेछ ।<br>(२) राजनीतिक, आर्थिक, सामाजिक, भौगोलिक दुर्गमता सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछि पारिएका उत्पिडीत क्षेत्र, वर्ग र समूदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । | भौगोलिक दुर्गमतालाई पनि सामाजिक न्यायको अधिकारको दायरामा राख्न अत्यावश्यक भएकाले । |
| | नभएको | • नेपाली भाषालाई सरकारी कामकाजको मूल भाषा कायम गर्नुपर्छ । स्थानीय खस ( केन्द्रीय) उपभाषिका तथा लामा भाषामा पनि अभिलेख रहने व्यवस्था गरी दोभासेको सेवा उपलब्ध हुने कुरा निश्चित पारिनुपर्छ । | कर्णालीमा नेपाली भाषा र लामा भाषा प्रचलित भए पनि नेपाली भाषाको केन्द्रीय उपभाषिका बढी प्रचलित भएकाले । |

| धारा | हाल गरिएको व्यवस्था | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| **संवैधानिक समितिको सिफारिसमा गरिनुपर्ने सुधार** | | | |
| प्रस्तावना | हामी सार्वभौमसत्तासम्पन्न नेपाली जनता; नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकता, स्वाधीनता एवं स्वाभिमानलाई अक्षुण्ण राख्दै; बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा क्षेत्रीय विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचकोएकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्ने प्रण गर्दै; | हामी सार्वभौमसत्तासम्पन्न नेपाली जनता; नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक विविधतायुक्त राष्ट्रिय अखण्डता र राष्ट्रिय एकता, स्वाधीनता एवं स्वाभिमानलाई अक्षुण्ण राख्दै;<br><br>बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा बहुभूधरातलीय क्षेत्रीय विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्ने प्रण गर्दै; | नेपाल भौगोलिक विविधताले युक्त सार्वभौम राष्ट्रिय राज्य हो भन्ने कुरालाई प्रस्तावनामै दर्साउन आवश्यक भएकाले ।<br>नेपालको क्षेत्रीयता बहुभूधरातलीय रहेको र कर्णालीजस्ता भिन्न भूधरातलीय हिमाली तथा पहाडी क्षेत्रको क्षेत्रीयतालाई पनि प्रस्तावनाले सम्बोधन गर्न आवश्यक भएकाले । |
| ३. | राष्ट्र : बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो । | राष्ट्र : बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक बहुभूधरातलीय विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति<br>आस्थावान् रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो । | नेपालकाको कर्णालीजस्ता बहुभूधरातलीय क्षेत्रीयतालाई राष्ट्रको पहिचानमा आबद्ध गर्न आवश्यक भएकाले । |
| ४. | नेपाल राज्य : (१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, समाजवादउन्मुख, गणतन्त्रात्मक, बहुराष्ट्रिय राज्य हो जसलाई संक्षिप्तमा नेपाल भनिनेछ ।<br>(२) नेपाल राज्यभित्र अनुसूची-१ मा उल्लेख भएबमोजिमका सङ्घीय इकाईहरू रहनेछन् । | ४. नेपाल राज्य : (१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, समाजवाद उन्मुख, गणतन्त्रात्मक, बहुभूधरातलीय राज्य हो जसलाई संक्षिप्तमा नेपाल भनिनेछ ।<br>(२) नेपाल राज्यभित्र अनुसूची-१ मा उल्लेख भए बमोजिमका सङ्घीय एकाइहरू रहनेछन् । | मधेस, पहाड, हिमाल जस्ता बहुभूधरातललाई राज्यको परिभाषाको अंग बनाउन आवश्यक भएकाले ।<br>इकाई शब्द हिन्दी रहेको र नेपालीमा त्यसलाई एकाइ भनिने भएकाले । |

| धारा | हाल गरिएको व्यवस्था | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| **राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको सिफारिसमा गरिनुपर्ने सुधार** | | | |
| | प्रदेशको निर्माण<br>(१) नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनर्संरचना गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई चौध स्वायत्त प्रदेशमा विभाजन गरिएको छ ।<br>(२) उपधारा (१) वमोजिम निर्माण गरिएका प्रदेशको नाम र क्षेत्र अनुसूची १ मा उल्लेख भएबमोजिम हुनेछ । | अनुसूची १ अनुसार प्रस्ताव गरिएका कर्णाली प्रदेश र जडान प्रदेशलाई एकल कर्णाली प्रदेश कायम गरी प्रदेशलाई विशिष्ट क्षेत्र निर्धारण गर्ने अधिकार राखिनुपर्ने । | प्रस्तावित भौगोलिक विभाजन केन्द्रबाटै लादिएको ढाँचा देखा पर्ने र प्रादेशिक क्षेत्र सानो रहँदा त्यसभित्रका विविधताको सम्बोधन नहुने र त्यसको निर्धारण गर्न प्रदेशलाई नै अधिकार हुनु आवश्यक भएकोले । |
| **व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिको सिफारिसमा गरिनुपर्ने सुधार** | | | |
| ५०. | अधिवेशनको आव्हान र अन्त्य ( तथा प्रदेश सभाको विघटन) ....<br>((४) प्रदेश प्रमुखले प्रदेश सरकार प्रमुखको सिफारिशमा वैकल्पिक सरकार गठन हुने संभावना नरहेमा प्रदेश सभाको विघटन गर्न सक्नेछ । त्यसरी विघटन गरेपछि ६ महिनाभित्र नयाँ प्रदेश सभाका लागि निर्वाचन हुने मिति समेत तोक्नेछ ।) | सभाको विघटनसम्बन्धी व्यवस्था राख्न नहुने भएकाले हटाउनुपर्ने | प्रदेश सभाको बनोट सहमतीय राजनीतिक प्रणालीको कार्यपालिकालाई विधायिकाको रुपमा विकास गर्नुपर्ने भएकाले सरकार बन्ने नबने वा वैकल्पिक सरकार बनाउने नबनाउने कुराले प्रदेश सभालाई विघटन गराउने गराउनु उपयुक्त नहुने भएकाले । |

# च. मधेशी जनताको अधिकारको सन्दर्भ

| धारा | भएको | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| **संवैधानिक निकायको संरचना निर्धारण समिति** | | | |
| **१०. मधेशी आयोग** | (१) नेपालमा एक संघीय मधेशी आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुई जना सदस्यहरु रहने छन् । | मधेशी समुदायको परिभाषा गरिनु पर्छ । मधेशी परिभाषा यस प्रकार रहेको छः मधेशी भन्नाले आफनै भाषा, संस्कृति तथा रहन सहन भएका पुर्व मेचि देखि पश्चिम महाकालिसम्मको तराई भुभागमा बसोबास गर्ने त्यस क्षेत्रका मुल बासिन्दा तथा आदिवासी, जनजातिलाई बुझिन्छ । | मस्यौदामा मधेशीको पहिचानको आधार खुलाइएको छैन् । यस्तो अवस्थामा मधेशी समुदायलाई प्राप्त अवसरहरु गैरमधेशीको हातमा पर्न सक्छ । |
| | (३) मधेशी आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष मधेशी हक हित वा मधेशी विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनु पर्नेछ । | मस्यौदामा प्रस्तावित मधेशी आयोगको नेतृत्व मधेशी समुदायबाट नै हुनुपर्ने प्रावधान राख्नु पर्ने । | आयोगको नेतृत्व तहमा मधेशी समुदायबाट प्रतिनिधित्व हुनु पर्छ । र मात्र सो आयोगले मधेशी समुदायको भावना र मर्म अनुसार कार्य गर्न सक्छ । |
| | नभएको | तराई मधेशमा रहेका पिछडा वर्गलाई समेट्नु पर्छ । | मधेशी समुदाय भित्रका पिछडिएको समुदायका बारेमा आयोगमा स्पष्टरुपमा व्यवस्था नगरे उनिहरु अझ अवसरबाट बन्चित हुने देखिन्छ । |
| **मधेशी आयोगको काम, कर्तव्य र अधिकार** | १) नेपालमा भएका मधेशी सम्वन्धी अध्ययन तथा अन्वेषण गरि त्यससम्वन्धमा गर्नु पर्ने उपर्युक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने । | आयोगले दिएका सुझावहरु सरकार र सम्बन्धित अन्य निकायमा कार्यान्वयनको अवस्थाको अनुगमन र मुल्यांकन गर्ने अधिकार दिइनु पर्छ । | विगतमा आयोगले दिएका ९० प्रतिशत सुझावहरु कार्यान्वयनमा आएका छैनन् । अतः उपर्युक्त सुझावलाई कार्यान्वयन गर्न दबाब श्रृजना गर्न सक्ने हुनु पर्छ । |
| | २) मधेशी समुदायको भाषा सँस्कृतिको जगेर्ना एवं मधेशीको उत्थान र विकासका निम्ती मधेशी हितसंगं सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने । | मधेशी समुदायको सवाल भाषा, सास्कृतिक भन्दा बढि राजनैतिक, आर्थिक, सामाजिक र नागरिक अधिकारसंग जोडिएकाले यि सबै पक्षहरुलाई पनि समेट्नु पर्छ । | विगतमा भएको मधेश आन्दोलनको मुख्य एजेण्डा राजनैतिक, आर्थिक, सामाजिक र नागरिक अधिकार प्राप्तिका लागि भएकाले सो विषयहरुलाई स्पष्टरुपमा उल्लेख गरिनु पर्छ । |

| धारा | भएको | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| **राष्ट्रिय हितको संरक्षण समिति** | | | |
| २३. सैनिक सेवा आयोगको गठन | नेपाली राष्ट्रिय सेनाको नियुक्ति र पदोन्नतिको लागि कानूनमा व्यवस्था भए बमोजिम एक सैनिक सेवा आयोगको गठन गरिनेछ । | नेपाली राष्ट्रिय सेनाको नियुक्ति र पदोन्नतिको लागि कानूनमा व्यवस्था भए बमोजिम समावेशी प्रकृतिको एक सैनिक सेवा आयोगको गठन गरिनेछ । | सेनाको नियुक्ति र पदोउन्नती गर्ने निकाय सैनिक सेवा आयोग सबै समुदायको प्रतिनिधित्व हुने समावेशी चरित्रको आयोग बन्नु पर्छ । अन्यथा फेरी पनि मधेशी समुदायको पहुंच राष्ट्रिय सेनामा हुन नसक्ने अवस्था श्रृजना हुन सक्छ । |
| **सामाजिक र साँस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समिति** | | | |
| सामाजिक न्याय | ६. सामाजिक न्यायको हक :– (२)राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछि पारिएका उत्पिडीत क्षेत्र, वर्ग र समूदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । | पिछडिएका वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्य संरचनामा संलग्न गराउने पद्धति के हुने स्पष्ट हुनु पर्ने । | पिछडिएका वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्य संरचनामा समावेश गर्ने ऐन, कानुन तथा नीतिहरु सरकारले गरेको तर कुन निकायले कसरी सो नीतिलाई कार्यान्वयनमा ल्याउने उल्लेख नभएको कारण हालसम्म समावेशीकरणका नीतिहरु प्रभावकारीरुपमा अगाडी बढ्न सकेको छैन् । |
| भाषा,सँस्कृतिको संरक्षण र विकास, मूलप्रवाहीकरण, समावेशीकरण, आर्थिक विकास र समानता, कानून परिमार्जन र समयानुकुल निर्माण तथा सामाजिक सुरक्षाको विशेष व्यवस्था र समन्यायिक वितरण । | १०. राज्यका नीतिहरु :– (४) मधेशी,तराईवासी, दलित, आदिवासी, जनजाति, महिला, मुस्लिम, मजदुर, किसान, अपाङ्ग, तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समानुपातिक समावेशीकरणको आधारमा राज्य संरचनामा सहभागी गराई सम्मानजनक पहुँचको सुनिश्चितता गर्न ती समूहहरुको आर्थिक, सामाजिक विकासका विशेष कार्यक्रम सञ्चालन गर्नेछ । | राज्य संरचनामा मधेशी लगायत पिछडिएका समुदायको सम्मानजनक पहुँचका लागि विशेषरुपमा राजनैतिक तथा नागरिक शिक्षा र कानुनी साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनु पर्छ । | राज्य संरचनामा मधेशी लगायत पिछडिएका समुदायको सम्मानजनक पहुँचको सुनिश्चितता गर्नको लागि राजनैतिक चेतनामा अभिबृद्धि गर्न राजनैतिक विकासको विशेष कार्यक्रम पनि सञ्चालन गर्नु पर्ने देखिन्छ । |

| धारा | भएको | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| विभिन्न तहका संघीय इकाईहरुको सरकारी कामकाजको भाषा । | १४. सरकारी कामकाजको भाषा- केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा देवनागरी लिपिमा नेपाली भाषा हुनेछ । | केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा देवनागरी लिपिमा नेपाली सहित अन्य वैकल्पिक भाषाको प्रावधान राखिनु पर्ने । | केन्द्रीयस्तरमा सरकारी कामकाजको भाषा देवनागरी लिपिमा नेपाली लगायत अन्य भाषाहरुलाई पनि समेटदा एकातिर सो भाषाको सम्बर्द्धन र संरक्षण हुन्छ भने अर्को तिर राष्ट्र प्रति अपनत्वको भावना पनि बढ्छ । |
| भाषा आयोगको स्थापना तथा काम, कर्तव्य र अधिकार । | १६. भाषा आयोगको स्थापना :– (१) केन्द्रिय सरकार अन्तर्गत एउटा भाषा आयोगको स्थापना गरिने छ । | (१) केन्द्रिय सरकार अन्तर्गत एउटा समावेशी प्रकृतिको भाषा आयोगको स्थापना गरिने छ । | भाषा आयोगको गठन समावेशी प्रकृतिबाट भएमा उसले गर्ने कार्य पनि समावेशी हुन्छ । |
| **अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति** | | | |
| **समानताको हक** | (२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि जाति, आदिवासी, जनजाति, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, यौनिक तथा लैंङ्गिकपहिचान, भाषा, राजनीतिक वा अन्य विचारधारावा सामाजिक उत्पत्ति, वा जातीय विभेद र छुवाछुत, सम्पत्ति, जन्म वा क्षेत्र वा शारीरिक वा मानसिक रुपमा अशक्त वा अपाङ्ग अवस्था वा अन्यकुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनिकिसिमको भेदभाव गरिने छैन । | दलित, पिछडा वर्गलाई पनि समेट्नु पर्छ । | यसमा दलित, पिछडा वर्ग छुटेका हुनाले उनिहरु प्रति भेदभाव हुन सक्ने अवस्था हुनाले उक्त वर्गहरुलाई पनि मस्यौदामा थप्नु पर्ने देखिन्छ । |

| धारा | भएको | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| **मौलिक हक तथा राज्यको निर्देशक सिद्धान्त समिति (नागरिकता सम्बन्धी मस्यौदामा सुझाव)** | | | |
| **४. अङ्गीकृत नागरिकता सम्बन्धी व्यवस्था** | (१) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीले चाहेमा नेपालमा कानूनी रुपमा पन्ध्र वर्ष बसोवास गरेको र विदेशी मुलुकको नागरिकता त्याग गरेपछि प्रचलित कानून बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।<br>तर यो संविधान प्रारम्भ हुनु भन्दा अगावै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका विदेशी महिलाले नेपाली नागरिकताको प्रमाण पत्र लिन चाहेमा विदेशी मुलुकको नागरिकता त्यागने कारवाही चलाए पछि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ । | (१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी महिलाले नेपाली नागरिकताको प्रमाण पत्र लिन चाहेमा नेपालमा कानूनी रुपमा पन्ध्र वर्ष बसोवास गरेको हुनु पर्ने प्रावधान व्यवहारिक देखिदैन् ।<br><br>सो विवाहित महिलाले सम्बन्धीत देशको नागरिकता त्याग गरिसकेपछि नेपालको नागरिकता तुरुन्त पाउने व्यवस्था गरिनु पर्छ । | हालको मसौदाले विदेशी महिलाको हकमा हाम्रो सामाजिक परिवेशका कारण अव्यवहारिक भएकाले साथै तराईमा विशेष गरेर मधेसी पुरुषहरूले भारतिय महिलासँग विवाह गर्ने चलन छ । विवाह भइसकेको अवस्थामा विवाहित महिलालाई १५ वर्षसम्म नागरिकता नदिनु भनेको राज्यबाट उपलब्ध गराएको सेवा र सुविधाबाट बञ्चित हुने हुंदा महिलाको हकमा विवाह पश्चात सम्बन्धित देशको नागरिकता परित्यागको प्रक्रिया शुरु भए पछि नेपाली नागरिकता प्रदान गरिने व्यवस्था गरिनु पर्छ । |
| | (३) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले प्रचलित कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । | (३) विदेशी महिलासँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको र आमा वा बाबुले बैदेशिक नागरिकता त्याग गरिसकेको अवस्थामा बंशजको नागरिकता र बाबु वा आमाले बैदेशिक नागरिकता त्याग गरिनसकेको अवस्थामा अंङ्गीकृत नागरिकता दिने व्यवस्था हुनु पर्ने | नेपाली नागरिकले विदेशी महिलासंग विवाह सो महिलाले विदेशी नागरिकता त्यागी सकेको अवस्थामा सोबाट जन्म भएका व्यक्तिलाई अङ्गीकृत नागरिकता दिदा बंशजको आधारमा पाउने राज्यबाट उपलब्ध गराएको सेवा र सुविधाबाट बन्चित हुनेछन् । |

| धारा | भएको | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| **७. नागरिकताको पुनः प्राप्ति** | नेपाली नागरिकता त्याग गरी विदेशी मुलुकको नागरिकता लिएका व्यक्तिले पुनः नेपालमा आई पाँच वर्ष बसोबास गरी विदेशी मुलुकको नागरिकता त्याग गरेमा पहिले जुन किसिमको नेपालको नागरिकता प्रदान गरिएको हो निजलाई सोही किसिमको नागरिकता प्रदान गर्न सकिनेछ। तर यो व्यवस्था धारा ४ को उपधारा (४) बमोजिम प्रदान गरिएको अङ्गीकृत नागरिकको हकमा लागू हुने छैन ।) | तर यो व्यवस्था धारा ४ को उपधारा ( ४) बमोजिम प्रदान गरिएको अंङ्गीकृत नागरिकको हकमा लागू हुने छैन भन्नेमा अङ्गीकृत नागरिकताको हकमा १० वर्ष बसोबास गरेमा पुनः पाउने व्यवस्था हुनु पर्ने । | मधेशी समुदायहरूले प्रायजसो अंङ्गीकृत नागरिकता लिएका हुनाले अङ्गीकृत नागरिकताको सम्बन्धमा गरिएको व्यवस्था विभेद पूर्ण हुनेहुनाले पुनः नागरिकता पाउने प्रावधान राखिनु पर्ने । |
| **राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति** | | | |
| **५ प्रदेशको निर्माण** | नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनर्संरचना<br>गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई चौध<br>स्वायत्त प्रदेशमा विभाजन गरिएको छ । | प्रस्तावित मधेश प्रदेशले मधेशी समुदायको बाहुल्यता रहेको नवलपरासीको नवलपुर क्षेत्र, थारुको बाहुल्यता रहेको चितवनको दक्षिण भाग, थारु बाहुल्यता रहेको उदयपुरको गाईघाट, त्रियुगाको दक्षिणी भूभागलाई पनि मधेशमा समेट्नु पर्छ ।<br>(मधेश प्रदेश भन्नाले मधेशी र मधेशका आदिवासी जनजातिको प्रतिनिधित्व गर्ने प्रदेशलाई बुझिन्छ ।) | समग्र मधेशीहरुलाई एउटै छाता मुनी ल्याउनका लागि छुटन र टुक्रिन गएका मधेशीहरुलाई पनि समेट्न जरुरी छ । |
| **९. संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाको अधिकारको बाँडफाँड** | उपधारा (१) बमोजिमको स्थानीय तहमा संविधानको अनुसूची ६ मा उल्लेखित अधिकार प्रयोग गर्ने गरी प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार रहेको एक निर्वाचित परिषद रहने छ । | स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार एक निर्वाचित परिषद दिने व्यवस्था प्राकृतिक न्यायको सिद्धान्त विपरित छ । कानुन बनाउने, लागु गर्न र न्याय दिने एकै मात्र निकाय भयो भने सो निकाय तानासाही बन्न सक्छ ।<br>सो निर्वाचित परिषद भित्र व्यवस्थापिका, कार्यापालिका र न्याय सम्बन्धी कार्य हेर्ने छुटटै निकायको व्यवस्था गरिनु पर्छ । | स्थानीय तहमा व्यवस्थापिका, कार्यापालिका, न्यायपालिकाको छुट्टा छुट्टै अस्तित्व हुनु पर्ने हुन्छ । जुन कुरा शक्ति सन्तुलन र पृथकीकरणको सिद्धान्तले पनि निर्देशित गरेको छ । |

| धारा | भएको | सुझाव | कारण वा पुष्टि |
|---|---|---|---|
| **७. राज्यको शासकीय स्वरुप निर्धारण समिति** | | | |
| १. संघीय कार्यकारिणी अधिकारको प्रयोग | यो संविधान र अन्य कानुनको अधीनमा रही नेपालको संघीय कार्यकारिणी अधिकार राष्ट्रपतिमा निहित रहनेछ । | नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानून बमोजिम राष्ट्रपति र मन्त्रिपरिषद्मा निहित रहने व्यवस्था गरिनु पर्छ । | देशको कार्यकारिणी अधिकार एकै व्यक्तिलाई दिदा राजकिय शक्तिको दुरुपयोग हुन सक्ने संभावना रहने देखिन्छ । र देश र जनताको लागि दुरगामी प्रभाव पर्ने सक्ने राष्ट्रिय उच्च महत्वका विषयहरुमा राष्ट्रपतिबाट पुनरावलोकन हुन सक्ने व्यवस्था हुने हदा यस किसिमको शासकिय स्वरुप बढि वास्तविक र उपयुक्त देखिन्छ । |
| ९.संघीय/ केन्द्रीय व्यवस्थापिकाको निर्वाचन | (१) केन्द्रीय व्यवस्थापिकाका सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम बहुसदस्यीय प्रत्यक्ष समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुनेछन् । | केन्द्रीय, स्थानीय व्यवस्थापिकाका व्यवस्थापिकाका सदस्यहरू केन्द्रीय व्यवस्थापिकाका तल्लो सदनका सदस्यहरू कानूनमा व्यवस्था भएबमोजिम मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली अनुरूप निर्वाचित हुने व्यवस्था गरिनु पर्छ । | नेपालमा बहुजाति, बहुभाषि र विविध प्रकृतिको भौगोलिक क्षेत्र रहेको र कसैको पनि बहुमत नरहेको अवस्थामा बहुसदस्य समानुपातिक निर्वाचन प्रणालीमा प्रत्यक्षरुपमा निर्वाचित सदस्यहरुले सबै क्षेत्र र समुदायको प्रतिनिधित्व हुनसक्ने अवस्था कम रहन्छ । |
| **प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति** | | | |
| २. आर्थिक अधिकार | ५. सम्पत्तिको हक: २. राज्यले वैज्ञानिक/क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदवन्दी भन्दा बढी जमिन कानून सार्वजनिक हित र सामाजिक न्यायका लागि राज्यले कानून बनाएर भूमिसुधार कार्यक्रम लागू गर्न सक्ने । | राज्यले वैज्ञानिक/क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदवन्दी भन्दा बढी जमिन कानून सार्वजनिक हित र सामाजिक न्यायका लागि राज्यले कानून बनाएर भूमिसुधार कार्यक्रम लागू गर्न सक्ने र सो गर्दा राज्यले उचित क्षतिपुति दिने व्यवस्था गरिनु पर्छ । | सम्पति व्यक्तिको मौलिक हकसंग गासिएकाले र कसैको मौलिक हक भित्र पर्ने सम्पति सम्बन्धी हकको उचित क्षतिपुर्ति बगेर अधिग्रहण गर्दा स्थापित मानवअधिकारको विरुद्ध हुन जाने हुनाले पनि क्षतिपुर्ति दिनु राज्यको दायित्व भित्र पर्न जाने देखिन्छ । |

# प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँड सन्दर्भ
## (सामुदायिक अधिकारका सन्दर्भमा संक्षिप्त समिक्षा)

| बिषय | प्राकृतिक स्रोतसम्बन्धी प्रस्तावित अवधारणा/व्यवस्थाहरु | सकारात्मक पक्षहरु | सुझाव | औचित्यता |
|---|---|---|---|---|
| प्रस्तावना | १) जैविक विविधताको संरक्षण, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन एवं उपयोग, खाद्य सम्प्रभुता, आर्थिक समृद्धि, समन्याय र सन्तुलित विकास, प्रतिस्पर्धात्मक लोकतन्त्र, समाजवाद उन्मुख मिश्रित अर्थतन्त्र,<br>२) प्राकृतिक स्रोत र साधनको उपयोगमा आदिवासी, जनजाति लगायतका स्थानीय समुदायको पहिलो अधिकार सुनिश्चित गर्ने, | प्रस्तावनाको लागि प्रस्ताव गरिएका अवधारणाहरु सकारात्मक रहेका । | प्रस्तावनामा दिगो विकास भन्ने शब्द पनि राख्नु पर्ने | दिगो भन्ने कुरा प्राकृतिक स्रोतसँग मात्र सम्बन्धित नभई समग्र विकाससँग सम्बन्धित भएकोले दिगो विकासलाई सोही अनुरुप वृहद अर्थमा प्रयोग गर्न उपयुक्त हुने भएकोले |
| १. मौलिक हक स्वतन्त्रताको हक | १) प्रत्येक नागरिकलाई नेपाल राज्यको कुनै पनि स्थानमा पेशा-व्यवसाय, रोजगार, उद्योग, व्यापार र लगानी गर्ने स्वतन्त्रता हुनेछ । | परम्परागत मौलिक हकको मान्यता सकारात्मक रहेको | प्रतिवन्धात्मक व्यवस्था थप गर्नुपर्ने | मौलिक हक तथा निर्देशक सिद्धान्त समितिले यी हकहरुका सन्दर्भमा प्रतिवन्धात्मक व्यवस्थाहरु सहित प्रस्ताव गरेको भएतापनि यस समितिले स्वतन्त्रताको हकको प्रतिवन्धात्मक व्यवस्था प्रस्ताव गरेको छैन । यो स्वतन्त्रताको हक आर्थिक अधिकारसँग सम्बन्धित रहेको र आर्थिक हकहरुमा प्रतिवन्धात्मक व्यवस्थाहरु आवश्यक पर्दछन्, त्यसैले यो हकलाई मौलिक हक समितिले प्रस्ताव गरेका हकहरुसँग समायोजन गर्नु उपयुक्त हुने भएकोले । |

| बिषय | प्राकृतिक स्रोतसम्बन्धी प्रस्तावित अवधारणा/व्यवस्थाहरु | सकारात्मक पक्षहरु | सुझाव | औचित्यता |
|---|---|---|---|---|
| २. वातावरणको हक : | (१) प्रत्येक व्यक्तिलाई स्वच्छ एवं स्वस्थ वातावरणको हक हुनेछ ।<br>(२) दिगो विकासको लागि आवश्यक कानूनी व्यवस्था गर्न उपधारा (१) ले बाधा पुऱ्याएको मानिने छैन । | तेस्रो पुस्ताको मानव अधिकारको मान्यता सकारात्मक रहेको | उपधारा (३) थप गरी क्षतिपूर्तिको हक पनि समावेश गर्नुपर्ने | वातावरणीय न्यायको हकमा क्षतिपूर्तिको हक अभिन्न अङ्गको रुपमा रहेको हुन्छ । त्यसैले मौलिक हक समितिले यस हकसँगै क्षतिपूर्तिको हक पनि प्रस्ताव गरेको छ । अतः यस समितिले प्रस्ताव गरेको हकलाई मौलिक हक समितिले प्रस्ताव गरेको हकसँग समायोजन गरिएमा थप प्रभावकारी हुने भएकोले । |
| ३. खानेपानीको हक : | (१) प्रत्येक व्यक्तिलाई विना भेदभाव स्वच्छ एवं स्वस्थ खानेपानीको हक हुनेछ । | उपभोक्ता हितको दृष्टिकोणले सकारात्मक रहेको, यद्यपि, कमजोर वर्गको पहुँचका बारेमा मौन रहेको । | प्रत्येक व्यक्तिलाई भन्ने शब्दपछि वैयक्ति एवं सामुहिक रुपमा भन्ने शब्दावलीहरु थप गर्नुपर्ने | खानेपानीको हक भन्नाले श्रोत वा वस्तुमाथिको हकमध्ये कुन हकलाई बुझ्ने भन्ने बारेमा विभिन्न पक्षका आ-आफ्नै अभिमतहरु रहेका छन् । नेपालको सन्दर्भमा यो हकलाई उदारवादी अवधारणा अनुसार वस्तुमा मात्र सिमित हुने गरी बुझ्नु उपयुक्त हुँदैन । किनकी, हाम्रो खानेपानी प्रणाली समुदायमा आधारित छ, जसले खानेपानीको आपूर्ति मात्र नभई यसका श्रोतहरुको समेत व्यवस्थापन गर्दछ । त्यसैले खानेपानीको हकलाई वस्तु आपूर्तिमा मात्र सिमित नगरी श्रोतमाथिको सामुदायिक हकसम्म विस्तार गर्नुपर्ने भएकोले । |

| बिषय | प्राकृतिक स्रोतसम्बन्धी प्रस्तावित अवधारणा/व्यवस्थाहरु | सकारात्मक पक्षहरु | सुझाव | औचित्यता |
|---|---|---|---|---|
| ४. **खाद्यसम्बन्धी हक :** | (१) प्रत्येक नागरिकलाई भोक विरुद्धको हक हुनेछ ।<br>(२) प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ । | यो प्रस्ताव सकारात्मक रहेको, यद्यपि विपन्न वर्गलाई प्राथमिकतामा दिने कुरामा मौन रहेको । | उपधारा (३) थप गरी निम्न व्यवस्था गर्नुपर्ने :<br>(३)राज्यले खाद्य सम्बन्धी हकको प्रत्याभूति गर्ने क्रममा विपन्न वर्गलाई विशेष प्राथमिकता दिनेछ । | भोक विरुद्धको हकले राज्यलाई बढी जवाफदेही बनाउँछ । कुनै पनि व्यक्तिलाई भोको अवस्थाबाट मुक्त हुन पाउने अवस्था सिर्जना गर्नुपर्ने राज्यको दायित्व भएकोले राज्यले सोही अनुसारको व्यवस्था गर्नुपर्ने हुन्छ । यो हक प्राविधिक पक्षसँग सम्बन्धित छ । जस्तै : राज्यले खाद्य भण्डारको व्यवस्था गर्नु । तर खाद्यसम्बन्धी हकले नागरिकको खाद्यवस्तुमाथिको हकमात्र नभई यसका स्रोतहरु जस्तै बीउ विजनमाथिको हक, कृषक अधिकार आदिलाई समेत समेटदछ । यी दुबै अधिकारको लागि खाद्य सम्प्रभूत्ता उत्तिकै महत्वपूर्ण पक्ष हो, जसको सम्बन्ध खाद्य प्रणाली व्यवस्थित गर्ने राज्यको अधिकारसँग सम्बन्धित रहेको हुन्छ । यी सबै कुराहरुमा खासगरी जोखिममा परेका र विपन्न वर्गको पहिलो अधिकार हुने गरी प्रतिवन्धात्मक व्यवस्था गरिएमा मात्र यस हकको सार्थकता रहने भएकोले त्यसतर्फ विचार गर्नु उपयुक्त हुने भएकोले । |

| बिषय | प्राकृतिक स्रोतसम्बन्धी प्रस्तावित अवधारणा/व्यवस्थाहरु | सकारात्मक पक्षहरु | सुझाव | औचित्यता |
|---|---|---|---|---|
| **५.सम्पत्तिको हकः** | (१) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ। तर सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्ति वा संस्थाको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्दा कानून बमोजिम उचित क्षतिपूर्ति दिइनेछ।<br>(२) राज्यले वैज्ञानिक/क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदवन्दी भन्दा बढी जमिन कानून वमोजिम अधिग्रहण वा प्राप्त गर्न सक्नेछ। | यो व्यवस्था आर्थिक समताका लागि केहीहदसम्म सकारात्क रहेको। | निम्न अनुसारको स्पष्टिकरण थप गर्नेः स्पष्टिकरण : सार्वजनिक हित भन्नाले भूमिहिनलाई जमिन वितरण गर्ने प्रयोजनका लागि जमिन प्राप्त गर्ने कार्यलाई समेत जनाउने छ। | नेपालको सन्दर्भमा सार्वजनिक हित भन्नाले ठूला विकास आयोजनाहरुको लागि राल्यले जमिन अधिग्रहण गरी उपलब्ध गराउने कार्यलाई बुझीदै आएको छ। यस्तो कार्यले भूमिहिनहरुको सार्वजनिक हित गर्न सक्दैन। त्यसैले सार्वजनिक हित भन्नाले भूमिको पूनर्वितरणलाई पनि जनाउँछ भन्ने कुरा संविधानमा नै स्पष्टीकरण सम्बन्धी व्यवस्था लेखेर भएपनि स्पष्ट पार्नुपर्ने हुन्छ। यस्तो गर्न सकिएमा वैज्ञानिक/क्रान्तिकारी भूमिसुधार पनि स्वतः परिभाषित हुने भएकोले । |
| **६. शोषण विरुद्धको हक** | (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ।<br>(२) प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन।<br>(३) मानिसलाई बेचविखन गर्न, बाल श्रमको उपयोग गर्न, दास वा बाँधा बनाउन पाइने छैन।<br>(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन। तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने कानून बनाउन रोक लगाएको मानिने छैन। | यो प्रस्ताव सकारात्मक रहेको | शोषणविरुद्धको हक अन्तर्गत क्षतिपूर्तिको हक पनि समावेश गर्नुपर्ने। | संविधानतः यो हकको व्यवस्था पहिलैदेखी गरिदै आएको भएपनि व्यवहारमा खासगरी कृषि र परम्परागत पेशाको क्षेत्रमा श्रम शोषणको विद्यमानता कायमै छ। त्यसैले शोषणविरुद्धको हक अन्तर्गत शोषण भएमा क्षतिपूर्ति पाउने व्यवस्था पनि गर्नु उपयुक्त हुने भएकोले। |

| बिषय | प्राकृतिक स्रोतसम्बन्धी प्रस्तावित अवधारणा/व्यवस्थाहरु | सकारात्मक पक्षहरु | सुझाव | औचित्यता |
|---|---|---|---|---|
| **७. आवासको हकः** | प्रत्येक नागरिकलाई आबासको हक हुनेछ । यसको लागि राज्यले कानून बनाई व्यवस्थित गर्नेछ । | आवासको अधिकारलाई संवैधानिक मान्यता दिनु सकारात्मक रहेको | राज्यले आवासको हक कार्यान्वयन गर्दा आवास विहिनलाई पहिलो प्राथमिकता दिने व्यवस्था गर्नुपर्ने । | नेपालमा विभिन्न किसिमका आवास विहिन व्यक्तिहरु (जस्तै : वास्तविक सुकुम्वासी, प्रकोप पिडित, द्वन्द्वपिडित, विकास पिडित, विभिन्न किसिमले विस्थापित आदि) रहेका छन् । राज्यले यी सबैलाई एकैपटक आवासको व्यवस्था गर्न सक्ने अवस्था हुँदैन । त्यसैले संविधानतः नै प्राथमिकता सम्बन्धी प्रारुप राखिएमा खासगरी आवसाविहिनताको कारण जोखिममा परेकालाई न्याय हुन जान्छ । अन्यथा आवासको हकका नाममा पहुँचवालाले नै फाईदा लिने अवस्था सिर्जना हुने भएकोले । |
| **८.रोजगारीको हक :** | प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । यसको लागि राज्यले कानून बनाई व्यवस्थित गर्नेछ । | प्रस्ताव सकारात्मक रहेको | स्वदेशी प्राकृतिक स्रोतको परिचालन गर्दा स्थानीय वासिन्दालाई रोजगारीमा पहिलो प्राथमिकता हुने व्यवस्था गर्नुपर्ने । | रोजगारीको हक स्रोतहरुको परिचालनसँग पनि अन्तरसम्बन्धित रहेको हुन्छ । स्थानीय श्रोतहरुको परिचालन गर्दा स्थानीय नागरिकहरुले नै रोजगारी पाउनु पर्ने मागहरु उठीरहेका हुन्छन् । त्यसैले रोजगारीको हकलाई श्रोत परिचालनसँग पनि अन्तरसम्बन्धित गर्न सकिन्छ । यद्यपि, यी कुराहरु कानुन बनाउँदा विचार गर्नुपर्ने भएकोले । |

| बिषय | प्राकृतिक स्रोतसम्बन्धी प्रस्तावित अवधारणा/व्यवस्थाहरु | सकारात्मक पक्षहरु | सुझाव | औचित्यता |
|---|---|---|---|---|
| **मौलिक कर्तब्य**<br>**९. मौलिक कर्तव्यः** | (१) प्राकृतिक स्रोतको संरक्षण र सम्बर्द्धन गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।<br>(२) सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।<br>(३) कुनै पनि नागरिकले आफ्नो अधिकारको प्रयोग गर्दा अरुको हक अधिकार हनन गर्न पाइने छैन ।<br>(४) कानून बमोजिम कर तिर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । | नागरिक दायित्व सम्बन्धी प्रस्ताव सकारात्मक रहेको | सामुदायिक रुपमा पनि नागरिक दायित्व बहन गर्न सकिने व्यवस्था गर्नुपर्ने । | सार्वजनिक सम्पत्ति ९एगदष्भि एचयउभचतथ० को मात्र नभई सामुदायिक सम्पत्ति ९ऋयmmगलष्तथ उचयउभचतथ० को संरक्षण गर्ने नागरिक दायित्व पनि समावेश गर्नुपर्ने भएकोले । |
| **राज्यको दायित्व, सिद्धान्त र नीति**<br>१०. **राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू**<br>११. **राज्यको दायित्व** | राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु देहाय बमोजिम हुनेछन् :-<br>(१) प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन एवं दिगो उपयोग गर्दा स्थानीय समुदायको आवश्यकतालाई प्राथमिकता दिदै त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने,<br>(२) आदिवासी, जनजाति, दलित एवं स्थानीय समुदायको आनुवंशिक स्रोत एवं सांस्कृतिक सम्पदासम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, सम्बर्द्धन एवं सुरक्षण गर्ने र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने, | राज्यको दायित्वमा समेटिएका अधिकांश विषयवस्तुहरु सकारात्मक रहेका । खासगरी प्राकृतिक स्रोत माथिको आदिवासी एवं स्थानीय समुदायको अधिकार सुरक्षा गर्ने दायित्व विशेष महत्वको रहेको । | राज्यले प्राकृतिक स्रोतमाथिको स्थानीय समुदायको जनअधिकार सुरक्षित गर्न विशेष दायित्व निर्वाह गर्नेछ भन्ने व्यवस्था थप गर्नुपर्ने । | भू-उपयोग, जलाधार क्षेत्र, संरक्षित क्षेत्र आदी महत्वपूर्ण स्रोतको बारेमा राज्यको दायित्व अस्पष्ट रहेकोले सो स्पष्ट हुँदा उपयुक्त हुने ।<br>त्यस्तै प्राकृतिक स्रोतमाथिको जनसमुदायको अधिकार संरक्षण गर्ने दायित्वबारेमा पनि स्पष्ट व्यवस्था गर्दा उपयुक्त हुने भएकोले । |

| बिषय | प्राकृतिक स्रोतसम्बन्धी प्रस्तावित अवधारणा/व्यवस्थाहरु | सकारात्मक पक्षहरु | सुझाव | औचित्यता |
|---|---|---|---|---|
| | (३) जलस्रोत लगायतका प्राकृतिक स्रोतसम्बन्धीअन्तर्राष्ट्रियस्तरमा सन्धि सम्झौता गर्दा राष्ट्रिय हितमा गर्ने,<br>(४) राज्यको कुल भू-भागको कम्तीमा ४० प्रतिशत भू-भागमा वन क्षेत्र कायम गर्ने । यसका लागि प्रत्येक प्रदेशमा कम्तीमा यो संविधान प्रारम्भ हुँदाका बखतमा रहेको वन क्षेत्रको क्षेत्रफल कायमै राख्ने,<br>(५) प्राकृतिक प्रकोपबाट सुरक्षा गर्न पूर्व सावधानी लिने, प्रकोपकालीन अवस्थामा उद्धार एवं संरक्षण गर्ने र प्रकोप पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति प्रदान गर्ने,<br>(६) संघीय सरकार र प्रदेशहरुबीच पारस्परिक सहकार्य गरी अधिकतम आर्थिक तथा सामाजिक विकासको लागि काम गर्ने वातावरण मिलाउने,<br>(७) समष्टिगत आर्थिक स्थायित्व कायम राख्न संघ सरकारको समन्वयमा प्रदेश सरकारहरुले आपसमा सहकार्य गर्ने ।<br>(८) अन्तरप्रदेश व्यापार तथा सेवा प्रदायक वस्तुको विस्तार निर्वाध रुपमा गर्ने व्यवस्था मिलाउने,<br>(९) देशमा लगानी तथा उद्योग व्यवसायको सुरक्षाको व्यवस्था गर्ने, | | | |

| बिषय | प्राकृतिक स्रोतसम्बन्धी प्रस्तावित अवधारणा/व्यवस्थाहरु | सकारात्मक पक्षहरु | सुझाव | औचित्यता |
|---|---|---|---|---|
| १२. **राज्यको निर्देशक सिद्धान्त** | (१) वातावरण संरक्षण र अन्तरसन्ततीय समन्याय (Inter-generational equity) कायम गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने राज्यको उद्देश्य हुनेछ,<br>(२) समृद्ध, न्यायपूर्ण, सन्तुलित र समावेशी अर्थतन्त्रको निर्माण गर्ने राज्यको मूलभूत उद्देश्य हुनेछ,<br>(३) आर्थिक असमानता हटाउँदै स्वतन्त्र आत्मनिर्भर एवं उन्नतिशील राष्ट्रिय औद्योगिक अर्थतन्त्रको निर्माण गर्नु राज्यको आर्थिक उद्देश्य हुनेछ ।<br>(४) प्राकृतिक एवं आर्थिक स्रोतसाधनलाई सीमित व्यक्तिमा केन्द्रित हुन नदिई कुनै पनि जाति, लिङ्ग, वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नदिने राज्यको उद्देश्य हुनेछ ।<br>(५) बजार क्षेत्र नपुगेका वा निजी क्षेत्रले सम्बोधन गर्न नसकेका क्षेत्रमा सरकारले उचित ध्यान दिने,<br>(६) राष्ट्रिय स्रोत साधनको प्रभावकारी परिचालन, उपभोग र प्रवर्धन गर्ने,<br>(७) श्रमिकका पेशागत अधिकार तथा न्यूनतम ज्याला सुनिश्चित गर्ने,<br>(८) उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्धन आदिका लागि लगानीको वातावरण वृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरूको व्यापक वृद्धि गर्ने । | सिद्दान्तहरुमा समेटिएका विषयहरु सकारात्मक रहेका, यद्यपि, कैयौ कुरा अपुग रहेको | वातावरणीय न्यायसँग सम्बन्धित रहेका सार्वजनिक न्यास, पूर्वसावधानी जस्ता सारवान सिद्दान्तहरुलाई पनि राज्यको निर्देशक सिद्धान्त अन्तर्गत राख्नुपर्ने । | प्राकृतिक स्रोतका सन्दर्भमा महत्वपूर्ण मानिएका सार्वजनिक न्यास, पूर्वसावधानी जस्ता सारवान सिद्दान्त र थुप्रै कार्यविधिगत सिद्दान्तहरु राज्यको नीतिमा समेटिएको छ । यद्यपि, यी सिद्धान्तहरु राज्यको निर्देशक सिद्धान्तसँग सम्बन्धित रहेका छन् । त्यसैले राज्यको नीति अन्तर्गत प्रस्ताव गरिएका उक्त व्यवस्थाहरुलाई राज्यको निर्देशक सिद्धन्त अन्तर्गत राख्नु उपयुक्त हुने भएकोले । |

| बिषय | प्राकृतिक स्रोतसम्बन्धी प्रस्तावित अवधारणा/व्यवस्थाहरु | सकारात्मक पक्षहरु | सुझाव | औचित्यता |
|---|---|---|---|---|
| **१३. राज्यका नीतिहरु** | (१) व्यापार व्यवसाय खोल्ने, सञ्चालन गर्ने, एकाधिकार हुन नदिई प्रतिस्पर्धी वातावरणमा मुनाफा प्राप्त गर्ने र सरोकारवालाहरुको हकको संरक्षण गर्दै आवश्यकता अनुसार बन्द गर्न पाउने नीति अवलम्बन गर्ने,<br>(२) जलवायु परिवर्तनबाट पर्न सक्ने नकारात्मक असरलाई न्यून गर्ने नीति अवलम्बन गर्ने,<br>(३) प्राकृतिक सम्पदा, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने नीति अवलम्बन गर्ने,<br>(४) खाद्य संप्रभुताको माध्यमबाट किसानको दीर्घकालीन हित संरक्षण गर्दै राज्यले खाद्य अधिकार सुरक्षित गर्ने नीति अवलम्बन गर्ने,<br>(५) वैदेशिक सहायता राष्ट्रिय प्राथमिकताको आधारमा लिइनेछ र यसको उपयोग एवं वितरण ९र्बीयिअबतष्यल० गरिवी, पूर्वाधारको अवस्था र क्षेत्रीय विकासको अन्य अवस्थाको आधारमा गरिने,<br>(६) देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्ने,<br>(७) सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने, | नीतिमा समेटिएका विषय आफैमा सकारात्मक रहेपनि अप्रयाप्त रहेका | प्राकृतिक स्रोतको सामुदायिक रुपमा व्यवस्थापन गर्ने, आर्थिक हिसावले सहकारी एवं सामुदायिक आर्थिक प्रणालीलाई प्राथमिता प्रदान गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गर्नुपर्ने । | प्राकृतिक स्रोतको सामुदायिक रुपमा व्यवस्थापन गर्ने, आर्थिक हिसावले सहकारी एवं सामुदायिक आर्थिक प्रणालीलाई प्राथमिता प्रदान गर्ने नीति अवलम्बन गर्नुपर्ने भएकोले । |

| बिषय | प्राकृतिक स्रोतसम्बन्धी प्रस्तावित अवधारणा/व्यवस्थाहरु | सकारात्मक पक्षहरु | सुझाव | औचित्यता |
|---|---|---|---|---|
| | (८) भूमिहीन सुकुम्बासी, कमैया, हलिया, हरवा, चरवा, कम्हलरी लगायतका आर्थिक सामाजिक रुपले पछाडि पारिएका वा परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको वैकल्पिक व्यवस्था गर्ने नीति लिने ।<br>(९) आर्थिक अधिकारमा महिलाको समान हक स्थापित गर्ने नीति अवलम्बन गर्ने । | | | |
| **राष्ट्रिय प्राकृतिक स्रोत आयोग** | | प्रस्ताव सकारात्मक रहेको | आयोगमा प्राकृतिक स्रोत व्यवस्थापन गर्ने समुदायको प्रतिनिधित्व पनि हुने व्यवस्था गर्नुपर्ने । | आयोगलाई समावेसी प्रकृतिको बनाउने व्यवस्था हुनुपर्ने भएकोले । |
| **सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन** | | प्रस्ताव सकारात्मक रहेको | प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड सम्बन्धी सन्धि सम्झौता गर्दा पनि संसदको दुइ तिहांईले पारित गर्नुपर्ने व्यवस्था गर्ने । | प्राकृतिक स्रोत जस्तो महत्वपूर्ण विषयमा सामान्य बहुमतले पारित गर्ने व्यवस्था गर्नु राष्ट्र र समुदायका लागि चुनौतिपूर्ण हुने भएकोले । |

# दलित अधिकारको सन्दर्भ

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **अल्पसंख्यक तथा सीमान्तीकृत समिति** | | | |
| **प्रस्तावना** | १.जातीय विभेद र छुवाछुतमुक्त..धर्मनिरपेक्ष, पूर्ण समानुपातिकता सहित समावेशी राज्य हो ।<br>२.राज्यले विगतको उत्पीडनको क्षतिपूर्ति सहित सकारात्मक विभेद वापत कानूनद्वारा विशेष व्यवस्था गर्नेछ ।<br>३.जातीय भेदभाव तथा छुवाछुत विरुद्धको हक । धार्मिक स्वतन्त्रताको हक । विपरितका कार्य मानवता विरुद्धको जघन्य सामाजिक अपराधको रुपमा दण्डनीय हुनेछ र पीडित पक्षले कानून बमोजिम उचित क्षतिपूर्ति पाउनेछ ।<br>४.जातीय विभेद र छुवाछुतको दुर्व्यवहार एवं धार्मिक, सांस्कृतिक उत्पीडन भोग्ने समुदायलाई राज्यले सो विभेद, दुर्व्यवहार वा उत्पीडनको क्षतिपूर्ति बापत समानुपातिकतामाथि थप अधिकार सुनिश्चितताको विशेष व्यवस्था गर्नेछ ।<br>५.अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय वा वर्ग र विशेष व्यवस्थाको पहिचान गरी सो को सीफारिश गर्न राज्यले एक उच्च स्तरीय आयोगको गठन गर्नेछ । | १.ऐतिहासिक विभेदको पश्चाताप गर्नुपर्ने ,समानता, सामाजिक न्याय र मानवीय मर्यादा युक्त, धर्मनिरपेक्ष, पूर्ण समावेशी र जातीय भेदभाव तथा छुवाछूतमुक्त राष्ट्रको निर्माण गर्ने प्रतिबद्धता जाहेर गर्दै, पहिचानका लागि कुनै पनि उपथर वा टाइटलका आधारमा नागरिकता दिइने व्यवस्था गरिनुपर्छ ।<br>२.जात, जाति, जन्म, वंश, पेशा, समुदाय वा जातीय उत्पत्ति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने व्यवस्था हुनुपर्छ ।<br>३. दलित तथा पछाडि पारिएको समुदाय तथा अपाङ्गलाई राज्यले विगतको उत्पीडनको क्षतिपूर्ति सहित सकारात्मक विभेदका आधारमा सविधान जारी भएको छ महिना भित्र विशेष कानुन निर्माण गरी लागु गरिनेछ ।<br>४.यसै संविधानले अल्पसंख्यक र सिमान्तीकृत अन्तरगत दलित समुदायको परिभाषा र सिफारिस गनुपर्ने । | • दलित समुदाय उपर वितगमा राज्यद्धारा गरिएको विभेदको पश्चाताप र भविष्यमा त्यस्तो विभेद नगरिने नहुने कुराको प्रतिवद्धता गरिने उचित हुने भएको यो व्यवस्था गरिएको हो । नेपाल जस्तै अन्य मुलुकमा पनि यस प्रकारको व्यवस्था गरिएको छ ।<br>• अल्पसंख्यक र सिमान्तकृत अन्तरगर्त दलित समुदायको पहिचान सहित परिभाषा आउने संविधानमा नगरिएमा सोको परिभाषामा विवाद उत्पन्न हुन्छ र पुनः वास्तविक दलितहरु पछि पर्नेछन् । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **मौलिक हक तथा निर्देशक सिद्धान्त समिति** | | | |
| **समानता** | १. तर आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, किसान, मजदुर, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।<br>२. छुवाछुत एवं जातीय तथा लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने खालका प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न प्रतिबन्ध लगाउने ।<br>३. कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन ।<br>४. छुवाछुत तथा भेदभावजन्य सबै प्रकारका कार्य सामाजिक अपराधको रुपमा कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाईउचितक्षतिपूर्तिकोहक हुनेछ ।<br>५. धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । | १.पिछडिएका समुदाय, वर्ग र जाति भनि महिला, दलित, आदिवासी जनजाति, किसान, मजदुर, अल्पसंख्यक..........युवा आदी सबैलाई एकै स्थानमा राखिएको छ । अतः यसो नगरी पिछडीएका समुदाय भनेर दलित, महिला, अल्पसंख्यक र सिमान्तकृत समुदाय भनि तोकिनु पर्छ ।<br>२. समानताको हकः यो संविधान प्रारम्भ भएको बढीमा छ महिनाभित्र विशेष व्यवस्था सम्बन्धी कानुनको तर्जुमा पारित गरिनेछ ।<br>३. छुवाछूत तथा भेदभाव विरुद्धको हकः यो संविधान प्रारम्भ भएको बढीमा छ महिनाभित्र दण्डनीय र क्षतिपूर्ति सम्बन्धी कानुनको तर्जुमा पारित गरिनेछ ।<br>४. शिक्षा सम्बन्धी हकः दलित लगायतका जातीय रुपले पिछडिएको वर्ग समेतलाई निःशुल्क उच्च शिक्षाको व्यवस्था गरिनेछ ।<br>५. दलित समुदायको हकः यो संविधान प्रारम्भ भएको बढीमा छ महिनाभित्र समावेशीकरणका लागि सकारात्मक विभेद र क्षतिपूर्तियात्मक अधिकार सम्बन्धी कानुनको तर्जुमा पारित गरिनेछ । | • सबै वर्गलाई एकै स्थानमा राख्दा वास्तविकरुपमा पिछडिएका समुदायको पहिचान हुन नसकि उनीहरु झन झन पछि पर्दै जान्छन् ।<br>• विगतमा दलित समुदायको हकहितका लागि विशेष नीति तथा नियम बन्ने भनिएता पनि ति कहिलेसम्म बनिसक्ने सोको निश्चित नभएकाले सोको सुनिश्चितका लागि सो समय निर्धारण गरिएको हो ।<br>• भूमी नगद, सुनचांदी जस्तो वस्तु नभई प्राकृतिक प्रदत्त भएकाले भूमीलाई प्राकृतिक श्रोतमा राखिनु पर्छ । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| | ६. दलित समुदाय सम्बन्धी हक : दलित समुदायलाई राज्य संयन्त्रका सबै निकाय र क्षेत्रहरूमा समावेशी समानुपातिक आधारमा क्षतिपूर्ति सहित सहभागिताको हक हुनेछ । क्षतिपूर्ति सम्बन्धी व्यवस्था कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।<br><br>७. दलित समुदायलाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।<br>८. दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकासको लागि विशेष अवसर प्राप्त गर्ने र सोबाट कानून बमोजिम व्यवसायिक लाभ प्राप्त गर्ने हक हुनेछ ।<br>९. सामाजिक रुपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ ।<br>१०. यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले दुई बर्ष भित्र कानूनी व्यवस्था गर्नेछ । | ६. संवैधानिक विशेषाधिकार/ आरक्षणको हक : दलित समुदायलाई इतिहासदेखिको छुवाछूत र विभेदको क्षतिपूर्ति वापत आरक्षणको हक हुनेछ । यस सम्बन्धी कानून सम्बन्धी जारी भएको ६ महिनाभित्र जारी गरिने छ ।<br>७. भूमि प्राकृतिक स्रोतको रुपमा राखिने छ । यसलाई निजी सम्पत्तिको रुपमा मानिने छैन । भूमिहिन र विपन्न दलितको भुमीमा पहुंच पुऱ्याउन भुमी सम्बन्धी भिन्दै सम्बैधानिका कानुनको निर्माण गरिन पर्छ । | |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **३. सामाजिक र साँस्कृतिक ऐक्यबद्धताको समिति** | | | |
| **सामाजिक न्याय** | १. प्रत्येक समुदायलाई आफ्नो सँस्कृतिको संरक्षण, सम्बर्द्धन र विकास, सम्बर्द्धन र अवलम्वन गर्ने हक हुनेछ । तर सँस्कृतिको आडमा निर्मित कुरीति, कुसँस्कार र कुप्रथा वा मान्यताको प्रयोगमा रोक लगाउने गरी कानूनद्वारा विशेष व्यवस्था गर्न वाधा पु-याएको मानिने छैन् ।<br>२. कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेद्भाव गरिने छैन् । यस्तो भेदभावपूर्ण व्यवहारलाई गम्भिर अपराध मानी दण्ड गरिने छ ।<br>३. पिडीत व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउनेछ । राजनैतिक,<br><br>आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछिपारिएका उत्पिडीत क्षेत्र, वर्ग र समूदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । | १. कुनै पनि धर्म, धार्मिक प्रथा र परम्पराको नाममा हुने कुनै पनि प्रकारको हिंसा, भेदभाव, घृणा, अवहेलना, शोषण, रुढीवादी क्रियाकलाप दण्डनीय हुने र पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने ।<br>२. दलित समुदायलाई इतिहासकालदेखि राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक क्षेत्रमा<br><br>राज्यद्वारा नै पछाडि पारिएकाले सकारात्मक विभेदको नीति अनुरुप समानुपातिक प्रतिनिधित्व र समावेशी सिद्धान्तको आधारमा उनीहरु अन्य जातजाति र समुदाय सरह समान नहुँदासम्मका लागि क्षतिपूर्ति स्वरुप राज्यका सम्पूर्ण संरचना र तहमा समानुपातिक प्रतिनिधित्व सहित विशेषाधिकार/आरक्षणको र प्राप्त गर्ने हक हुने ।<br>३. भाषा आयोगमा दलित समुदायको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गरिने छ । र ६ महिनाभित्र आवश्यक कानुनको तर्जुमा गर्ने । | • दलित समुदाय उपर वितगमा राज्यद्धारा गरिएको विभेदको पश्चाताप र भविष्यमा त्यस्तो विभेद नगरिने नहुने कुराको प्रतिवद्धता गरिने उचित हुने भएको यो व्यवस्था गरिएको हो ।<br><br>• भाषा आयोगमा दलित प्रतिनिधित्व सुनिश्चित गरिदा नेवार र मधेशी दलित समुदायका भाषागत मुद्दाहरु सम्बोधन हुनेछ । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **४. संवैधानिक निकायको संरचना निर्धारण समिति** | | | |
| **प्रतिनिधित्व** | १. अख्तियार, लेखा परिक्षण, लोक सेवा, निर्वाचन, मानव अधिकार, महिला, मधेशी आयोग लगायत सबै संवैधानिक अंग तथा आयोगहरुमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा प्रमुख आयुक्त र आयुक्तहरुको नियुक्तिको व्यवस्था ।<br>२. नेपालमा एक संघीय दलित आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>३. छ वर्षे कार्यकाल र थप एक कार्यकालका लागि पुनर्नियुक्ति हुन सक्ने ।<br>४. दलित आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष दलित हक हित वा दलित विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको व्यक्ति हुनुपर्नेछ । चालीस वर्ष उमेर पूरा भएको हुनुपर्ने ।<br>५. अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको ।<br>६. अध्ययन तथा अन्वेषण गरि सरकारलाई सिफारिस गर्ने ।<br>७. दलित हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>८. अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने । | १. अख्तियार, लेखा परीक्षण, लोकसेवा, निर्वाचन, मानव अधिकार, महिला, मधेशी आयोग लगायत सबै संवैधानिक अंग तथा आयोगहरुमा दलित समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने ।<br>२. सबै अस्थायी प्रकृतिका र विषयगत आयोग, समिति र सुरक्षा, न्याय लगायतका परिषदहरुमा दलित समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गने ।<br>३. संघ, राज्यहरुमा आवश्यकता अनुसार दलितको सवालमा मन्त्रालय, आयोग, परिषद, प्रतिष्ठान, समिति, विभाग जस्ता अर्धन्यायिक, स्वतन्त्र र सक्षम संयन्त्रहरुको निर्माण गरिने ।<br>४. सदस्य संख्याः कम्तिमा ५ देखि ७, उमेरः अध्यक्षको हकमा ३५ वर्ष र सदस्यको हकमा २५ वर्ष कायम गरिनु पर्छ ।<br>५. योग्यताः दलित समुदायको हक, हित तथा अधिकारको क्षेत्रमा लामो समयदेखि निरन्तर क्रियाशील भएको हुनुपर्ने ।<br>६. याग्यता : अध्यक्ष तथा सदस्यहरु सबैले स्नातक उत्तीर्ण गरेको हुनुपर्ने ।<br>७. सेवा सुविधा र बर्खास्ती सर्वोच्च अदालतका न्यायाधीश सरह वा अन्य संवैधानिक आयोगका पदाधिकारी सरह हुनुपर्ने । | ● समावेशीको सिद्धान्त ले मात्र दलितहरुको प्रतिनिधित्व सुनिश्चित नहुने हुनाले अनिवार्य गरिनु पर्छ भनिएको हो ।<br>● दलितहरुको पहिचान सहितको विकासका लागि अगल संरचना आवश्यकता भएकाले ।<br>● दलित आयोग सम्बैधानिक आयोग भएको र यस गरिमामय पनि उच्च रहेकाले योग्यता कम्तिमा स्नातक निर्धारण गरिएको हो ।<br>● दलित आयोगको अध्यक्ष वा सदस्य राष्ट्रिय मानव अधिकार आयोगको पदेन सदस्य रहदा एकातिर दलितको प्रतिनिधित्व सुनिश्चित भयो भने अर्कातिर दलितका सवालहरु पनि समेटिने अवस्था श्रृजना हुनेछ । |

| | | | |
|---|---|---|---|
| | ९. राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br><br>१०.आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | ८. दलित आयोगको अध्यक्ष तथा अन्य आयोगहरुको राष्ट्रिय मानवअधिकार आयोगको पदेन सदस्य हुने व्यवस्था हुनुपर्ने ।<br>९. आयोगको गठन गर्दा दलितभित्रका पनि महिला, पुरुष, पहाडे तथा मधेशी दलित र दलितभित्रका अल्पसंख्यक र सीमान्तीकृत र जातहरुको समुचित प्रतिनिधित्वको सुनिश्चितता गरी दलित आयोगको संरचना समावेशी बनाइनु पर्छ ।<br>१०. कुनै व्यक्ति वा संस्थाबाट निवेदन प्राप्त गर्ने, जाँचबुझ गर्ने र कारवाहीका लागि निर्देशन दिने ।<br>११. कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिने, साक्षी बुझ्ने तथा बकपत्र गराउने, लिखत वा कागजात वा प्रमाण पेश गर्न आदेश दिने ।<br>१२. कुनै सरकारी वा सार्वजनिक कार्यालयबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने वा अदालतबाट नक्कल प्राप्त गर्ने ।<br>१३. आयोगले गरेका सिफारिश कार्यान्वयन वा पालना गर्नु सम्बन्धित निकाय वा संस्थाको कर्तव्य हुने ।<br>१४. दलित सम्बन्धी कुनै पनि नीति, कानुन, नियम, र कार्यक्रम तर्जुमा गर्दा वा फेरबदल गर्दा राज्य र सम्बन्धित निकायले आयोगको अनिवार्य सहमति लिनुपर्ने ।<br>१५. अर्धन्यायिक संरचनाको अधिकार प्रदान गरिनु पर्ने । | ● दलितका उत्पीडनलाई मध्यनजर राखेर<br><br>● दलित आयोगलाई पनि अर्धन्यायिक संरचनाको अधिकार सुनिश्चित गरिनु पर्छ । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **५. व्यवस्थापकीय अंगहरु निर्धारण समिति** | | | |
| **प्रतिनिधित्व** | १. १५१ सदस्यीय प्रतिनिधि सभा (७६ सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीबाट र ७५ सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट)<br>२. राजनीतिक दलहरुले जनसंख्याको समानुपातमा दलित लगायतका समुदायको उमेदवारी दिनुपर्ने कुरा कानुनले सुनिश्चित गर्नेछ ।<br>३. ५१ सदस्ययि राष्टिय सभा (३८ सदस्य प्रान्तबाट बराबरीका हिसाबले निर्वाचित हुने<br>४. १३ जना प्रतिनिधिसभाबाट एकल संक्रमणीय मतका आधारमा प्रतिनिधिसभामा प्रतिनिधित्व हुन नसकेका दलित लगायतका समुहबाट र विज्ञहरुबाट निर्वाचित हुने ।<br>५. अधिकतम ३५ सदस्यीय प्रान्तीय सभााको गठन हुने छ जसमा १८ सदस्य प्रत्यक्ष निर्वाचन र १७ सदस्यीय समानुपातिक निर्वाचनबाट निर्वाचित हुनेछन् ।<br>४. राजनीतिक दलहरुले प्रान्तीय सभाका सदस्यहरुका लागि जनसंख्याको समानुपातमा दलित लगायतका समुदायको उमेदवारी दिनुपर्ने कुरा कानुनले सुनिश्चित गर्नेछ ।<br>५.प्रान्तीय सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुनेछन् । | १. संघीय र प्रान्तीय प्रतिनिधिसभाका लागि वैज्ञानिक आरक्षणमा आधारित पुर्ण समानुपातिक निर्वाचन प्रणाली हुनुपर्ने । दोहोरो मताधिकारको व्यवस्था गर्ने ।<br>२. राष्ट्रिय सभाको जम्मा सीट संख्यालाई हरेक समुदायको जनसंख्याको आधारमा वितरण गरिने र दलितको लागि समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने ।<br>३. संघीय र राज्यका सभामुख र उपसभामुख तथा अध्यक्ष र उपाध्यक्ष मध्ये एकजना दलित अनिवार्य हुने व्यवस्था गर्ने ।<br>४. जातीय भेदभाव तथा छुवाछुत अपराध निगरानी केन्द्र लगायत दलित समुदायसंग सम्बन्धित विषयगत समितिको समेत गठन गरिने व्यवस्था गर्ने ।<br>५. सबै संसदीय समितिका सभापति पदलाई समानुपातिक रुपमा वितरण गरिने व्यवस्था गर्ने ।<br>६. स्थानीय भौगोलिक स्वायत्त इकाइहरुको गठन जात, जाति, भाषा, क्षेत्रीय एकरुपताका आधारमा गठन गरिनुपर्ने र दलित बाहुल्य स्थानीय क्षेत्रलाई दलित स्वायत्त क्षेत्र बनाइने । | दलित समुदायको प्रतिनिधित्वलाई पुर्ण समानुपातिक निर्वाचन प्रणालीले मात्र सुनिश्चित गर्दछ ।<br><br>धेरै संसदीय समितिहरुको सभापति चयन गर्दा कम्तिमा एक जना दलित समुदायबाट पनि चुनिनु पर्छ । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **६.न्याय प्रणाली समिति** | | | |
| **न्याय** | १. तीनतहको अदालत (संघीय सर्वोच्च अदालत, राज्य/प्रदेश सर्वोच्च/उच्च र जिल्ला/स्थानीय अदालत) र खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न कानूनद्वारा अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ ।<br>२. यस संविधान बमोजिम संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश एवं न्यायाधीशहरू प्रदेश उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशहरु/जिल्ला स्थानीय अदालतका मुख्य न्यायाधीश र न्यायाधीहरुको नियुक्ति र अनुशासन सम्बन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा सिफारिस वा परामर्श दिन संघीय व्यवस्थापिका विशेष न्यायिक समिति/ प्रदेश यवस्थापिका विशेष न्यायिक समिति/ जिल्ला प्रतिनिधिसभा विशेष न्यायिक समितिको गठन ।<br>३. समानुपातिक र समावेशी रूपले प्रतिनिधित्व हुने गरी विशेष न्यायिक समितिको गठन<br>४. समानुपातिक र समावेशी सिद्धान्तका आधारमा संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीशहरु /प्रदेश उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशहरु / जिल्ला स्थानीय अदालतका मुख्य न्यायाधीश र न्यायाधीहरुको नियुक्तिको लागि आवश्यक संख्याको सूची तयार गरी अनुमोदनका लागि संघीय व्यवस्थापिकामा पेश गर्ने छ । | १. विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्दा जातीय भेदभाव तथा छुवाछूत विशेष अदालत तथा छुवाछूत अपराध निगरानी केन्द्रको समेत गठन गरिनु पर्ने ।<br>२. संघीय व्यवस्थापिका विशेष न्यायिक समिति/प्रदेश व्यवस्थापिका विशेष न्यायिक समिति/ जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति दलित, महिला, मधेशी, जनजाति र धार्मिक अल्पसंख्यक समुदायबाट अनिवार्य प्रतिनिधित्व हुने गरी सदस्यहरु चयन गरिने व्यवस्था हुनु पर्ने ।<br>३. विशेष न्यायिक समितिहरुले आवश्यक न्यायाधीशहरूको सूचिकरण गर्दा जनसंख्याको आधारमा समानुपातिक र समावेशी सिद्धान्त अनुसार महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम लगायतका पिछडिएको समुदायका व्यक्तिहरूको सूची तयार गर्ने<br>४. सबै स्तरका न्याय सेवा आयोग समावेशी हुनुपर्ने र दलित समुदायको सदस्य रहने अनिवार्य व्यवस्था हुनुपर्ने<br>५. संघीय/राज्य/महान्यायाधिवक्ता/ महाअभियोजन कर्ता/जिल्ला/ स्थानीय न्यायाधिवक्तामा दलितको अनिवार्य र समानुपातिक समावेशीको व्यवस्था गर्ने । | न्यायिक क्षेत्रमा दलितको प्रतिनिधित्व एकदमै कम रहेको र दलित समुदायलाई समाजमा जातिय भेदभाव र छुवाछुतका सम्बन्धमा बढि विभेद खेप्नु परेकाले सो व्यवस्था गर्नु परेको हो । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| | यसरी पेश भएको सूचीबाट संघीय व्यवस्थापिकाबाट अनुमोदन भएको व्यक्तिलाई राष्ट्राध्यक्ष/राज्य प्रमुख/जिल्ला प्रमुखबाट प्रधान /मुख्य न्यायाधीश र न्यायाधीशमा नियुक्ति गरिनेछ ।<br>५. सबै तहका न्यायाधीशहरूको नियुक्ति गर्दा जनसंख्याको आधारमा समानुपातिक र समावेशी सिद्धान्त अनुसार गरिनेछ । यसरी समानुपातिक र समावेशी सिद्धान्त अनुसार नियुक्ति गरिने छ ।<br>६. न्यायाधीश नियुक्त गर्दा महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम लगायतका पिछडिएको समुदायका व्यक्तिहरू समेतबाट गरिनेछ । संघीय/राज्य/ न्याय सेवा आयोगको व्यवस्था ।<br>७. संघीय/राज्य/ जिल्ला महान्यायाधिवक्ता/महाअभियोजन कर्ता/न्यायाधिवक्ताको व्यवस्था | | |
| **७. राष्ट्रिय हितको संरक्षण समिति** | | | |
| **प्रतिनिधित्व** | १. व्यवस्थापिकाबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसंग बाँझिएमा सो सन्धिको प्रयोजनको लागि बाँझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्वन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ ।<br>२. नेपाल सरकारले व्यवस्थापिकाबाट अनुमोदन, स्वीकृति वा समर्थन नभएको वा सम्मिलनको स्वीकृति नपाएको तर नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा व्यय भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानूनी | १. नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्दा अनिवार्य र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने ।<br>२. सुरक्षा परिषदमा दलित समुदायको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गर्ने<br>३. सैनिक सेवा आयोग, अर्धसैनिक बल सेवा आयोग, गुप्तचर र प्रहरी सेवाआयोगहरुमा दलित समुदायको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गर्ने ।<br>४. राष्ट्रिय सेनाको सबै तह र पदहरुमा दलित समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने | हालसम्म राज्य संयन्त्रको उच्च तहमा दलितको प्रतिनिधित्व हुनसकेकाले राजदुतहरु, सबै सुरक्षा क्षेत्र लगायतका अन्य क्षेत्रमा प्रतिनिधिहरु छनौट गर्दा कम्तिमा एक जना दलितको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सो कदम आवश्यक छ । |

| | | | |
|---|---|---|---|
| | व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि आवश्यक कानून बनाउनेछ ।<br>३. राष्ट्रप्रमुख/मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्ने ।<br>४. कार्यकारिणी प्रमुखको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद् गठन गरिने । समानुपातिक, समावेशी तथा लोकतान्त्रिक सिद्धान्त अनुरुपको राष्ट्रिय स्वरुपको नेपाली राष्ट्रिय सेनाको गठन हुनेछ ।<br>५. सैनिक सेवा आयोग, अर्ध सैनिक बल सेवा आयोग, गुप्तचर संगठनको गठन र प्रहरी सेवाको सेवा आयोगको गठन गरिनेछ । | ५. सबै अर्ध सैनिक वलको सबै तह र पदहरुमा दलित समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्व ।<br>६. गुप्तचर संगठनको सबै तह र पदहरुमा दलित समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने ।<br>७. सबै प्रकारका प्रहरी सेवाका सबै तह र पदहरुमा दलित समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने । | |
| **८. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति** | | | |
| **प्राकृतिक न्याय** | १. प्राकृतिक स्रोत र साधनको उपयोगमा आदिवासी जनजाति लगायतका स्थानीय समुदायको पहिलो अधिकार सुनिश्चित गर्ने ।<br>२. प्रत्येक व्यक्तिलाई विना भेदभाव स्वच्छ एवं स्वस्थ  खानेपानीको हक हुनेछ ।<br>३. प्रत्येक नागरिकलाई भोक विरुद्धको हक र खाद्य सम्बन्धी हक हुनेछ ।<br>४. राज्यले वैज्ञानिक/क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदवन्दी भन्दा बढी जमिन कानून वमोजिम अधिग्रहणवा प्राप्त गर्न सक्नेछ ।<br>५. प्रथा, परम्परा र प्रचलनको वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न, मानिसलाई बेचविखन गर्न, बाल | १. शारीरिक तथा मानसिक स्वास्थ्य, स्वस्थ वातावरण स्वच्छ हावा तथा पानी, आफ्नो वरिपरिको वातावरणको संरक्षण र उपभोग गर्ने हक हुनुपर्ने ।<br>२. भूमिहिनता र भूमिसुधारमा दलित समुदायलाई पहिलो प्राथमिकता दिइने व्यवस्था हुनुपर्ने ।<br>३. प्रथा, परम्परा र प्रचलनको वा कुनै पनि किसिमले शोषण गर्ने पीडकलाई कानुन बमोजिम दण्ड तथा पीडितलाई उचित क्षतिपूर्तीका लागि दायित्व सहितको विशेष कानुनको तर्जुमा गर्ने व्यवस्था गर्ने । | दलित समुदाय उपर वितगमा राज्यद्धारा गरिएको विभेदको पश्चाताप र भविष्यमा त्यस्तो विभेद नगरिने नहुने कुराको प्रतिवद्धता गरिने उचित हुने भएको यो व्यवस्था गरिएको हो । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| | श्रमको उपयोग गर्न, दास वा बाँधा बनाउन र कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।<br>६. प्रत्येक नागरिकलाई आबास र रोजगारीको हक हुनेछ । यसको लागि राज्यले कानून बनाई व्यवस्थित गर्नेछ ।<br>७. प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन एवं दिगो उपयोग गर्दा स्थानीय समुदायको आवश्यकतालाई प्राथमिकता दिदै त्यस बाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने ।<br>८. आदिवासी, जनजाति, दलित एवं स्थानीय समुदायको आनुवांशिक स्रोत एवं सांस्कृतिक सम्पदा सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, सम्बर्द्धन एवं सुरक्षण गर्ने र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने ।<br>९. प्राकृतिक एवं आर्थिक स्रोतसाधनलाई सीमित व्यक्तिमा केन्द्रित हुन नदिई कुनै पनि जाति, लिङ्ग, वर्ग वा व्यक्ति उपर आर्थिक शोषणहुननदिनेराज्यकोउद्देश्यहुनेछ ।<br>१०.सुकुम्बासी, कमैया, हलिया, हरवा, चरवा, कम्लरी लगायतका आर्थिक सामाजिक रुपले पछाडि पारिएका वा परेका वर्गलाई जग्गा लगायत आर्थिक सामाजिक सुरक्षाको वैकल्पिक व्यवस्था गर्ने नीति लिने । | ४. बेरोजगारी विरुद्धको हक र अनिवार्य तथा समानुपातिक रोजगारीको सुनिश्चितता र बेरोजगारी भत्ता र जीवन निर्वाहका लागि आवश्यक पर्ने न्यूनतम् आयस्रोतको हकको ग्यारेन्टी हुनु पर्छ ।<br>५. राज्यले प्राकृतिक स्रोत र साधनमा पहुँच पुऱ्याउने र सबै तहको सरकारी बजेटमा समानुपातिक हिस्सा छुट्याउने व्यवस्था गर्ने ।<br>६. सबै तहको सरकारी बजेटमा दलित समुदायका लागि कुल बजेटको २५ प्रतिशत बजेट विनियोजनको व्यवस्था गर्ने ।<br>७. दलितको जातीय पेसाको संरक्षण, आधुनिकीकरण गर्न दलित संग्राहलयको व्यवस्था गरी रोयल्टी र अग्राधिकार दिने ।<br>८. राष्ट्रिय सर्वसंचित कोष, राष्ट्रिय प्राकृतिक स्रोत आयोग र राष्ट्रिय वित्तीय आयोगमा दलित समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनुपर्ने । | |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **९.राज्यको शासकीय स्वरुप निर्धारण समिति** | | | |
| **राज्य संरचना** | १. एक कार्यकारी राष्टपति र एक उपराष्टपति प्रत्यक्ष निर्वाचन प्रणाली<br>२. राष्ट्रपतिको उमेदवारले आफ्नो मनोनयन दर्तागर्दा आफुभन्दा अलग राष्टियता, क्षेत्र र लिंगको उपराष्ट्रपतिको उमेदवार प्रस्तावित गर्नुपर्ने<br>३. समानुपातिक समावेशी सिद्धान्तका आधारमा मन्त्रिपरिषदको गठन गर्नुपर्ने (१८ मतप्राप्त प्रस्ताव)<br>४. संघीय दुवै सदन र प्रान्ती सदनका सदस्यहरुद्धारा निर्वाचित एक संवैधानिक राष्टपति र एक उपराष्ट्रपति र संसदीय कार्यकारिणी प्रधानमन्त्री हुने ।<br>५. समानुपातिक समावेशी सिद्धान्तका आधारमा उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरुको नियुक्त गर्ने मन्त्रिपरिषदको गठन गर्नुपर्ने ।<br>६. संसदका दुई तिहाई बहुमतद्धारा निर्वाचित कार्यकारी राष्ट्रपति<br>७. प्रदेशका मुख्यमन्त्रीले समानुपातिक समावेशी सिद्धान्तका आधारमा मन्त्रीहरुको नियुक्ती गर्नुपर्ने<br>८. समानुपातिक समावेशी सिद्धान्तका आधारमा स्थानीय सरकारको गठन गर्नुपर्ने ।<br>९. संघीय, प्रादेशिक र स्थानीय सरकारले आवश्यकता अनुसार विभिन्न सार्वजनिक सेवाहरु (निजामति सेवा, | १. उपराष्ट्रपति, उपप्रधानमन्त्री र उपमुख्यमन्त्रीहरुको संख्या बढाई दलित समुदायको अनिवार्य सहभागिता गराउने ।<br>२. समावेशीको सिद्धान्त मात्रै नभनेर महिला, दलित, आदिवासी जनजाति, मधेशीको स्पष्ट उल्लेख हुनुपर्ने र हरेक तहका मन्त्रीहरुमा दलित समुदायको अनिवार्य समावेशीकरणको व्यवस्था गर्ने ।<br>३. संघीय, प्रान्तीय र स्थानीय निकायको निर्वाचन प्रणाली समानुपातिकताका आधरमा आरक्षण सहितको पुर्ण समानुपातिक नर्वाचन प्रणाली अवलम्बन गर्ने ।<br>४. उपल्लो सदनमा दलित समुदायको समानुपातिक हुने व्यवस्था गर्ने । | हालसम्म राज्य संयन्त्रको उच्च तहमा दलितको प्रतिनिधित्व हुनसकेकाले दलित प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सो विशेष व्यवस्था गरिनु पर्छ । |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| | न्याय सेवा, संसद सेवा, स्वास्थ्य सेवा, शिक्षा सेवा, नेपाली सेना सेवा, नेपाल र सशस्त्र प्रहरी सेवा, संस्थान सेवा) गठन गर्न सक्ने ।<br>१०.स्थानीय निकायको निर्वाचन प्रणाली एकमुष्ट मत प्रणाली र सूचिमा आधारित समानुपातिक प्रणाली ।<br>११. संघीय र प्रादेशिक व्यवस्थापिकाको निर्वाचन एकमुष्ट मत प्रणालीबाट गर्ने ।<br>१२. संघीय र प्रादेशिक व्यवस्थापिकाको निर्वाचन मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट गर्ने ।<br>१३. संघीय र प्रादेशिक व्यवस्थापिकाको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणालीबाट उमेदवारमा समावेशी सिद्धान्तका आधारमा गर्ने ।<br>१४. संघीय माथिल्लो सभाको निर्वाचन ३५ जना प्रान्तबाट बराबरी, १५ जना स्थानीय सरकारको प्रमुख रहेको निर्वाचक मण्डलबाट निर्वाचित हुने र यसमा महिला, दलित, आदिवासी जनजाति, मधेशी र अन्य वर्ग तथा समुदायको समानुपातिक समावेशीका आधारमा निर्वाचित हुनुपर्ने । र ५ जना मनोनित हुने । | | |

| बिषय | प्रस्तावित सवाल | सुझाव | कारण वा पुष्टी |
|---|---|---|---|
| **१०.राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति** | | | |
| **संघीयता** | १. संघ, प्रदेश, स्थानीय तह गरी तीन तहको संरचना ।<br>२. विशेष संरचना (स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र) भएको संरचना ।<br>३. चौध प्रदेशका विभाजन, स्थानीय निकायमा गाउँपालिका र नगरपालिका रहने।<br>४. दलित समुदायलाई सरकार, अर्ध सरकारी उद्योग र औद्योगिक प्रतिष्ठानहरुमा समानुपातिक ढंगले रोजगारीको प्रत्याभूति गरिने ।<br>५. दलितका परम्परागत पेशासंग सम्बन्धित आधुनिक व्यवसायमा दलितलाई प्राथमिकता दिई तदनुसार सीप र स्रोत उपलब्ध गराउने ।<br>६. राज्यले भूमिहीन दलितलाई एकपटकलाई जमिन उपलब्ध गराउने र आवासको समेत व्यवस्था गर्ने ।<br>७. दलित विद्यार्थीलाई प्राथमिक तहदेखि उच्चशिक्षासम्म छात्रवृत्तिसहित निशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक उच्च शिक्षामा दलित विद्यार्थीका लागि कानुनद्धारा विशेष व्यवस्था गरिनेछ ।<br>८. दलितहरुको सामाजिक उत्थानका लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष व्यवस्था गरिनेछ ।<br>९. संघीय, प्रादेशिक र स्थानीय सबै राजनीतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरि संघीय र प्रादेशिक संरचनामा क्रमशः ३ र ५ प्रतिशत थप प्रतिनिधित्वको व्यवस्था कानुनद्धारा व्यवस्थित गरिनेछ ।<br>१०.निजामती सेवा, सेना र प्रहरी लगायतका रोजगारीका अन्य क्षेत्रमा दलितको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि समावेशी र समानुपातिक आधारमा कानुनद्धारा विशेष व्यवस्था गरिनेछ ।<br>११. दलित समुदायले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा पहाडे दलित, मधेशी दलित र दलित महिलाको समानुपातिक प्रतिनिधित्व गराइने छ ।<br>१२. महिलाले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा मधेशी महिला, आदिवासी जनजाति महिला, अल्पसंख्यक र दलित महिलाको समेत समानुपातिक प्रतिनिधित्व गराइने छ ।<br>१३. नेपालमा एक संघीय दलित अधिकार आयोग रहने छ र त्यस्तो आयोग प्रदेशमा पनि गठन गरिनेछ ।<br>१४. महिला तथा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभाव सम्बन्धमा मानव विकास सूचांकको आधारमा प्रत्यक दश बर्षमा गरिने राष्ट्रिय जनगणनासंगै नेपाल सरकारले समिक्षा तथा पुनरावलोकन गर्नेछ । | १. स्थानीय तहलाई जात, जाति, भाषाका आधारमा पुनःसीमांकन गरी दलित बाहुल्य क्षेत्रलाई स्थानीय निकाय बनाइनुपर्ने ।<br>२. विशेष संरचनाभित्रको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रमा समेत दलित इकाइ बन्ने स्पष्ट व्यवस्था गरिनुपर्ने ।<br>३. दलितका परम्परागत पेशासंग अग्राधिकार प्रदान गरि दलितलाई प्राथमिकता रोयल्टीको व्यवस्था गर्ने । अनिवार्य प्रतिनिधित्व, समानुपातिक प्रतिनिधित्व र आरक्षण कुन कुन संरचना र निकायहरुमा लागु हुने स्पष्ट किटानी हुनुपर्ने ।<br>४. निजामती सेवा, सेना र प्रहरी लगायतका रोजगारीका अन्य क्षेत्रमा दलितको क्रमशः १० र १० प्रतिशत थप प्रतिनिधित्वको विशेष व्यवस्था गरिनेछ ।<br>५. दलित समुदायलाई नयाँ बन्ने राज्यप्रति अपनत्व महशुस गर्न गैरभौगोलिक संघीयताको व्यवस्था गर्ने । | दलितको बाहुल्यता रहेको क्षेत्रमा दलितहरुको नेतृत्वलाई सुनिश्चित गर्ने । |

# संविधान निर्माण सहयोगको लागि नागरिक अभियानमा संलग्न नागरिक समाज संघसंस्थाहरु

- **साप–नेपाल एलायन्स**
  **बबरमहल, काठमाडौं, नेपाल**
  **फोन ४२२३२३०/४२२३०५०, इमेलः** sap@ngdo.wlink.com.np, **वऐवसाइटः** www.sapnepal.org.np
- **गैरसरकारी संस्था महासंघ नेपाल**
  **बुद्धनगर, काठमाडौं, नेपाल**
  **फोन ४७८१२१२/४७८२९०८, इमेलः** info@ngofederation.org, **वऐवसाइटः** www.ngofederation.org
- **मानवअधिकार एलायन्स**
  **अनामनगर, काठमाडौं, नेपाल**
  **फोन ४२६४१९२, इमेलः** alliance.nepal@vianet.com.np, **वऐवसाइटः** www.hralliance.org.np
- **सल्भ नेपाल एलायन्स**
  **तिनकुने सुविधानगर, काठमाडौं, नेपाल**
  **फोन ४४६८६९०, इमेलः** solve@hons.com
- **ग्रामीण महिला सिर्जनशिल परिवार एलायन्स**
  **फोनः ०१६२२५४२३, इमेलः** srijansil@gmail.com
- **सामुदायिक वन उपभोक्ता महासंघ नेपाल**
  **बानेश्वर, काठमाडौं, नेपाल**
  **फोन ४४८५२६३, इमेलः** bhola_fecofun@yahoo.com
- **नेपाल अपाङ्ग समाज**
  **अनामनगर, काठमाडौं**
  **फोन ४२१८६७१, इमेलः** nsd2051@yahoo.com, **वऐवसाइटः** nsd.org.np
- **किरात राई यायोक्खा**
  **माहादेवस्थान, कोटेश्वर**
  **फोन ४६०१४३५, इमेलः** kiraya@wlink.com.np

- **नेपाल प्रेस इन्स्टिच्युट**
  **बबरमहल, काठमाडौं, नेपाल**
  **फोन** ४२६४१५५, **इमेलः** chkanal@npiktm.org
- **नेवा दे दबु**
  **ओमवहाल, काठमाडौं**
  **फोन** ४२६७६०५, **इमेलः** daydaboo@wlink.com.np
- **सञ्चारिका समुह**
  **फोनः** ५५३८५४९, **इमेलः** sancharika@wlink.com.np
- **हिमालयन कञ्जरभेसन एण्ड डिभलपमेन्ट एशोशिएशन**
  **हुम्ला, नेपाल**
  **फोन** ९८४१४६७३९७, **इमेलः** hcdahumla@wlink.com.np
- **दलित गैरसरकारी संस्था महासंघ**
  **सानेपा, ललितपुर**
  **फोन** ५५२९०७९, **इमेलः** dnf@dnfnepal.org

## सुझाव दिने पालो अब तपाईंको

## सुझा पेश गर्ने संस्थाहरु

- साप-नेपाल एलायन्स
- गैरसरकारी संस्था महासंघ नेपाल
- मानवअधिकार एलायन्स
- सल्भ नेपाल एलायन्स
- ग्रामीण महिला सिर्जनशिल परिवार एलायन्स
- सामुदायिक वन उपभोक्ता महासंघ नेपाल
- नेपाल अपाङ्ग समाज
- किरात राई यायोक्खा
- नेपाल प्रेस इन्सिष्टच्युट
- नेवा दे दबु
- संचारिका समुह
- हिमालयन कञ्जरभेसन एण्ड डिभलपमेन्ट एशोशिएशन
- दलित गैरसरकारी संस्था महासंघ

सहयोग: सिडा/सिसिओ